रौतामाई गाउँपालिकाको

# शिक्षा योजना

(आ. व. २०८०/२०८१- २०९०/२०९१)




## रौतामाई गाउँपालिका

भुट्टार, उदयपुर

कोशी प्रदेश

नेपाल

## मेरो भनाई

नेपालको कोशी प्रदेश, उदयपुर जिल्लामा पर्ने एक महत्वपूर्ण स्थानीय तहका रुपमा रौतामाई गाउँपालिका रहेको छ । यो गाउँपालिका साविकका ६ वटा गाउँ विकास समिति मिलेर वि. सं. २०७३ साल फागुन २७ गते स्थापना भएको हो । कुल परिवार सङ्ख्या ४,५७२ र कुल जनसङ्ख्या २०,३२४ रहेको यस गाउँपालिकाको क्षेत्रफल २०४.०८ वर्ग कि.मी. रहेको छ । यसको प्रशासकीय केन्द्र भुट्टारमा रहेको छ । यस गाउँपालिकामा ८ वटा वडाहरू रहेका छन् ।

यो गाउँपालिका बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो । नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरू तोकेको छ । यससँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ, जसमा स्थानीय तहले शिक्षासम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तर, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नका लागि उपलब्ध भौतिक, वित्तीय र मानवीय स्रोत साधनको अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै रौतामाई गाउँपालिकाले १० वर्षे गाउँ शिक्षा योजना (२०८०/०८१-२०९०/०९१) निर्माण गरी कायार्न्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । गाउँपालिकाको समग्र विकासका लागि शिक्षा पूर्वाधार हो । शिक्षाको विकास विना गाउँपालिकाको विकासको परिकल्पना पनि गर्न सकिदैन । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात् गरी वर्तमान ऐन, कानून, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, शिक्षा क्षेत्र योजना तथा विभिन्न ऐन, कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुँच स्थापित गरी दक्ष, सकारात्मक सोँच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस क्षेत्रको बहु-पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषणसहित तयार पारिएको यस योजना निर्माणमा तदारुकता देखाउनु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कमर्चारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोलीलगायत यस योजनालाई मूर्त रुप दिन खोज, अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्नुहुने विज्ञ बालकृष्ण गैरे, विद्यालयका प्रधानाध्यापक, शिक्षकलगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूलाई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगका लागि सम्पूर्ण सरोकारवालाहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनका लागि सबैको सहयोगको अपेक्षा पनि गर्दछु । धन्यवाद !

२०८० आश्विन १५

वीरेन्द्र कुमार मगर
अध्यक्ष

## मेरो भन्नु

शिक्षा समाज रुपान्तरणको महत्वपूर्ण माध्यम हो । हाल नेपालले संघीय शासन प्रणाली अवलम्वन गरे सँगै वर्तमान संविधानले स्व:शासन र साझेदारी शासनको परिकल्पना गरेको छ ।स्व:शासनको रुपमा नेपालको संविधानको अनुसूची ८ मा २२ वटा एकल अधिकार रहेका छन जसमा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहको रहेको छ । शिक्षाको जगको रुपमा रहेको माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित ढङ्गले अगाडी बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासका समग्र पक्षहरूमा सकारात्मक प्रभाव पर्ने हुन्छ । अत: यस गाँउपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरी भविष्यमा हामी शैक्षिक क्षेत्रलाई कुन अवस्थासम्म पुर्‍याउने भन्ने ध्येयका साथ यो दस वर्षे आवधिक योजना तयार गरेको छ ।

यस रौतामाई गाँउपालिकाले "कृषि, पर्यटन, विकास र पूर्वाधार: समृद्ध रौतामाई निर्माणको आधार" भन्ने साझा सङ्कल्प राखेको छ, जसलाई पूरा गर्ने एक मात्र आधार भनेको शिक्षा क्षेत्रको विकास नै हो । असल मानव संशाधनको विकासबाट नै भएका प्राकृतिक स्रोत साधन र अवसरको समुचित परिचालन भई समृद्ध पालिका निर्माणमा टेवा पुग्दछ । यसै कुरालाई मध्यनजर गर्दै यस आवधिक योजनामा दिर्घकालिन सोच, लक्ष्य र गन्तव्य के हुने भनी समेटिएको छ ।समग्रमा यस योजनालाई अत्यन्त मिहिन ढङ्गले विश्लेषण गर्दै अत्यन्त उत्कृष्ट योजना बनाउनका लागि हरदम खटनुहुने बालकृष्ण गैरेप्रति हार्दिक आभारी छु ।

यस योजना तयार गर्दा नेपालको वर्तमान संविधानले शिक्षा सम्बन्धमा गरेका प्रावधानहरू, शिक्षासम्बन्धी राष्ट्रिय नीतिहरू, सोह्रौ योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी सकेसम्म व्यवहारिक र कार्यान्वियन योग्य बनाउने प्रयत्न भएको छ । योजना नै समग्र विकास होइन यो त एउटा गन्तव्य निर्माण गर्ने माध्यम मात्र हो । यसर्थ यस योजनाले लिएका सङ्कल्पहरू पूरा गर्न सबै सरोकारवाला वर्गको सकारात्मक सहयोग रहने छ भन्ने अपेक्षा गरेको छु । धन्यवाद !

१५ आश्विन, २०८० ।

जनक वस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## विषय सूची


| शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| योजनाको सारांश | क |
| परिच्छेद एकः परिचय | १ |
| १.१ पृष्ठभूमी | १ |
| १.२ मुख्य समस्याहरू | ५ |
| १.३ चुनौतीहरू | ६ |
| १.४ अवसर | ६ |
| १.५ योजना निर्माण प्रक्रिया | ६ |
| परिच्छेद दुईः सोँच, लक्ष्य, उद्देश्य र रणनीति | ८ |
| २.१ दूरदृष्टि | ८ |
| २.२ लक्ष्य | ८ |
| २.३ उद्देश्य, रणनीति र कार्यनीति | ८ |
| २.४ अपेक्षित उपलब्धि | १९ |
| २.५ मूख्य कार्यसम्पादन सुचक र लक्ष्य निर्धारण | २० |
| परिच्छेद तिनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू | २४ |
| ३.१ बालबिकास र शिक्षा | २४ |
| ३.१.१ परिचय | २४ |
| ३.१.२ वर्तमान अवस्था | २४ |
| ३.१.३ उद्देश्य | २५ |
| ३.१.४ रणनीतिहरू | २५ |
| ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | २६ |
| ३.२ आधारभूत शिक्षा | २८ |
| ३.२.१ परिचय | २८ |
| ३.२.२ वर्तमान अवस्था | २८ |
| ३.२.३ उद्देश्य | २९ |
| ३.२.४ रणनीतिहरू | २९ |
| ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३१ |
| ३.३ माध्यमिक शिक्षा | ३२ |
| ३.३.१ परिचय | ३२ |
| ३.३.२ वर्तमान अवस्था | ३२ |
| ३.३.३ उद्देश्य | ३३ |

| | | |
|---|---|---|
| ३.३.४ | रणनीतिहरू | ३३ |
| ३.३.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३५ |
| ३.४ | पाठ्यक्रम र मूल्याङ्कन | ३६ |
| ३.४.१ | परिचय | ३६ |
| ३.४.२ | वर्तमान अवस्था | ३६ |
| ३.४.३ | उद्देश्य | ३७ |
| ३.४.४ | रणनीतिहरू | ३७ |
| ३.४.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ३९ |
| ३.५ | शिक्षक व्यवस्थापन र विकास | ४१ |
| ३.५.१ | परिचय | ४१ |
| ३.५.२ | वर्तमान अवस्था | ४१ |
| ३.५.३ | उद्देश्य | ४२ |
| ३.५.४ | रणनीतिहरू | ४२ |
| ३.५.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ४३ |
| ३.६ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | ४५ |
| ३.६.१ | परिचय | ४५ |
| ३.६.२ | वर्तमान अवस्था | ४५ |
| ३.६.३ | उद्देश्य | ४५ |
| ३.६.४ | रणनीतिहरू | ४६ |
| ३.६.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ४७ |
| ३.७ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ४९ |
| ३.७.१ | परिचय | ४९ |
| ३.७.२ | वर्तमान अवस्था | ४९ |
| ३.७.३ | उद्देश्य | ४९ |
| ३.७.४ | रणनीतिहरू | ४९ |
| ३.७.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५१ |
| परिच्छेद चारः अन्तरसम्बन्धित विषय क्षेत्रहरू | | ५२ |
| ४.१ | शैक्षिक समता र समावेशीकरण | ५२ |
| ४.१.१ | परिचय | ५२ |
| ४.१.२ | वर्तमान अवस्था | ५२ |
| ४.१.३ | उद्देश्य | ५३ |
| ४.१.४ | रणनीतिहरू | ५३ |
| ४.१.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ५४ |

४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ५६
४.२.१ परिचय ५६
४.२.२ वर्तमान अवस्था ५६
४.२.३ उद्देश्य ५६
४.२.४ रणनीतिहरू ५६
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ५८
४.३ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा ६०
४.३.१ परिचय ६०
४.३.२ वर्तमान अवस्था ६०
४.३.३ उद्देश्य ६०
४.३.४ रणनीतिहरू ६१
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ६२
४.४ विद्यालय भौतिक पूर्वाधार विकास ६३
४.४.१ परिचय ६३
४.४.२ वर्तमान अवस्था ६३
४.४.३ उद्देश्य ६४
४.४.४ रणनीतिहरू ६४
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ६५
४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ६७
४.५.१ परिचय ६७
४.५.२ वर्तमान अवस्था ६७
४.५.३ उद्देश्य ६७
४.५.४ रणनीतिहरू ६७
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ६८
परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन ६९
५.१ संस्थागत क्षमता विकास ६९
५.१.१ परिचय ६९
५.१.२ वर्तमान अवस्था ६९
५.१.३ उद्देश्य ६९
५.१.४ रणनीतिहरू ७०
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण ७१
५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ७२
५.२.१ परिचय ७२

| | | |
|---|---|---|
| ५.२.२ | वर्तमान अवस्था | ७२ |
| ५.२.३ | उद्देश्य | ७२ |
| ५.२.४ | रणनीतिहरू | ७२ |
| ५.२.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ७४ |
| ५.३ | अनुगमन तथा मूल्याङ्कन | ७५ |
| ५.३.१ | परिचय | ७५ |
| ५.३.२ | वर्तमान अवस्था | ७५ |
| ५.३.३ | उद्देश्य | ७६ |
| ५.३.४ | रणनीतिहरू | ७६ |
| ५.३.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ७७ |
| परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन | | ७८ |
| ६.१.१ | परिचय | ७८ |
| ६.१.२ | वर्तमान अवस्था | ७८ |
| ६.१.३ | उद्देश्य | ७८ |
| ६.१.४ | रणनीतिहरू | ७९ |
| ६.१.५ | उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण | ७९ |
| परिच्छेद सातः प्रमुख उपलब्धि सूचकहरू | | ८४ |
| अनुसूचीहरू | | ८७ |




CamScanner

## योजनाको सारांश

उदयपुर जिल्लाका आठ स्थानीय तहमध्ये मध्य उत्तरी भागमा अवस्थित साविकका पोखरी, रौता, आँपटार, भुट्टार, लाफागाउँ र नामेटार गाउँ विकास समितिलाई मिलाएर २०७३ सालमा यो गाउँपालिका बनेको हो। नेपालको संविधान, पन्ध्रौ योजना, दिगो विकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय र प्रादेशिक कानूनको मूल मर्मलाई आत्मसात गरेर शिक्षाको द्रुततर विकासका लागि यो योजना बनाइएको हो।

यस योजनामा गाउँकार्यपालिकाका पदाधिकारी, वडा सदस्य, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी, सामुदायिक सिकाइ केन्द्रका पदाधिकारी, पूर्व शिक्षक तथा प्रधानाध्यापक, बुद्धिजिबी, समाजसेवीलगायत सबै वर्ग र क्षेत्रका सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरेर उनीहरूका सुझावलाई समेट्ने प्रयास गरिएको छ। यसले एकातर्फ योजनालाई सान्दर्भिक र कार्यान्वयन योग्य बनाउन सहयोग पुगेको छ भने अर्कोतर्फ योजनाप्रति सरोकारवालाहरूको अपनत्वमा पनि वृद्धि भएको छ।

यस योजनामा बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र प्राविधिक तथा व्यावसायिक शिक्षासहितका मुख्य विषय क्षेत्रका साथै शैक्षिक समता र समावेशीकरण, दिवा खाजासहित स्वास्थ्य र पोषण कार्यक्रम, आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सुशासन जस्ता शिक्षाका अन्तरसम्बन्धित विषय क्षेत्रलाई अलग अलग शीर्षकमा उद्देश्य, रणनीति तथा कार्यक्रमहरूसहित विस्तृत रूपमा तयार पारिएको छ। योजनाले प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अभिवृद्धि; रौतामाई गाउँपालिकाको समृद्धि दूरदृष्टि निर्धारण गरी सो दुरदृष्टि प्राप्तिका लागि गुणस्तरीय शिक्षाका माध्यमबाट सिर्जनशील, सीपमूलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, नैतिकवान र सक्षम जनशक्ति विकास गर्ने लक्ष्य लिएको छ।

योजनामा निर्धारित उद्देश्यहरू हासिल गर्नका लागि कार्यान्वयन योग्य रणनीति र कार्यनीति निर्धारण गरिएको छ। शिक्षामा समतामूलक समावेशीकरणलाई जोड दिनु यो योजनाको अर्को विशेषता हो। सङ्घीय र प्रदेश सरकारले ससर्त अनुदानका रूपमा निर्धारण गरेका कार्यक्रमका साथै गाउँपालिकाको मौलिक आवश्यकतामा आधारित कार्यक्रमहरू पनि निर्धारण गरिएको छ। बाध्यकारी कानून निर्माण गरेर भएपनि आधारभूत उमेर समूहका कुनै पनि बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चित गर्ने रणनीति तय गरिएको छ। त्यसैगरी, सामुदायिक शिक्षामा स्थानीय शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीको जवाफदेहिता अभिवृद्धि गर्नका लागि आफ्ना बालबालिकाहरूलाई आफ्नै गाउँपालिकाभित्रको सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने कानुनी व्यवस्था गर्ने, कक्षाकोठामा सिकाइ सामग्रीसहित प्रवेश गर्ने र अधिकतम रूपमा आधुनिक सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्नेतर्फ जोड दिइएको छ। आवश्यकता हेरी शिक्षकहरूमा आधुनिक सूचना प्रविधिको उपयोग, योजना निर्माण एवम् कार्यान्वयन, सिकाइ सामग्रीको पहिचान, सङ्कलन, निर्माण र प्रयोगलगायतका विषय क्षेत्रमा दक्षता अभिवृद्धिका लागि क्षमता विकासका कार्यक्रम आयोजना गर्ने कार्यक्रमहरू पनि समावेस गरिएको छ।

CamScanner

योजनालाई कार्यान्वयन गर्न दस वर्षका लागि रू. २,५७,७४,३१,००० लाग्ने अनुमान गरिएको छ। उक्त बजेट सङ्घीय सरकारबाट वर्षेनी प्राप्त हुने ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदानका साथै गाउँपालिकाको आन्तरिक स्रोतबाट जुटाइने छ। यसका साथै यस शिक्षा योजनालाई कार्यन्वयन गर्नका लागि शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्था, बन समूह तथा आमा समूहहरूलगायतका सहयोगी हातहरूबाट पनि ठूलै सहयोगको अपेक्षा गरिएको छ। गाउँपालिकाले पनि आफ्नो बजेटमा क्रमशः वृद्धि गरी कूल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउने छ भने सङ्घीय र प्रदेश सरकारले पनि सोही अनुपातमा शिक्षा क्षेत्रमा बजेट छुट्याउने अपेक्षा गरिएको छ।

योजनालाई २ वर्षमा मध्यावधी मूल्याकन र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गरिने छ। योजनालाई सबै तह र क्षेत्रबाट सहयोग प्राप्त भएमा आधार वर्ष २०७९/०८० को सूचकलाई विभिन्न कार्यक्रमको कार्यान्वयनबाट योजना अवधिको अन्त्यसम्ममा देहायको सूचकगत लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ।

## मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०९०/९१ |
|---|---|---|---|
| १ | **प्रारम्भिक बालबिकास र शिक्षा** | | |
| १.१ | प्रारम्भिक बालबिकास र शिक्षामा कुल भर्नादर (%) | १५८.२ | ११५ |
| १.२ | प्रारम्भिक बालबिकास र शिक्षामा खुद भर्नादर (%) | ७७.९ | ९५ |
| १.३ | न्युनतम योग्यता भएका बालविकासका शिक्षक (%) | ८०.४ | ९५ |
| १.४ | उच्च योग्यता भएका बालविकासका शिक्षक (%) | ७.१ | २० |
| १.५ | बालबिकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका (%) | ५३.२ | १०० |
| १.६ | बालविकास र शिक्षामा आधारभूत तहको तालिम प्राप्त शिक्षक (%) | २५.१ | १०० |
| १.७ | बालविकास र शिक्षामा महिला शिक्षक (%) | १०० | १०० |
| २ | **आधारभूत शिक्षा** | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १५३.८ | ११५ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ८३.८ | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | १३२.४ | ११० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ५८.३ | १०० |
| २.५ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९७ | १ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १०३.९ | १०० |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ४९.१ | १०० |
| २.८ | आधारभूत तह (कक्षा १-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ | १ |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|
| २.९ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | ३६.९ | ५० |
| २.१० | आधारभूत तह कक्षा ५ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ६१.७ | ७५ |
| २.११ | आधारभूत तह कक्षा ५ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५१.५ | ६५ |
| २.१२ | आधारभूत तह कक्षा ५ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५८.७ | ६५ |
| २.१३ | आधारभूत तह कक्षा ८ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ६१.२ | ७० |
| २.१४ | आधारभूत तह कक्षा ८ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५० | ६० |
| २.१५ | आधारभूत तह कक्षा ८ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५८.१ | ६५ |
| २.१६ | आधारभूत तहमा न्युनतम योग्यता प्राप्त शिक्षक (%) | ९५.८ | १०० |
| २.१७ | आधारभूत तहमा माथिल्लो योग्यता प्राप्त शिक्षक (%) | ४३.९ | ५० |
| २.१८ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक (%) | २५.१ | १०० |
| २.१९ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (% | १८.६ | १०० |
| ३ | **माध्यमिक तह** | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादर (%) | ९१.६ | ११० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर (%) | ३२ | ५० |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.२२ | १.१ |
| ३.४ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | १२.५ | २० |
| ३.५ | माध्यमिक तहमा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी (%) | ८.७ | १५ |
| ३.६ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (नेपाली) | ५७.५ | ६५ |
| ३.७ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (गणित) | ३८ | ५० |
| ३.८ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (विज्ञान) | ५६.५ | ६५ |
| ३.९ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (अङ्ग्रेजी) | ५७ | ६५ |
| ४ | **अनौपचारिक तथा आजीवन सिकाइ** | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) | ७४.६ | १०० |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क (५ वर्षभन्दा माथि) | ०.८९ | १ |
| ५ | **सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** | | |
| ५.१ | विद्युत पुगेका विद्यालय (%) | ५३.३ | १०० |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | ३० | १०० |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | ५२.५ | १०० |

CamScanner

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०९०/९१ |
|---|---|---|---|
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | २८:१ | ५:१ |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | ३५.६ | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | २३२.६:१ | ५०:१ |
| ५.७ | सिकाइमा सूचना प्रविधि प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | २५.३ | १०० |
| ६ | **भौतिक पूर्वाधार** | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | ७४.६ | १०० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | १०.२ | ६० |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ८९.८ | १०० |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | ७६.३ | १०० |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | ६७.८ | १०० |
| ७ | **सुशासन तथा व्यवस्थापन** | | |
| ७.१ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा १-५) | १:२.६ | १:३ |
| ७.२ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा १-५) | १:१६.९ | १:२५ |
| ७.३ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा ६-८) | १:२ | १:३ |
| ७.४ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा ६-८) | १:२४.४ | १:३० |
| ७.५ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा १-८) | १:३.६ | १:७ |
| ७.६ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा १-८) | १:१८.९ | १:२५ |
| ७.७ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा ९-१२) | १:२५.६ | १:३० |
| ७.८ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा ९-१२) | १:३.८ | १:७ |
| ७.९ | बालक्लब गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | ८३.३ | १०० |
| ७.१० | रेडक्रस गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | ० | १०० |
| ७.११ | स्काउट गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | १.७ | १०० |
| ७.१२ | सदन गठन भएका विद्यालय (%) | २६.७ | १०० |
| ७.१३ | स्थायी शिक्षक प्रधानाध्यापक भएका सामुदायिक विद्यालय (%) | ५२.५ | ७० |
| ७.१४ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | ६१ | ९० |
| ७.१५ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ८१.४ | १०० |
| ७.१६ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ३३.९ | १०० |

CamScanner

परिच्छेदः एक

परिचय

## १.१ पृष्ठभूमि

उदयपुर जिल्लाका आठ स्थानीय तहमध्ये रौतामाई गाउँपालिका पनि एक हो। यो गाउँपालिका उदयपुर जिल्लाको मध्य उत्तरी भागमा अवस्थित रहेको छ। साविकका पोखरी, रौता, आँपटार, भुट्टार, लाफागाउँ र नामेटार गरी ६ वटा गाउँ विकास समिति मिलेर २०७३ सालमा यो गाउँपालिका बनेको हो। समुन्द्री सतहबाट ३६० देखि २३१० मिटरसम्मको उचाइमा यो गाउँपालिका रहेको छ भने भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ५३ मिनेट ० सेकेण्डदेखि २७ डिग्री ३ मिनेट ५७ सेकेण्ड उत्तरी आक्षांश र ८६ डिग्री ३५ मिनेट १३ सेकेण्डदेखि ८६ डिग्री ४६ मिनेट ० सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। यस गाउँपालिकाको पूर्वमा त्रियुगा नगरपालिका र खोटाङ जिल्ला, पश्चिममा उदयपुरगढी र लिमचुङ्बुङ् गाउँपालिका, दक्षिणमा त्रियुगा नगरपालिका र उदयपुरगढी गाउँपालिका, उत्तरमा खोटाङ जिल्लासँग सिमाना जोडिएको छ। यस गाउँपालिकाको क्षेत्रफल २०४.०८ वर्ग किमी रहेको छ। *(स्रोतः रौतामाई गाउँपालिकाको पारश्वचित्र, २०७५)*

यस गाउँपालिकामा ८ वटा वडाहरू रहेका छन्। यस गाउँपालिकाको केन्द्र गाउँपालिकाको झण्डै बिचको स्थान भुट्टारमा रहेको छ। उदयपुर जिल्लामा प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि २ वटा निर्वाचन क्षेत्रमध्ये यो गाउँपालिका २ नं क्षेत्रमा रहेको छ भने प्रदेश सभा निर्वाचन प्रयोजनका लागि ४ वटा निर्वाचन क्षेत्रमध्ये निर्वाचन क्षेत्र नं. २"क" अन्तर्गत पर्छ।

यस गाउँपालिकाको भूभाग भिरपाखा, वन, खेतीयोग्य जमिन तथा खोला नालाले ओगटेको छ। अधिकांश भूभाग भिरालो रहेको यो गाउँपालिका पहाडी क्षेत्रअन्तर्गत पर्छ। बेंशी क्षेत्र र पहाडका बिच बिचमा कम भिरालो भएका स्थानमा मानव बस्ती रहेको छ। धेरै भिरालोबाहेकका स्थानमा खेतीयोग्य जमीन रहेको छ। यस गाउँपालिकाको बेंशी क्षेत्रमा धान उत्पादन हुन्छ भने अन्य भागमा गहुँ, मकै, कोदो उत्पादन हुन्छ। त्यसैगरी, यस गाउँपालिकाका प्रायः सबै स्थानमा मौसमअनुसारका तरकारी र फलफुल उत्पादन हुन्छ। यहाँ रसुवा खोला, रचने खोला, ओडारे खोला, खारी खोला, हुल्मा खोला, हाँडी खोला, चिस्पा खोला, त्रियुगा खोला, छौडिया खोला, राकुली खोला लगायतका एक दर्जनभन्दा बढी साना ठूला नदी तथा खोलाहरू रहेका छन्।

यस गाउँपालिकामा बेतानी सामुदायिक वन, ठाडाखोला सामुदायिक वन, भगवती सामुदायिक वन, सालडाँडा सामुदायिक वन, काउलेलगायतका सामुदायिक वन रहेका छन्। गाउँपालिकाको कूल क्षेत्रफलको १६.३४ प्रतिशत जमिनमा खेती गरिएको छ। यो गाउँपालिकाको धेरै क्षेत्रमा वनजङ्गल फैलिएको छ। त्यसैगरी, बगर तथा बलौटे जमिन पनि प्रशस्त रहेको छ। यहाँको केही भूभाग झाडी तथा बुट्यानले ओगटेको छ भने पानीले ढाकेको भूमी ०.३८ प्रतिशत रहेको छ। *(स्रोतः रौतामाई गाउँपालिकाको पारश्वचित्र, २०७५)*। यहाँको भूभागको बनोटलाई तल ग्राफमा देखाइएको छ।




घरपरिवार सर्वेक्षण २०७५ अनुसार यहाँको कुल जनसङ्ख्या २५,१०४ रहेको छ भने राष्ट्रिय जनगणना २०७८ का अनुसार यहाँको जनसङ्ख्या २०,३२४ रहेको छ। घरपरिवार सर्वेक्षण, २०७५ मा भन्दा राष्ट्रिय जनगणना २०७८ मा घरधुरी सङ्ख्या ४६८ ले बढेको देखिन्छ भने पुरूष, महिला र जम्मा जनसङ्ख्या क्रमशः ३३८३, १३९७ र ४७८० ले घटेको देखिन्छ। वडागत रूपमा यी २ वटा तथ्याङ्कलाई अनुसूचीमा राखिएको छ। *(स्रोतः घरपारिवार सर्वेक्षण, २०७५ र राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन।)*

उमेरका आधारमा जनसङ्ख्याको स्थिति हेर्दा पाँच वर्षमुनीको जनसङ्ख्या १८१७ रहेको छ भने आधारभूत तह (कक्षा १-५) मा अध्ययन गर्ने उमेर (५-९ वर्ष) का बालबालिका २०१२ जना र १०-१४ वर्षका २२६२ जना रहेका छन्। आगामी ५ वर्षमा गाउँपालिकाले १८१७ जना नयाँ बालबालिकाका लागि विद्यालयमा प्रवेश गराई गुणस्तरिय शिक्षाको व्यवस्था मिलाउनु पर्ने देखिन्छ भने बालबालिकाको सङ्ख्या पनि क्रमशः घट्दै गइरहेको अवस्था छ। लैङ्गिकताका आधारमा विभिन्न उमेर समूहअनुसारको जनसङ्ख्या विवरण अनुसूचीमा राखिएको छ र ग्राफमा तल प्रस्तुत गरिएको छ। *(स्रोतः राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन)।*






CamScanner

यहाँ हिन्दु सँस्कृतिलाई आफ्नो सांस्कृतिक पहिचानको रूपमा अँगालेको यस क्षेत्रको मौलिक संस्कृति र परम्परागत चलनहरूको अनुपम सङ्गम रहेको छ । यहाँ मगर, क्षेत्री, ब्राम्हण, राइ, दलित जातीको मिश्रीत बसोवास रहेको छ । जातिगत रूपमा यस गाउँपालिको जनसङ्ख्यालाई तल ग्राफमा देखाइएको छ भने विस्तृत विवरण अनुसूचीमा राखिएको छ । *(स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।)*




समुदायको प्रतिनिधित्व विद्यालयले गर्छ । त्यसैले यहाँका विद्यालयहरूमा पनि फरक फरक जातजातिका बालबालिकाले अध्ययन गर्छन् भन्ने अनुमान लगाउन सकिन्छ । गाउँपालिकाले सबै जातजातिको संस्कृति, भेषभुषा, रहनसहनको संरक्षण र सम्बर्धन गर्नुपर्ने हुन्छ भने कक्षाकोठामा पनि सबै जातजातिको संस्कृति, रहनसहन र भेषभुषालाई समान महत्वका साथ शिक्षण गर्नुपर्ने हुन्छ ।

यस गाउँपालिकामा बोलिने मातृभाषामा पनि विविधता रहेको छ । यहाँ बसोबास गर्ने व्यक्तिहरूले नेपाली, मगर, चाम्लिङ, तामाङ र राइ भाषा बोल्छन् । यसबाहेक मैथिली, शेर्पा, वान्तवा, भुजेल र गुरूङ भाषा बोल्ने जनसङ्ख्या थोरै थोरै सङ्ख्यामा रहेका छन् । यहाँका सबैभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा नेपाली भाषा हो । जनसङ्ख्याको भाषागत बनोटलाई तल ग्राफमा देखाइएको छ भने विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।*(स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।)*



माथिको ग्राफलाई विश्लेषण गर्दा विद्यालयका कक्षाकोठामा एउटै मातृभाषी विद्यार्थीहरू नभई विभिन्न मातृभाषी विद्यार्थीहरू हुन्छन् भन्न सकिन्छ । त्यसैले विद्यालयहरूले कक्षाकोठामा भाषिक विविधताको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसका साथै गाउँपालिकाले सबै भाषाको सरक्षण र सम्बर्धनमा जोड दिनुपर्ने हुन्छ ।

हिन्दु धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइले चार्डपर्वहरूमा कृष्णाष्टमी, तिज, जनैपुर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन् । चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्छ । भेषभुषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा सुरुवाल, टोपी र कोट तथा महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्छन् । यस गाउँपालिकामा मुख्य रूपमा हिन्दु, बौद्ध र किरात धर्मालम्बीहरूले बसोबास गर्छन् । यस बाहेक क्रिश्चियन, प्रकृति, बहाइ, इश्लाम र अन्य धर्म मान्नेहरू पनि थोरै थोरै रहेका छन् । विभिन्न धर्म मान्ने व्यक्तिहरूको विवरण तल ग्राफमार्फत् देखाइएको छ भने विस्तृत विवरण अनुसूचीमा राखिएको छ । *(स्रोतः राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।)*




माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा गाउँपालिका र विद्यालयले सन्तुलित रूपमा सबै धर्मालम्बीहरूलाई समान महत्व दिएर कार्यक्रमहरू निर्धारण गर्न आवश्यक छ ।

यस गाउँपालिकामा जम्मा ६१ वटा विद्यालहरू रहेका छन्, जसमध्ये ५९ वटा सामुदायिक विद्यालय, एउटा संस्थागत र एउटा धार्मिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ आधारभूत तह ४४ र माध्यमिक १५ वटा विद्यालय छन् भने संस्थागत एउटा विद्यालयमा आधारभूत तह सञ्चालित छ । यस गाउँपालिकाको एउटा विद्यालयमा प्राविधिक धार सञ्चालन भएको छ भने उक्त विद्यालय नमुना विद्यालय पनि हो । यहाँ ४ वटा सामुदायिक अध्ययन केन्द्र र एउटा क्याम्पस रहेको छ । ५६ वटा बालविकास केन्द्र/कक्षामध्ये ५२ वटा सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान पाउने गरी र ४ वटा गाउँपालिकाबाट अनुदान व्यवस्थापन हुनेगरी सञ्चालनमा रहेका छन् । यस गाउँपालिकाभित्रका विद्यालयहरूमा जम्मा ६२२४ जना विद्यार्थी अध्ययनरत छन्, जसमध्ये छात्रा ३१७५ (५१.०१%) र छात्र ३०४९ (४८.९९%) रहेका छन् । गाउँपालिकाको आधारभूत तहमा सहजै देखिने

भर्नादर १२६.११ र खुद भर्नादर ४९.०९ तथा माध्यमिक तहको सहजै देखिने भर्नादर ७५.६६ र खुद भर्नादर २९.६३ रहेको छ। *(स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।)*

यस गाउँपालिभित्रका सामुदायिक विद्यालयमा ३१६ जना शिक्षक, ५६ जना बालविकास शिक्षक र ७५ जना कर्मचारी कार्यरत रहेका छन्। तहगत रूपमा हेर्दा आधारभूत तहमा २६० र प्राविधिक धारसमेत गरी माध्यमिक तहमा ५६ शिक्षकहरू कार्यरत छन् भने संस्थागत विद्यालयतर्फ १४ जना शिक्षकहरू कार्यरत रहेको देखिन्छ। *(स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।)*

यस गाउँपालिकाको ५ वर्ष माथिको जम्मा साक्षरता ७४.६२ प्रतिशत रहेको छ, जसमध्ये पुरुष ८१.१९ प्रतिशत र महिला ६८.३६ प्रतिशत रहेको अवस्था छ। अझ पनि ४६९८ जना निरक्षरहरूलाई साक्षर बनाउने जिम्मेवारी गाउँपालिकाको रहेको छ। साक्षरताको अवस्थालाई तल ग्राफमा देखाइएको छ भने साक्षरताको वडागत विवरण अनुसूचीमा राखिएको छ। *(स्रोतः राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन।)*




केही वर्ष अघिसम्म यस गाउँपालिकामा साक्षरताका कक्षाहरू सञ्चालनमा थिए। साक्षर भैसकेका नवसाक्षरहरूका लागि निरन्तर शिक्षा तह १ र तह २ को व्यवस्था गरिएको थियो तर हाल न साक्षरता कक्षाहरू सञ्चालित छन् न निरन्तर शिक्षाले नै निरन्तरता पाएको छ।

### १.२ मुख्य समस्याहरू

यस रौतामाई गाउँपालिकामा शिक्षाको विकासका लागि उल्लिखित कार्यहरू हुँदा हुँदै पनि यहाँको शैक्षिक क्षेत्रमा धेरै समस्याहरू रहेका छन्। अझ पनि सबै बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न नसकिनु, गुणस्तरमा अपेक्षित रूपमा सुधार नहुनु, प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता बढाउन नसकिनु, शिक्षण सिकाइमा नविनतम शिक्षण प्रविधिको प्रयोग न्युन हुनु, शिक्षालाई व्यवहारिक सिपसँग जोड्न नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि न्युन हुनु, शिक्षकको पेसागत विकासको प्रभावकारी कार्यन्वयन नहुनु, नक्साङ्कनका आधारमा विद्यालय समायोजन र एकीकरण गर्न नसकिनु, कार्यसम्पादन मूल्याङ्कनलाई

शिक्षकको कार्यसम्पादन स्तरसँग जोड्न नसक्नु, विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिन आवश्यक व्यवस्थापन गर्न नसक्नु, शैक्षिक सुशासनको प्रभावकारी रुपमा प्रत्याभुती नहुनु, अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुनु आदि यस गाउँपालिकाका शिक्षा क्षेत्रका प्रमुख समस्याहरू हुन्।

## १.३ चुनौतिहरू

विद्यालयमा मापदण्डबमोजिम शिक्षक तथा कर्मचारी ब्यवस्थापन गर्नु, विद्यालयमा बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री पूर्वाधारको व्यवस्थापन गर्नु, विद्यालयका सबै कक्षाकोठामा नविनतम शिक्षण प्रविधिको व्यवस्थापन गरी शिक्षण गर्नु, आजीवन सिकाइका अवसरहरू सुनिश्चित गर्नु, सार्वजनिक शिक्षाप्रति स्थानीय समुदायको अपनत्व र विश्वास स्थापित गर्नु, स्थानीय तहबाट पूर्ण रूपमा शिक्षक व्यवस्थापन गर्नु आदि यस गाउँपालिकाका चुनौतीहरू हुन्।

## १.४ अवसर

यस गाउँपालिकामा उल्लिखत चुनौतीका बाबजुद प्रशस्त अवसरहरू पनि रहेका छन्। आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानूनी नीतिगत व्यवस्था हुनु, शिक्षा विकासका लागि विभिन्न सङ्घ संस्थाहरूको सहभागिता हुनु, संविधानले शिक्षालाई तिनओटै सरकारको साझा अधिकारभित्र समावेश गरेकाले तिनओटै सरकारले जिम्मेवारी बोध गरी लगानी गर्न सक्ने वातावरण हुनु, विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिनु, सूचना तथा सञ्चार प्रविधिको तीव्र गतिमा विस्तार हुनु, स्थानीय पाठ्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई हुनु, विभिन्न राजनैतिक दल र गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु, कोभिडका कारणले वैकल्पिक माध्यमबाट शिक्षा आर्जनको अभ्यास हुनु यस गाउँपालिकाका शिक्षा क्षेत्रका प्रमुख अवसरहरू हुन्।

## १.५ योजना तर्जुमा प्रक्रिया

नेपालको संविधानले शिक्षालाई स्थानीय तह, प्रदेश तह र सङ्घीय तहको साझा अधिकार क्षेत्रमा राखेको र विद्यालय तहको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। उपलब्ध साधन र स्रोतलाई अधिकतम् उपयोग गरी समय मै लक्ष्य हासिल गर्नका लागि योजनाको आवश्यकता पर्छ। योजना निर्माण प्रक्रिया एक जटिल र चुनौतीपूर्ण कार्य हो। विगतदेखि नै शिक्षा योजना निर्माणको सोँच रहेको थियो र विभिन्न पहलहरू पनि भएका थिए।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले युनेश्को नेपालको आर्थिक सहयोगमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका पूर्व उपसचिवलाई यस गाउँपालिकामा प्राविधिक सहयोगका लागि विज्ञका रूपमा खटाएको थियो। तत्पश्चात् २०८०।०२।०९ मा यस गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीसहितको बैठक बसी गाउँपालिकाका अध्यक्ष श्री बीरेन्द्र कुमार मगरको संयोजकत्वमा ११ सदस्यीय गाउँ शिक्षा योजना सल्लाहकार समिति र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जनक वस्नेतको संयोजकत्वमा ७ सदस्यीय योजना निर्माण समिति गठन गरियो। योजना निर्माण समितिलाई सघाउन ६ वटा उपसमितिहरू पनि गठन गरियो। समिति तथा उपसमितिका पदाधिकारीहरूको विवरण अनुसूचीमा राखिएको छ।

योजना निर्माणका क्रममा ३ वटा कार्यशालाको पनि आयोजना गरिएको थियो । ३ वटै कार्यशालामा अध्यक्षसहित गाउँकार्यपालिकाका पदाधिकारी, वडा सदस्य, प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्क्षय, सामुदायिक सिकाइ केन्द्रका परिचालक, पूर्व प्रधानाध्यापक लगायतको सहभागिता रहेको थियो । पहिलो कार्यशालामा शिक्षा योजनाको परिचय, योजना निर्माण प्रक्रिया र शिक्षा योजनाले सम्बोधन गर्नुपर्ने पक्षका सम्बन्धमा छलफल गरिएको थियो । दोस्रो कार्यशालामा तयार गरिएको मस्यौदा योजनामा छलफल गरी पृष्ठपोषण लिइएको थियो । त्यसैगरी, तेस्रो कार्यशालामा तयार भएको शिक्षा योजनालाई प्रस्तुतीकरण गर्नुको साथै थप सुझाबसमेत लिइएको थियो । योजना निर्माण प्रक्रियामा महिला, दलित, जनजाती, पछाडि परेको वर्ग सबैको समानुपातिक प्रतिनिधित्वको व्यवस्था मिलाइएको थियो । विद्यालय शिक्षाको वास्तविक समस्या र अवस्थाको जानकारी लिनका लागि योजना निर्माण टोली केही विद्यालयमा जानुका साथै प्रधानाध्यापकको बैठकमा पनि छलफल गरिएको थियो । सबैको सुझावलाई मिलाएर योजनालाई अन्तिम रूप प्रदान गरिएको थियो । उक्त योजनालाई गाउँपालिकाबाट अनुमोदन गरी वैधानिकता प्रदान गरिएको थियो ।

## परिच्छेद दुई

## सोंच, लक्ष्य, उद्देश्य र रणनीति

### २.१. दूरदृष्टि

प्रविधिमैत्री, गुणस्तरीय र जीवनोपयोगी शिक्षाको अभिवृद्धि; रौतामाई गाउँपालिकाको समृद्धि ।

### २.२. लक्ष्य

गुणस्तरीय शिक्षाका माध्यमबाट सिर्जनशील, सीपमूलक, प्रतिस्पर्धी, नवप्रवर्तनशील, नैतिकवान र सक्षम जनशक्ति विकास गर्ने ।

### २.३. उद्देश्य, रणनीति र कार्यनीति

यस गाउँ शिक्षा योजनाका उद्देश्य, रणनीति र कार्यनीति देहायबमोजिम रहेका छन् :

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| १. सबै बालबालिकाको आधारभूत र माध्यमिक शिक्षामा पहुँच, सहभागिता र उच्च गुणस्तर सुनिश्चित गर्नु, | १. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन र एकीकरण गर्ने। | १. जनसाङ्ख्यिक बनोट र भौगोलिक अवस्थाका आधारमा विद्यालयको नक्साङ्कन गरी विद्यालय सार्ने, गाभ्ने र समायोजन गरिने छ। |
| | | २. बसाइ सराइलगायतका कारणले बालबालिकाको सङ्ख्या घट्दै गइरहेको यथार्थतालाई मध्येनजर गरी बाटोघाटोको उचित व्यवस्था भएको स्थानमा हब स्कूल (Hub School)* स्थापना गरिने छ। यसका लागि विद्यालयहरूमा लागत साझेदारीमा सवारी साधनको व्यवस्था गरिने छ। |
| | | ३. बाटोघाटोको राम्रो प्रबन्ध नभएका स्थानमा विद्यालयहरूले एक आपसमा असल अभ्यासहरूको कार्यान्वयनका लागि सहयोग आदान प्रदान गर्ने वातावरण मिलाइने छ। |
| | २. गाउँपालिकाबाट प्रदान गर्ने सेवासँग जोडेर आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय शिक्षामा पहुँच र निरन्तरता दिनै पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने। | ४. आधारभूत विद्यालय उमेर समूहका आफ्ना परिवारका बालबालिकालाई विद्यालय भर्ना र निरन्तरता नगराउने अभिभावकलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा कटौतिसमेत गर्न सकिने गरी कानून निर्माण गरिने छ र अभिभावकहरूलाई बोध गराउन जागरण कार्यक्रम सञ्चालन गरिने छ। |
| | ३. विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार गर्न प्रयोगात्मक सिकाइका साथै प्रोत्साहन, उत्प्रेरणा, र मनोरञ्जनात्मक वातावरणको विकास गर्ने। | ५. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, गणितलगायत अरू विषयगत प्रयोगशालाका साथै पुस्तकालयको व्यवस्था गरिने छ। |
| | | ६. उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहनस्वरूप पुरस्कार र प्रसंशापत्र प्रदान गर्ने व्यवस्था मिलाइने छ। |
| | | ७. सबै किसिमको सिकाइ शैली भएका बालबालिकालाई समेट्न बहु सिकाइ विधिको उपयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ८. "एक विद्यालय एक बालबगैंचा" कार्यक्रमलाई कार्यान्वयन गरी हरित विद्यालयको अवधारणाअनुरूप विद्यालय वातावरणमा सुदृढीकरण गरिने छ। |
| | | ९. संस्थागत विद्यालयमा गुणस्तर कायम गर्न नियमित अनुगमन गरिने छ। |
| | ४. कार्यसम्पादन स्तरका आधारमा सम्बद्ध जनशक्तिलाई प्रोत्साहन र दण्ड प्रदान गर्ने नीतिलाई कार्यान्वयन गर्ने। | १०. गुणस्तर मापनका सूचकको आधारमा विद्यालयहरूको श्रेणी निर्धारण तथा स्तरोन्नतीका लागि सहयोग गरिने छ। |
| | | ११. उच्च कार्यसम्पादन स्तर भएका प्रधानाध्यापक र शिक्षकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार तथा सम्मानपत्र एवम् प्रसंशा पत्र प्रदान गरिने छ र कार्यसम्पादन स्तर न्युन भई सुधार गर्न नसक्ने शिक्षक तथा प्रधानाध्यापकलाई नसियत दिने व्यवस्था गरिने छ। |
| | ५. STEAM शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गर्ने। | १२. विद्यालयहरूमा STEAM Approach को प्रयोग गरी शिक्षण गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सक्षम बनाइने छ। |
| | | १३. सङ्घ र प्रदेश सरकारको सहयोगमा STEAM Lab को व्यवस्था गरी STEAM शिक्षालाई प्रवर्द्धन गरिने छ। |
| | | १४. STEAM Education लाई कार्यान्वयन गर्न विद्यालयहरूमा शिक्षक र विद्यार्थीहरूको समिति गठन गरिने छ। |
| | | १५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्दा STEAM Approach लाई जोड दिइने छ। |
| २. नविनतम विधि र प्रविधिसमेतको प्रयोग | ६. शिक्षालाई प्रविधिसँग जोड्न इन्टरनेटको पहुँच विस्तार गरी शिक्षणमा नविनतम् विधि एवम् प्रविधिको | १६. विभिन्न सङ्घसस्था, विद्यालय र गाउँपालिकाको लागत साझेदारीमा विद्यालयहरूमा Broadband Internet को सुविधा विस्तार गरिने छ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| गरी पाठ्यक्रमले निर्धारण गरेबमोजिमका सिकाइ उपलब्धि पूरा गर्नु, | माध्यमबाट शिक्षण गर्ने। | १७. सूचना प्रविधिको प्रयोग गर्दै बालमैत्री कक्षाकोठालगायत सिकाइ वातावरणमा सुधार गरिने छ। |
| | ७. सबै विद्यालयहरूमा स्मार्ट शैक्षिक कार्यक्रमको कार्यान्वयन गर्ने। | १८. विद्यालयहरूमा सिसिटिभी, इ-हाजिरी, इन्ट्याक्टभ बोर्ड लगायतका प्रविधिमा आधारित डिजिटल उपकरणहरूको व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ। |
| | | १९. विद्यालयका गतिविधि गाउँपालिकासम्म र गाउँपालिकाको निर्देशन विद्यालयसम्म स्वचालित रूपमा पुऱ्याउन शैक्षिक पोर्टल र एप्स निर्माण गरी कार्यान्वयनमा ल्याइने छ। |
| | | २०. विद्यालयहरूमा इ-पुस्तकालयको व्यवस्था गरी विद्यार्थी र समुदायको सिकाइ केन्द्रका रूपमा विकास गरिने छ। |
| | | २१. लागत साझेदारीमा एक शिक्षक एक ल्यापटपको व्यवस्था मिलाइने छ। |
| | | २२. साझेदारीमा विद्यालयमा अक्षयकोष स्थापना गरी व्याजबाट विभिन्न साधन तथा उपकरण मर्मत सम्भार गर्ने व्यवस्था गरिने छ। |
| | | २३. सूचना प्रविधिको उपयोग गरी विद्यार्थी र विद्यालयका बिचमा सूचना आदान प्रदान गर्ने कार्यलाई सिकाइसँग जोडी कार्यान्वयनमा ल्याइने छ। |
| | ८. योजनावद्ध शिक्षण संस्कृतिको विकास गर्ने। | २४. सबै शिक्षकहरूले आफुले अध्यापन गर्ने सबै कक्षा र विषयको वार्षिक शैक्षणिक योजना र शिक्षण सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ। |
| | | २५. शिक्षकलाई सिकाइ सामग्रीको निर्माण र प्रयोगमा उत्प्रेरित गरिने छ। |
| | | २६. गाउँपालिकामा पूर्व कर्मचारी, अवकासप्राप्त शिक्षक र अनुभवी पेसाकर्मी |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | लगायतका व्यक्तिहरूको रोष्टर सूची तयार पारी हरेक विद्यालयमा पठाइने छ। विद्यालयले आवश्यक भए थपसमेत गरी स्रोत शिक्षकका रूपमा उपयोग गर्ने व्यवस्था मिलाइने छ। |
| | | २७. समयानुकूल आफ्नो पेसागत दक्षतालाई अद्यावधीकरण गर्न नसक्ने र २० वर्ष स्थायी सेवा तथा ५० वर्ष उमेर पूरा भएका शिक्षकलाई गोल्डेन ह्यान्सेक कार्यक्रम कार्यान्वयन गरी सक्षम जनशक्ति व्यवस्थापन गरिने छ। |
| | ९. पाठ्यक्रमले व्यवस्था गरेबमोजिमको ढाँचामा विद्यार्थीहरूको नियमित मूल्याङ्कन गरी सिकाइ सुधारमा उपयोग गर्ने। | २८. पाठ्यक्रमले निर्धारण गरेबमोजिमको ढाँचामा निर्माणात्मक, निर्णयात्मक र निदानात्मक मूल्याङ्कन तथा उपचारात्मक शिक्षण गरी सिकाइमा सुधार गरिने छ। |
| | | २९. सिकाइमा सुधार गर्न निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिने छ। |
| | १०. स्थानीय पाठ्यक्रममा आधारित सिकाइ सामग्री विकास गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | ३०. सम्भव हुने कक्षा, विषय र पाठमा कक्षाका सम्पूर्ण विद्यार्थीका हातहातमा सामग्री पुर्‍याई गरेर सिक्ने वातावरणको निर्माण गरिनेछ र स्थानीय पाठ्क्रममा आधारित सिकाइ सामग्री विकास गरी वितरण गरिने छ। |
| | ११. पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको प्रभावकारी प्रयोगमा जोड दिने। | ३१. सबै शिक्षकहरूलाई पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको मुद्रित वा डिजिटल प्रति उपलब्ध गराउने व्यवस्था मिलाइने छ। |
| | | ३२. शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवम् सृजनात्मक पक्षलाई ध्यान दिई तद्अनुरूप विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोँच विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | १२. सह तथा अतिरिक्त कार्यकलापलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी कार्यान्वयन गर्ने। | ३३. सह तथा अतिरिक्त कार्यकलाप योजना निर्माण गरी विद्यार्थीको तह, लिङ्ग र अपाङ्गताका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ। |
| ३. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु, | १३. नक्साङ्कनका आधारमा बालबिकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने। | ३४. हरेक विद्यालयमा प्रारम्भिक बालबिकास कक्षा सञ्चालन गरिनेछ र आवश्यकताका आधारमा समुदायमा आधारित बालविकास केन्द्रको पनि स्थापना गरिने छ। |
| | | ३५. सबै बालविकास कक्षा, बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्रहरू निर्धारित एउटै मापदण्डका आधारमा सञ्चालनको व्यवस्था मिलाइनेछ। |
| | | ३६. एक वडा एक नमुना बालविकास कक्षा/केन्द्र को व्यवस्था गरिने छ। |
| | | ३७. बालबालिकाको सिकाइ अनुकूलको बसाइ व्यवस्थापन गरिने छ। |
| | | ३८. नीतिगत व्यवस्था गरी सबै बालबिकास उमेर समूहका बालबालिकाका लागि अनिवार्य गरिने छ । |
| | १४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने। | ३९. प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाका लागि सिकाइ सामग्री, खेल सामग्री र मनोरञ्जन सामग्री व्यवस्था गरी बालमैत्री शिक्षण गरिने छ। यसका लागि आवश्यकताअनुसार लागत साझेदारीको नीति पनि अवलम्बन गरिने छ। |
| | | ४०. प्रधानाध्यापक, शिक्षक र बालबालिकालगायतलाई प्रविधिमैत्री तालिम सञ्चालन गर्न गाउँपालिकामा एउटा अत्याधुनिक तालिम हलको व्यवस्था गरिने छ। |
| | | ४१. बालबालिकाको प्रारम्भिक बालविकास र शिक्षामा पहुँच सुनिश्चित गर्न र बालबालिकाको र्सवाङ्गीण विकासका निमित्त आमा समूह गठन गरी सचेतना कार्यक्रम सञ्चालन गरिने छ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ४२. एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गरिनेछ। |
| | | ४३. नयाँ नियुक्ति पाएका बालविकासका शिक्षकलाई लामो अवधि र अन्यलाई छोटो अवधिको प्रविधिमा आधारित मन्टेश्वरी तालिमको व्यवस्था गरिनेछ। |
| | | ४४. विद्यालयमा जङ्कफुड निःशेष गरी स्थानिय उत्पादनमा आधारित स्वस्थ र पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई अझ व्यवस्थित बनाइने छ। |
| | | ४५. बालबालिकाको स्तर अनुसारका रमाइला पुस्तकसहितको बुक कर्नर तथा अन्तर्क्रियात्मक सामग्रीका माध्यमबाट सिकाउने वातावरण मिलाउनुका साथै घर फर्कँदा झोलारहित रूपमा फर्कने व्यवस्था मिलाइने छ। |
| | | ४६. शुक्रवारलाई किताव रहीत शिक्षण गर्ने दिनका रूपमा उपयोग गरिने छ। |
| | | ४७. बालविकासका शिक्षकहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। |
| ४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गरी स्वरोजगारमा लाग्न सक्ने सक्षम नागरिक तयार गर्नु, | १५. माध्यमिक विद्यालयमा एक विद्यालय एक उद्यम र पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन गर्ने। | ४८. लागत साझेदारीमा माध्यमिक विद्यालयमा विद्यालय क्षेत्रको अनुकूलता हेरी एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ४९. लागत साझेदारीमा माध्यमिक तहका विद्यार्थीहरूका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने छ। |
| | | ५०. वैदेशिक रोजगारबाट फर्किएका युवाको ज्ञान र सिप पहिचान गरी त्यसलाई उपयोग गर्न एक घर एक प्राविधिक जनशक्ति कार्यक्रम सञ्चालन गरिने छ। |
| | १६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा | ५१. प्राविधिक धारको विद्यालय थप गर्न सम्बन्धित निकायमा पहल गरिने छ। |
| | | ५२. भर्ना प्रक्रियामा गाउँपालिकाको सबै वडालाई समानुपातिक रूपमा समेटी |

| उद्देश्य | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | पहुँच विस्तार गरी आकर्षण बढाउने । | प्राविधिक धारतर्फको साधन र स्रोतलाई अधिकतम उपयोग गर्दै पूरा क्षमतामा सञ्चालन गरिने छ। |
| | | ५३. समावेशी सहभागितालाई जोड दिई लागत साझेदारीमा सिपमूलक तालिम सञ्चालन गरिने छ र तालिम प्रदायक संस्थालाई तालिम सञ्चालनका लागि उत्प्रेरित गरिने छ। |
| | १७. प्राविधिक शिक्षा र सिपमूलक तालिममा पिछडीको वर्ग, क्षेत्र र समूदायलाई समेट्न विभिन्न सहुलियत प्रदान गर्ने। | ५४. पिछडिएको वर्ग, क्षेत्र र समूहलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमूलक तालिममा समेट्न छात्रवृत्ती लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ। |
| ५. शिक्षकको पेसागत विकास एवम् व्यवस्थापन गर्नु, | १८. विद्यार्थी अनुपात, तह र विषयका आधारमा शिक्षकको व्यवस्थापन गर्ने। | ५५. शैक्षिक योग्यता, तालिम, विद्यालय सुधार कार्ययोजना र कार्यसम्पादन स्तर लगायतका कार्यक्षमताका आधारमा प्रधानाध्यापक नियुक्ती गर्न कार्यविधीको विकास गरी कार्यान्वयन गरिने छ। |
| | | ५६. विद्यार्थी सङ्ख्या, शिक्षक सङ्ख्या र विषयका आधारमा शिक्षकहरूको समायोजन गरिने छ। |
| | १९. शिक्षक स्वयम्समेतलाई जिम्मेवार बनाउँदै शिक्षकमा सूचना तथा सञ्चार प्रविधिलगायतका पेसागत सक्षमताको विकास गर्ने। | ५७. विद्यार्थीको उपलब्धि स्तर र आफ्नो पेसागत दक्षता अभिवृद्धि गर्नका लागि शिक्षकहरूलाई शैक्षिक अनुसन्धान गर्ने संस्कारको विकास गरिने छ। |
| | | ५८. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी शिक्षण गर्न सक्ने दक्षताको अभिवृद्धि गरिने छ। |
| | | ५९. तालिम, स्वमूल्याङ्कन, स्वअध्ययन, पेसागत सञ्जाल र शिक्षण परामर्शलगायतका शिक्षक पेसागत दक्षता अभिवृद्धिका उपाय कार्यान्वयन गरिने छ। |
| ६. बालमैत्री, | २०. भौतिक र शैक्षिक वातावरण बालमैत्री, | ६०. मौजुदा भौतिक संरचनाहरूलाई सुधार गर्ने र नयाँ बन्ने संरचनाहरूलाई बालमैत्री, |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| किशोरीमैत्री, अपाङ्गतामैत्री र प्रविधिमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्नु, | अपाङ्गतामैत्री र किशोरीमैत्री बनाउने। | किशोरीमैत्री र अपाङ्गतामैत्री बनाइने छ। |
| | | ६१. विद्यालयबाट भौगोलिक दुरी टाढा भएका वस्तीका बालबालिका र अनाथ तथा अति विपन्न बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन गरिने छ। छात्रावासमा खाने र वस्ने व्यवस्थाका लागि लागत साझेदारीको नीतिलाई कार्यान्वयन गरिने छ। |
| | | ६२. एक विद्यालय एक नर्स तथा एक विद्यालय एक स्वास्थ्य फोकल पर्सनको व्यवस्था गरिने छ। |
| | | ६३. विद्यालयहरूमा बालक्लब, स्काउट, सदन र आमासमूह र अभिभावकहरूलाई सङ्गठित गरी सक्रियतापूर्वक परिचालन गरिने छ। |
| | २१. अपाङ्गताको प्रकृतिका आधारमा समावेशी शिक्षा तथा वैकल्पिक शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने। | ६४. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श गराइने छ। |
| | | ६५. अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यकताअनुसार वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सहज जीवन यापनका लागि जीवनोपयोगी सिप लगायतका अवसरहरू उपलब्ध गराइने छ। |
| ७. अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु, | २२. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने। | ६६. हरेक वडामा कम्तिमा एक सामुदायिक सिकाइ केन्द्रको व्यवस्था गरिने छ। |
| | | ६७. समुदाय परिचालकको आधुनिक सूचना प्रविधिलगायतका क्षेत्रमा क्षमता विकास गरिने छ। |
| | | ६८. सामुदायिक पुस्तकालयको व्यवस्थापन र सूचना केन्द्रको थप जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई प्रदान गरिने छ। |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ६९. सामुदायिक सिकाइ केन्द्रमा पुस्तकालय, इ-पुस्तकालय, योगा केन्द्रलगायतको व्यवस्था गरी समुदायको अध्ययन तथा सूचना केन्द्रका रूपमा विकास गरिने छ । |
| | | ७०. सामुदायिक सिकाइ केन्द्रमा अनुभव आदानप्रदानका साथसाथै ज्ञान र सिपको पुस्तान्तरणका कार्यक्रम सञ्चालन गरिने छ । |
| | २३. जीवनोपयोगी एवम् सिपमूलक तालिमको व्यवस्था गर्ने । | ७१. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिका तथा युवाहरूका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ७२. सम्बन्धित विषयगत शाखासँगको समन्वयमा जीवनोपयोगी एवम् सिपमूलक तालिमको व्यवस्था गरी आयआर्जन बढाउन सहयोग गरिने छ । |
| | | ७३. समुदायकै अनुभवी व्यक्तिहरूको सहयोगमा जीवन जिउने कला, गृहिणी, जीवनोपयोगी शिक्षालगायतका विषयमा अनुभव आदान प्रदान गर्ने वातावरण मिलाइने छ । |
| | २४. इलर्निङसमेतका आधारमा साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने । | ७४. निरक्षरहरूको नामावली सङ्कलन गरी विभिन्न संघसंस्थाहरू, सामुदायिक सिकाइ केन्द्र, घरपरिवार र माध्यमिक तहका विद्यार्थीलाई परिचालन गरी साक्षर बनाइने छ । |
| | | ७५. औपचारिक शिक्षाको अवसर नपाएका युवाका लागि वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । |
| | | ७६. अनौपचारिक र अरितिक माध्यमबाट सिकेको ज्ञानको परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइने छ । |
| ८. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बद्ध निकाय तथा | २५. अभिभावक, शिक्षक अभिभावक सङ्घ, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको क्षमता विकास गरी शैक्षिक विकास एवम सुशासनका लागि जिम्मेवार | ७७. न्युनतम सिकाइ उपलब्धि हासिल गराउन नियमित रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापकप्रति र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही बनाइने छ । |

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| सरोकारवालाहरू र सम्पूर्ण शिक्षण संस्थामा सुशासन कायम गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा सुधार गर्नु, | बनाउने। | ७८. विद्यालय कर्मचारीहरूमा पनि डिजिटल साक्षरताको विकास गरिने छ। |
| | २६. विद्यालयहरूसँग कार्यसम्पादन करारको रणनीतिलाई अझ प्रभावकारी बनाउने। | ७९. सबै विद्यालयका प्रधानाध्यापकहरूलाई गाउँपालिकाले र सबै शिक्षकहरूलाई प्रधानाध्यापकले कार्यसम्पादन करार गराउने कार्यलाई अझ प्रभावकारी बनाइने छ। |
| | २७. जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकहरूलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा संलग्नता बढाउने। | ८०. जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकका छोराछोरीहरूलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिने छ। |
| ९. आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यन्वयन गर्नु, | २८. आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन प्रतिकार्य योजना निर्माण गरी अभ्यास र आवश्यक तयारी गर्ने। | ८१. विपत् जोखिम न्युनीकरणको क्षेत्रमा कार्य गर्ने संघ संस्था र निकायहरूसँग समन्वय गरी वडा र विद्यालय तहसम्म संयन्त्रको व्यवस्था गरिने छ। |
| | | ८२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत्को पूर्वानुमान गरी यस्तो अवस्थामा शिक्षालाई निरन्तरता दिन पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी योजना निर्माण गरी आवश्यक तयारी र अभ्यास गराइने छ। |
| १०. नतिजामा आधारित सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्नु, | २९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने। | ८३. सहभागितामूलक समूह सुपरीवेक्षणको व्यवस्था मिलाइने छ। |
| | | ८४. शिक्षक सहायताका लागि सुपरीवेक्षण गरिने छ। |
| | ३०. सम्बन्धित निकायबाट नतिजामुखी नियमित सुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन गर्ने। | ८५. सूचकमा आधारित अनुगमन तथा निरीक्षण गरिने छ। |

**हब स्कूल (Hub School):** यातायातको सुविधा भएको क्षेत्रका विद्यालयहरूलाई समायोजन गरी पायक पर्ने स्थानमा पढाउने व्यवस्था मिलाइएको विद्यालय।

**स्मार्ट कक्षाकोठा:** आधुनिक सूचना प्रविधिका साधनसहितको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गर्न सकिने कक्षाकोठा। यस्तो कक्षाकोठामा आधुनिक सूचना प्रविधिका साधनहरूको व्यवस्था गरिएको हुन्छ।

## २.४. अपेक्षित उपलब्धि

१. विद्यालय शिक्षा उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भई कम्तिमा आधारभूत शिक्षा पूरा गरेका हुने छन्।

२. विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा बढी हुने छ।

३. उच्च कार्यसम्पादन स्तर भएका शिक्षक, प्रधानाध्यापक र विद्यालयले पुरस्कार एवम् प्रसंशापत्र प्राप्त गरी अभिप्रेरित भएका हुने छन्।

४. समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा STEAM शिक्षा कार्यान्वयन भई विद्यार्थीहरूले एकीकृत रूपमा व्यवहारिक ज्ञान र सिप हासिल गरेका हुने छन्।

५. कम्तिमा ५० प्रतिशत विद्यालयहरू स्मार्ट विद्यालय र कम्तिमा ६० प्रतिशत कक्षाकोठाहरू स्मार्ट कक्षाकोठाका रूपमा विकास भएका हुने छन्।

६. शिक्षकहरूले पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, शैक्षणिक सामग्रीको अधिकतम उपयोग गर्दै शिक्षण गर्नुका साथै आधारभूत तहका सबै कक्षामा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ।

७. नियमित सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन भई ९० प्रतिशतभन्दा बढी विद्यार्थीले भाग लिने अवसर प्राप्त गरेका हुने छन्।

८. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी गुणस्तरीय सिकाइको अवसर प्राप्त गरेका हुने छन्।

९. प्राविधिक शिक्षा र सिपमूलक तालिममा पिछडिएको वर्ग, क्षेत्र र समुदायका व्यक्तिहरूको समतामूलक पहुँच हुनुका साथै विद्यार्थीहरूमा व्यावसायिक सोँचको विकास भएको हुने छ।

१०. सबै विद्यालयहरूमा न्युनतम मापदण्ड पूरा भएको हुने छ।

११. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित र रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ।

१२. विद्यालय, कक्षाकोठा र सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री, भयरहीत र प्रतिस्पार्धात्मक हुनुका साथै सबै किसिमका अपाङ्गता भएका बालबालिका र पिछडिएका वर्ग, समूह तथा लिङ्गका बालबालिकालाई समतामूलक सहभागितासहित सिकाइको सुनिश्चितता भएको हुने छ।

१३. सबै निरक्षरहरू साक्षर हुने र औपचारिक शिक्षाको अवसरबाट बञ्चित समूहले सिकाइ अवसर प्राप्त गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरू आजीवन सिकाइ थलोका रूपमा विकास भएका हुने छन्।

१४. आफ्ना छोराछोरीहरूलाई गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराई जनप्रतिनिधी, स्थानीय कर्मचारी र स्थानीय शिक्षकहरू सामुदायिक शिक्षाको गुणस्तर सुधारका लागि थप जिम्मेवार भएका हुने छन्।



CamScanner

१५. गाउँपालिका, वडा कार्यालय र विद्यालयहरू विपत्को समयमा पनि शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक योजनासहित तयारी अवस्थामा रहेका हुने छन् ।

१६. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन संयन्त्रका माध्यमबाट नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

१७. सार्वजनिक शिक्षाप्रति समुदायको आकर्षण बढ्नुका साथै विश्वास कायम भएको हुने छ ।

## २.५ मूख्य कार्यसम्पादन सुचक र लक्ष्य निर्धारण

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०८२/८३ | ०८४/८५ | ०९०/९१ |
|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालबिकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालबिकास र शिक्षामा कुल भर्नादर (%) | १५८.२ | १४५ | १३५ | ११५ |
| १.२ | प्रारम्भिक बालबिकास र शिक्षामा खुद भर्नादर (%) | ७७.९ | ८२ | ८६ | ९५ |
| १.३ | न्युनतम योग्यता भएका बालविकासका शिक्षक (%) | ८०.४ | ८२ | ८६ | ९५ |
| १.४ | उच्च योग्यता भएका बालविकासका शिक्षक (%) | ७.१ | १० | १४ | २० |
| १.५ | बालबिकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ५३.२ | ६५ | ८० | १०० |
| १.६ | बालविकास र शिक्षामा आधारभूत तहको तालिम प्राप्त शिक्षक (%) | २५.१ | ४० | ६० | १०० |
| १.७ | बालविकास र शिक्षामा महिला शिक्षक (%) | १०० | १०० | १०० | १०० |
| २ | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १५३.८ | १४५ | १३० | ११५ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ८३.८ | ८६ | ९० | १०० |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | १३२.४ | १२८ | १२० | ११० |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ५८.३ | ६५ | ८५ | १०० |
| २.५ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९७ | ०.९८ | ०.९९ | १ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | १०३.९ | १०३ | १०२ | १०० |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ४९.१ | ६० | ७५ | १०० |
| २.८ | आधारभूत तह (कक्षा १-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९६ | ०.९७ | ०.९८ | १ |
| २.९ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | ३६.९ | ४० | ४२ | ५० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०८२/८३ | ०८४/८५ | ०९०/९१ |
| --- | --- | --- | --- | --- | --- |
| २.१० | औसत सिकाइ उपलब्धि (कक्षा ५, नेपाली) (%) | ६१.७ | ६४ | ६८ | ७५ |
| २.११ | औसत सिकाइ उपलब्धि (कक्षा ५, गणित) (%) | ५९.५ | ६१ | ६२ | ६५ |
| २.१२ | औसत सिकाइ उपलब्धि (कक्षा ५, अङ्ग्रेजी) (%) | ५८.७ | ६० | ६२ | ६५ |
| २.१३ | औसत सिकाइ उपलब्धि (कक्षा ८, नेपाली) (%) | ६१.२ | ६३ | ६६ | ७० |
| २.१४ | औसत सिकाइ उपलब्धि (कक्षा ८, गणित) (%) | ५० | ५२ | ५४ | ६० |
| २.१५ | औसत सिकाइ उपलब्धि (कक्षा ८, अङ्ग्रेजी) (%) | ५८.१ | ५९ | ६१ | ६५ |
| २.१६ | आधारभूत तहमा न्युनतम योग्यता प्राप्त शिक्षक (%) | ९५.८ | ९६ | ९७ | १०० |
| २.१७ | आधारभूत तहमा माथिल्लो योग्यता प्राप्त शिक्षक (%) | ४३.९ | ४५ | ४७ | ५० |
| २.१८ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक (%) | २५.१ | ४० | ६० | १०० |
| २.१९ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | १८.६ | ४० | ६० | १०० |
| ३ | **माध्यमिक तह** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादर (%) | ९१.६ | ९३ | ९५ | ११० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर (%) | ३२ | ३५ | ४० | ५० |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.२२ | १.२० | १.१५ | १.१ |
| ३.४ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | १२.५ | १४ | १६ | २० |
| ३.५ | माध्यमिक तहमा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी (%) | ८.७ | ९ | ११ | १५ |
| ३.६ | औसत सिकाइ उपलब्धि (कक्षा १०, नेपाली) (%) | ५७.५ | ५९ | ६१ | ६५ |
| ३.७ | औसत सिकाइ उपलब्धि (कक्षा १०, गणित) (%) | ३८ | ४१ | ४४ | ५० |
| ३.८ | औसत सिकाइ उपलब्धि (कक्षा १०, विज्ञान) (%) | ५६.५ | ५८ | ६० | ६५ |
| ३.९ | औसत सिकाइ उपलब्धि (कक्षा १०, अङ्ग्रेजी) (%) | ५७ | ५९ | ६१ | ६५ |
| ४ | **अनौपचारिक तथा आजीवन सिकाइ** | | | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) | ७४.६ | ७७ | ८४ | १०० |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क (५ वर्षभन्दा माथि) | ०.८९ | ०.९२ | ०.९५ | १ |
| ५ | **सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** | | | | |
| ५.१ | विद्युत पुगेका विद्यालय (%) | ५३.३ | ६० | ७५ | १०० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०८२/८३ | ०८४/८५ | ०९०/९१ |
|---|---|---|---|---|---|
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | ३० | ५५ | ८० | १०० |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | ५२.५ | ६० | ८० | १०० |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | २८:१ | २४:१ | २०:१ | ५:१ |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | ३५.६ | ५० | ७० | १०० |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | २३२.६:१ | २००:१ | १५०:१ | ५०:१ |
| ५.७ | सिकाइमा सूचना प्रविधि प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | २५.३ | ३५ | ५० | १०० |
| ६ | **भौतिक पूर्वाधार विकास** | | | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | ७४.६ | ८० | ८५ | १०० |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | १०.२ | २० | ५० | ६० |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ८९.८ | ९२ | ९५ | १०० |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | ७६.३ | ८२ | ९० | १०० |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | ६७.८ | ७५ | ८५ | १०० |
| ७ | **सुशासन तथा व्यवस्थापन** | | | | |
| ७.१ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा १-५) | १:२.६ | १: २.७ | १: २.९ | १:३ |
| ७.२ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा १-५) | १:१६.९ | १:१८ | १:२० | १:२५ |
| ७.३ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा ६-८) | १:२ | १:२.२ | १: २.८ | १:३ |
| ७.४ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा ६-८) | १:२४.४ | १:२६ | १:२८ | १:३० |
| ७.५ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा १-८) | १:३.६ | १: ४ | १: ५ | १:७ |
| ७.६ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा १-८) | १:१८.९ | १:२० | १:२२ | १:२५ |
| ७.७ | सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात (कक्षा ९-१२) | १:२५.६ | १:२७ | १:२८ | १:३० |
| ७.८ | सामुदायिक विद्यालय शिक्षक अनुपात (कक्षा ९-१२) | १:३.८ | १:४ | १:५ | १:७ |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | ०७९/८० | ०८२/८३ | ०८४/८५ | ०९०/९१ |
|---|---|---|---|---|---|
| ७.९ | बालक्लब गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | ८३.३ | ८६ | ९१ | १०० |
| ७.१० | रेडक्रस गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | ० | ३५ | ६० | १०० |
| ७.११ | स्काउट गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | १.७ | ३० | ६० | १०० |
| ७.१२ | सदन गठन भएका विद्यालय (%) | २६.७ | ५० | ७० | १०० |
| ७.१३ | स्थायी शिक्षक प्रधानाध्यापक भएका सामुदायकि विद्यालय (%) | ५२.५ | ५५ | ६० | ७० |
| ७.१४ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | ६१ | ६८ | ७५ | ९० |
| ७.१५ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ८१.४ | ८८ | ९२ | १०० |
| ७.१६ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | ३३.९ | ५० | ७० | १०० |



CamScanner

## परिच्छेद तिन

## विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

### ३.१ बालविकास र शिक्षा

#### ३.१.१ परिचय

विद्यालयको औपचारिक कक्षा शुरू हुनु पूर्व उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्न तथा आधारभूत शिक्षाका लागि तयारी हुन सहयोग गर्ने शिक्षा प्रारम्भिक बालबिकास र शिक्षा हो। सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्छ। कुनै एक पक्षमा मात्र कमजोरी हुँदा बालबालिकाको व्यक्तित्व विकासमा बाधा पुग्छ । त्यसैले बालबालिकालाई लेखपढ मात्र गराउनेभन्दा पनि सबै पक्षको सन्तुलित विकासमा जोड दिनुपर्छ। चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालबिकास र शिक्षा कार्यक्रम सञ्चालन हुने व्यवस्था गरिएको छ।

#### ३.१.२ वर्तमान अवस्था

यस गाउँपालिकामा ५२ वटा सङ्घीय सरकारबाट अनुदान प्राप्त हुने सामुदायिक विद्यालयमा र ४ वटा गाउँपालिकाबाट अनुदान जाने सामुदायिक विद्यालयमा गरी जम्मा ५६ वटा र एउटा संस्थागत विद्यालयमा गरी जम्मा ५७ वटा बालविकास कक्षाहरू सञ्चालनमा रहेका छन्। यस गाउँपालिकाभित्र ४ वर्ष उमेर पूरा भएका अर्थात् बालविकास र शिक्षा प्राप्त गर्ने उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या ३९० रहेको छ भने हाल सामुदायिक विद्यालयमा ६०४ जना र संस्थागत विद्यालयमा १३ गरी जम्मा ६१७ जना बालबालिका भर्ना भई अध्ययन गरिरहेका छन्। यसरी हेर्दा उनीहरूको सहजै देखिने भर्नादर १५८.२१% र खुद भर्नादर ७७.९५% रहेको छ। कक्षा १ मा प्रारम्भिक बालबिकास र शिक्षाको अनुभवसहितको भर्नादर ५३.१६% रहेको छ। प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक अनुपात १ रहेको छ । यस गाउँपालिकाभित्र सञ्चालित बालविकास केन्द्रहरूको भौतिक र शैक्षिक अवस्था ज्यादै थोरै विद्यालयको मात्र सन्तोषजनक रहेको छ। यहाँका सामुदायिक बालविकास केन्द्रमा कार्यरत सबै शिक्षकहरू महिला हुनुहुन्छ । बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरूलाई हालसम्म कुनै पनि प्रकारको शिक्षा प्रदान गर्न सकिएको छैन । *(स्रोत: गाउँपालिकाको अभिलेख।)*

बालविकास र शिक्षाका क्षेत्रमा धेरै समस्याहरू रहेका छन् । बालबालिकाहरूको सङ्ख्याका आधारमा समानुपातिक रूपमा बालबिकास कक्षाहरू वितरण गर्न सकिएको छैन । बालविकास र शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिकाहरू पनि सहभागी हुनुले सिकाइ सहजीकरणमा कठिनाई आउनुका साथै उनीहरूको सर्वाङ्गीण विकासमा समेत असर पारेको छ । थोरै मात्र बालविकास कक्षाहरू मापदण्ड अनुसारका छन्, अन्यमा मापदण्ड पूरा हुन सकेको छैन । संस्थागत विद्यालयहरू र केही सामुदायिक विद्यालयहरूले समेत २, ३ वर्षको बालविकास र शिक्षा सञ्चालन गरिरहेका छन् । यसले पनि बालबालिकाहरूको सर्वाङ्गीण विकासमा बाधा पुग्न गएको छ। असजिलो भूगोलका कारणले उनीहरूको पहुँच सुनिश्चित गर्न सकिएको छैन।

बालविकास र शिक्षाका केही चुनौतीहरू पनि रहेका छन् । बालविकास र शिक्षाको उमेर पुगेका सबै बालबालिकाहरूलाई बालविकास केन्द्रमा पुऱ्याउनु, सबै बालविकास केन्द्रहरूलाई मापदण्ड अनुसार व्यवस्थापन गर्नु, तुलनात्मकरूपमा न्युन पारिश्रमिकका कारण त्यहाँ अध्यापनरत शिक्षकलाई उत्प्रेरित गर्नु आदि प्रमुख चुनौतीहरू हुन्।

### ३.१.३ उद्देश्य

प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. प्रारम्भिक बालविकास र शिक्षामा पहुँच र गुणस्तर बढाउनु।

२. सबै बालबालिकाहरूलाई बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गर्नु।

### ३.१.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ:

१. नक्साङ्कनका आधारमा बालबिकास केन्द्र स्थापना, समायोजन र पुनर्वितरण गरी उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने।

२. बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थासहित नविनतम प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने।

३. उमेर समूहका सबै बालबालिकाका लागि बालविकास शिक्षा अनिवार्य बनाउने।

४. सबै वडामा नमुना बालबिकास केन्द्रको विस्तार गर्ने।

५. सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने।

६. बालविकासका शिक्षकहरूको पेसागत आवश्यकता पहिचान गरी तालिम लगायतका अवसर प्रदान गरी पेसागत दक्षता अभिवृद्धि गर्ने।



CamScanner

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | प्रमुख नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुने छ । | ४ वर्षका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा सहज पहुँच हुने छ । | बालबिकास केन्द्रको नक्साङ्कन तथा बालविकास केन्द्र थपघट र पुनर्वितरण | विद्यालय | | १ | | | १ | २ | ४ |
| | उमेर समूहका सबै बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने छ। | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | पटक | | १ | १ | १ | १ | १ | १ |
| | सबै बालविकास केन्द्र र कक्षाहरूमा न्युनतम मापदण्ड पूरा भएको हुने छ । | स्मार्ट बालबिकास केन्द्र/कक्षाको व्यवस्थापन | विद्यालय | १ | १ | | १ | १ | ४ | ८ |
| | | बालविकास र शिक्षाका शिक्षकहरूलाई प्रविधिमा आधारित सिप, अनुशासन, संस्कार र सरसफाइलगायतको तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | एक वडा एक नमुना बालविकास केन्द्रको विकास | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ |
| | | शिक्षण सामग्री, डिजिटल सिकाइ सामग्रीका लागि प्रति इकाइ लागत अनुदान | विद्यार्थी | ६१० | ६४० | ६६० | ६८० | ७०० | ३२९० | ६६०० |

| उपलब्धि | प्रमुख नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | | न्यूनतम् मापदण्डअनुसार सुरक्षित, बालमैत्री, अपाङ्गतामैत्री शौचालय, खेल सामग्री, खेल मैदानको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | पटक | १ | | | | | १ | २ |
| | | बालविकास र शिक्षाका शिक्षकहरूलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | अभिभावकको लगानीमा बालबालिकालाई डिजिटल सामग्रीसहितका सिकाइ सामग्रीको व्यवस्था | विद्यलाय | ५ | ५ | ५ | २० | १० | ४५ | ५९ |
| | प्रारम्भिक बालविकास र शिक्षाको कार्यान्वयनमा परिवारको जिम्मेवारी बोध हुने छ । | बालविकास कक्षाका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आमाहरूलाई सचेतना कार्यक्रम सञ्चालन | जना | १३० | १५० | १५० | २०० | २५० | ८८० | १५०० |
| | बालविकासका शिक्षकले नियमित पारिश्रमिक प्राप्त गर्ने छन् । | बालविकास र शिक्षाका शिक्षकलाई थप पारिश्रमिक प्रदान | शिक्षक | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० | ५२० |
| | | बालविकास र शिक्षाका शिक्षकलाई पारिश्रमिक, पोसाक तथा प्रोत्साहन अनुदान प्रदान | शिक्षक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |



CamScanner

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ। नेपालको संविधान र यहाँका राजनैतिक दलहरूले आफ्ना चुनावी घोषणापत्रमा आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गर्ने सोँच लिएकाले आधारभूत शिक्षालाई प्राथमिकताका साथ व्यवस्थापन गर्नु गाउँपालिकाको जिम्मेवारी भएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्र सामुदायिक विद्यालयहरू ५९ वटा र संस्थागत विद्यालयहरू एउटा गरी ६० वटा विद्यालयमा आधारभूत तह सञ्चालनमा रहेको छ। विद्यालयको किसिम र सङ्ख्यात्मक विवरण अनुसूचीमा राखिएको छ।

आधारभूत तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या कक्षागत रूपमा तालिकामा राखिएको छ।

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | २५१ | २५३ | ५०४ | १० | ९ | १९ | २६१ | २६२ | ५२३ | १.०० |
| २ | २३५ | २१९ | ४५४ | ८ | १० | १८ | २४३ | २२९ | ४७२ | ०.९४ |
| ३ | २७१ | २४५ | ५१६ | १८ | ९ | २७ | २८९ | २५४ | ५४३ | ०.८८ |
| ४ | २५२ | २६५ | ५१७ | ११ | १४ | २५ | २६३ | २७९ | ५४२ | १.०६ |
| ५ | २८१ | २७६ | ५५७ | १५ | ११ | २६ | २९६ | २८७ | ५८३ | ०.९७ |
| ६ | २३६ | २४५ | ४८१ | १५ | ५ | २० | २५१ | २५० | ५०१ | १.०० |
| ७ | २६० | २२९ | ४८९ | १० | ९ | १९ | २७० | २३८ | ५०८ | ०.८८ |
| ८ | २३७ | २३३ | ४७० | ४ | ३ | ७ | २४१ | २३६ | ४७७ | ०.९८ |
| जम्मा | २०२३ | १९६५ | ३९८८ | ९१ | ७० | १६१ | २११४ | २०३५ | ४१४९ | ०.९६ |

*स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।*

कक्षा १ र कक्षा ६ मा छात्रा र छात्रको सङ्ख्या लगभग बराबर छ। कक्षा ४ मा छात्राको सङ्ख्या बढी छ भने कक्षा २, ३, ५, ७, ८ र समग्रमा छात्र बढी रहेका छन्।

यहाँका विद्यार्थीहरूको कक्षागत रूपमा औसत सिकाइ उपलब्धि तालिकामा राखिएको छ :

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | हाम्रो सेरोफेरो |
|---|---|---|---|---|
| १ | ६३.०० | ६४.१५ | ६२.०४ | ६३.६१ |
| २ | ६४.३३ | ५१.७० | ६१.१५ | ६४.२४ |
| ३ | ६२.६६ | ६०.८० | ५१.४१ | ६०.८६ |

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला |
|---|---|---|---|---|---|---|
| ४ | ५१.५२ | ५५.१७ | ५७.३१ | ५६.२२ | ६०.३१ | ५३.१० |
| ५ | ६१.८७ | ५१.४८ | ५८.७० | ५५.३० | ५७.१७ | ५२.६८ |
| ६ | ५१.३० | ५१.४१ | ५३.४६ | ५३.०१ | ५७.५३ | ५३.६३ |
| ७ | ६४.०८ | ५७.३१ | ५४.१ | ५५.३४ | ५८.०१ | ५१.७४ |
| ८ | ६१.२३ | ५०.०२ | ५८.१४ | ५८.३० | ५८.११ | ५३.६३ |

*स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।*

माथिको तालिकालाई विश्लेषण गर्दा कतिपय विषयको सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा बढी भए तापनि समग्रमा सिकाइ उपलब्धिमा निकै सुधारको खाँचो रहेको छ।

### ३.२.३ उद्देश्य

आधारभूत शिक्षाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. आधारभूत तहको शिक्षालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउँदै पहुँच सुनिश्चित गर्नु,
२. सबै बालबालिकाले आधारभूत तह पूरा गरेको सुनिश्चित गर्नु,
३. आधारभूत तहका सबै बालबालकाको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्नु,
४. विविधता अनुकूल, उत्थानशील र जवाफदेही विद्यालयीय पद्धतिको विकास गर्नु।

### ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छः

१. नक्साङ्कन गरी विद्यालयको समायोजन तथा पुनर्वितरण गर्ने,
२. गाउँपालिकाबाट प्रदान गरिने सेवासँग जोडेर आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना गरी निरन्तरता दिनै पर्ने नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने।
३. उपलब्धि स्तर बढाउन र कक्षा दोहोर्याउने दर सून्यमा झार्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,

४. शिक्षकहरूमा सूचना प्रविधिको उपयोग गरी शिक्षण गर्ने दक्षता अभिवृद्धि गर्न तालिमका साथसाथै स्वसिकाइ र सहयोगात्मक सिकाइका तरिकालाई बढावा दिने,

५. भाषाका कारणले सिकाइ कठिनाइ भएका बालबालिकाका लागि बहुभाषिक शिक्षण गर्ने,

६. बाटोघाटोको राम्रो व्यवस्था भएका क्षेत्रमा यातायातका साधन व्यवस्था गरी हब विद्यालय (Hub School) को अवधारणालाई कार्यान्वयन गर्ने,

७. आधारभूत तह उमेरका बालबालिका विद्यालय वाहिर नरहेको सुनिश्चितताका लागि वडा शिक्षा समितिलाई जिम्मेवार बनाउने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित वडा घोषणा गर्दै जाने,

८. शिक्षण गर्दा सिकाइ सामग्रीको उपयोग गर्न मिल्ने पाठमा अनिवार्य सिकाइ सामग्रीको उपयोग गर्ने संस्कारको विकास गर्ने, सिकाइ सामग्री विद्यार्थीका हातहातमा पुऱ्याउने रणनीति अवलम्बन गर्ने,



CamScanner

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने | आधारभूत शिक्षा उमेरका सबै बालबालिका विद्यालयमा भर्ना हुने र आधारभूत तह पूरा गर्ने। | आधारभूत तहका बालबालिकालाई विद्यालयमा अनिवार्य भर्ना र निरन्तरताका लागि नीति निर्माण एवम् कार्यान्वयन | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | आधारभूत तहका बालबालिका विद्यालय वाहिर नरहेको वडा घोषणा | वडा | | | | १ | १ | २ | ८ |
| | विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने। | सिकाइ सामग्री निर्माण एवम् प्रयोगसम्बन्धीलगायतका तालिम कार्यशाला सञ्चालन | समूह | ३ | ३ | ३ | ४ | ४ | १७ | ३६ |
| | | बालबालिकाका लागि पढाइ उत्सव तथा प्रतियोगिता सञ्चालन | विद्यालय | २१ | २० | २० | २० | २० | १०१ | २५० |
| | | आधारभूत तह (कक्षा ६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० |
| | | आधारभूत तह कक्षा ५ सम्म बुक कर्नरको व्यवस्था | कक्षाकोठा | २५ | २५ | २५ | २५ | २५ | १२५ | ३०० |
| | | कार्यसम्पादन स्तर उत्कृष्ट रहेका शिक्षकलाई सम्मान | शिक्षक | २ | २ | २ | २ | २ | १० | २० |
| | | उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई गाउँपालिकाबाट पुरस्कार प्रदान | विद्यार्थी | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| | | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | | शिक्षकलाई तलब अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |



CamScanner

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

आधारभूत शिक्षा प्राप्त गरिसकेका बालबालिकाका लागि कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। यस तहको शिक्षाले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रमा आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास गर्ने शिक्षा पनि हो। यस तहको शिक्षाले उच्च शिक्षाका लागि आधार पनि तयार गर्छ। माध्यमिक तहको शिक्षा साधारण धार, संस्कृत धार र प्राविधिक धारको हुने व्यवस्था छ।

### ३.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा १५ वटा सामुदायिक माध्यमिक विद्यालयहरू रहेका छन्। यसमध्येमा एउटा माध्यमिक विद्यालयमा सिभिल इन्जिनियरिङ विषयको प्राविधिक धार पनि सञ्चालनमा रहेको छ। ४ वटा विद्यालयहरूमा कक्षा १२ सम्मको पठनपाठन हुन्छ।

यहाँ रहेका विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको विवरण तालिकामा राखिएको छ।

| | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ९ | २०९ | २५१ | ४६० | ० | ० | ० | २०९ | २५१ | ४६० |
| १० | १९६ | २४५ | ४४१ | ० | ० | ० | १९६ | २४५ | ४४१ |
| ११ | १०९ | १५२ | २६१ | ० | ० | ० | १०९ | १५२ | २६१ |
| १२ | ११२ | १८४ | २९६ | ० | ० | ० | ११२ | १८४ | २९६ |
| जम्मा | ६२६ | ८३२ | १४५८ | ० | ० | ० | ६२८ | ८३२ | १४५८ |

*स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।*

माथिको तालिकालाई विश्लेषण गर्दा माध्यमिक तह कक्षा ९ र १० को दाँजोमा कक्षा ११ र १२ मा झण्डै आधाले कमी सङ्ख्यामा विद्यार्थीहरूले अध्ययन गरेको देखिन्छ। माध्यमिक तह अध्ययन गर्ने सबै विद्यार्थीलाई कक्षा १२ पूरा गराउन आवश्यक वातावरण मिलाउनु पर्ने देखिन्छ। माध्यमिक तह (कक्षा ९-१०) मा अध्ययन गर्ने छात्र र छात्राहरू क्रमशः ४४.९५ % \र ५५.०५% रहेका छन्। यस तहको सहजै देखिने भर्नादर ९१.५७%, खुद भर्नादर ३२.०१% र लैङ्गिक अनुपात १.२२ रहेको छ। (*स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख।*)

यस गाउँपालिकाभित्रका विद्यालयहरूको कक्षा ९ र १० को अनिवार्य विषयको औसत सिकाइ उपलब्धि देहायबमोजिम रहेको छः

| कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा |
|---|---|---|---|---|---|
| ९ | ५३.२० | ४२.७५ | ४८.९९ | ४८.६८ | ५२.९८ |
| १० | ५७.५० | ३८.०० | ५७.०० | ५६.५० | ५२.२० |

*स्रोतः रौतामाई गाउँपालिकाको अभिलेख ।*

माथिको तालिकालाई विश्लेषण गर्दा केही विषयमा औसत सिकाइ उपलब्धि राष्ट्रिय औसतभन्दा बढी भए पनि केही विषयमा निकै कम पनि देखिन्छ।

विद्यालय छाड्ने र कक्षा दोहोर्याउने दर यस तहमा पनि उल्लेख्य देखिन्छ। विद्यालय छाड्ने दर ११.९८% र कक्षा दोहोर्याउने दर ४१.६०% रहेको छ जुन अति नै बढी मान्नुपर्छ । त्यसैगरी, कक्षा ९, १०, ११ र १२ का विद्यार्थीहरूको औसत हाजिर दिन क्रमशः १३९.५, १४७.७, १०३.३ र १०४.९ रहेको छ । सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा शिक्षक विद्यार्थी अनुपात १:२६.०४ रहेको छ तर पनि विषयगत शिक्षकहरू सबै विद्यालयमा पुर्‍याउन सकेको अवस्था छैन। (*स्रोतः गाउँपालिकाको अभिलेख ।*)

उल्लिखित अवस्था हुँदा हुँदै पनि माध्यमिक शिक्षाका धेरै समास्या र चुनौतीहरू विद्यमान रहेका छन् । सबै विद्यालयमा भवन, कक्षाकोठा, विषयगत प्रयोगशाला, खेलमैदान लगायतका भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिनु, न्युनतम् सङ्ख्यामा पनि विषयगत शिक्षकको व्यवस्था हुन नसक्नु, विद्यार्थीको सिकाइ उपलब्धि अपेक्षाकृत रूपमा वृद्धि हुन नसक्नु, माध्यमिक तहको शिक्षा पूर्ण रूपमा निःशुल्क गर्न नसक्नु, प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु, सूचना प्रविधिमा आधारित शिक्षण पर्याप्त मात्रामा गर्न नसकिनु, परम्परागत शिक्षण ढाँचामा अपेक्षाकृत सुधार गर्न नसकिनु लगायतका समस्याहरू यहाँको माध्यमिक शिक्षाका प्रमुख समस्या र चुनौतीहरू हुन्।

### ३.३.३ उद्देश्य

माध्यमिक शिक्षाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. माध्यमिक शिक्षामा बालबालिकाहरूको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु।
२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउनु।
३. माध्यमिक तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु।
५. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु।

### ३.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू हासिल गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यार्थीहरूलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
२. विद्यालयमा न्युनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।

३. प्रधानाध्यापकको नेतृत्व क्षमता विकासका लागि तालिमलगायतका कार्यक्रम सञ्चालन गर्ने ।

४. बालबालिकाहरूको उपलब्धि स्तर बढाउन र कक्षा दोहोर्याउने दर सून्यमा झार्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

५. कार्यमूलक अनुसन्धान, उत्कृष्ट नतिजा ल्याउने विद्यालयको भ्रमण, फिडर विद्यालयसमेतलाई समेटी विषय समिति निर्माण एवम् नियमित अन्तरक्रिया लगायतका शिक्षक पेसागत विकासका उपायहरूको अवलम्बन गरी शिक्षकहरूलाई थप दक्ष बनाउने ।

६. स्थानीय शिक्षक, कर्मचारी र जनप्रतिनिधिहरूले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने नीतिगत निर्णय गरी कार्यान्वयन गर्ने ।

७. नियमित मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

८. विषयगत प्रयोगशाला र विद्यार्थी केन्द्रित शिक्षण विधिको उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

९. STEAM Education लाई सिकाइ रणनीतिका रूपमा कार्यान्वयन गर्ने ।



CamScanner

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | प्रमुख नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | सबै बालबालिकाहरूलाई निःशुल्क माध्मिक शिक्षाको पहुँच सुनिश्चित हुने छ। | विद्यार्थी भर्ना र निरन्तरताका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | | | | २ | ४ |
| | | विद्यार्थीको नियमितता बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विद्यालय नक्साङ्कन तथा समायोजन र पुनर्वितरण | पटक | | | १ | | | १ | २ |
| | माध्मिक तहका सबै विषयको औसत सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि हुने छ। | पूर्व विद्यार्थी समाज गठन एवम् परिचालन | विद्यालय | ३ | ५ | ५ | २ | | १५ | ३० |
| | | स्काउट र जुनियर रेडक्रस गठन | विद्यालय | ३ | ३ | ३ | ३ | २ | १४ | १५ |
| | | अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० |
| | | सिर्जनात्मक तथा नवप्रवर्तनात्मक क्रियाकलापका लागि प्रस्तावका आधारमा प्रोत्साहन अनुदान | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| | | शिक्षकको क्षमता पहिचान एवम् क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | प्रधानाध्यापक एवम् शिक्षकहरूको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | कार्यसम्पादन स्तर उत्कृष्ट भएका प्रधानाध्यापक तथा शिक्षकलाई प्रोत्साहन प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | शिक्षण सिकाइ सामग्री प्रदर्शनी प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | शिक्षकहरूबाट कार्यमूलक अनुसन्धान कार्य सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | विषयगत समिति गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | सहपाठी कक्षा अवलोकन एवम् पृष्ठपोषण आदान प्रदान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | STEAM Education शिक्षाको अभिन्न अङ्गका रुपमा विकास हुनेछ। | STEAM Teacher Group गठन गरी STEAM कार्यक्रम कार्यान्वयन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० |
| | | STEAM मा आधारित परियोजना प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ८ |
| | | STEAM Education & Pedagogy सम्बन्धमा अभिमूखीकरण कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ३.४ पाठ्यक्रम र मूल्याङ्कन

#### ३.४.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्पूर्ण आधार पाठ्यक्रम हो। बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ। पाठ्यक्रमले बालबालिकाको सम्पूर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्छ। पाठ्यक्रमका माध्यमबाट प्राप्त शिक्षाले व्यक्तिलाई समाज र विश्व परिवेश अनुकूल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यावसाय छनोट गरी सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ।

वर्तमानमा कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम, कक्षा ४ देखि कक्षा १० सम्म सक्षमतामा आधारित पाठ्यक्रम र त्यसमाथि कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम ढाँचा कार्यान्वयनमा रहेको छ। स्थानीय आवश्यकता, मूल्य र मान्यताअनुरूपको हुने गरी स्थानीय व्यक्तिहरूको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माणको संयोजन गर्ने जिम्मेवारी वर्तमान नीतिगत दस्तावेजहरूले स्थानीय तहलाई दिएको अवस्था छ भने विद्यालय तहको राष्ट्रिय पाठ्यक्रमलाई कार्यान्वय गराउने जिम्मेवारी पनि स्थानीय तहको नै रहेको छ। स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको मर्म अनुसार नै सञ्चालन गर्नुपर्छ।

#### ३.४.२ वर्तमान अवस्था

२०८० सालदेखि यस गाउँपालिकाभित्रका सबै विद्यालयका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम अनुसार पठन पाठन भइरहेको छ। यस क्रममा कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणा अनुरूप विभिन्न विषयका विषयवस्तुहरूलाई साझा विषयक्षेत्रका माध्यमबाट एकीकृत गरिएको छ। यस गाउँपालिकाले स्थानीय विज्ञहरूको मद्दतबाट कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमार्फत् कार्यान्वयन गरिरहेको छ। केही कक्षाको विद्यार्थी सिकाइ सामग्री निर्माण भई कार्यान्वयनमा रहेको अवस्था पनि छ।

यहाँका सबै सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यपुस्तकको प्रयोग गर्छन् भने संस्थागत विद्यालयले भने पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यपुस्तकको प्रयोग गर्ने गरेका छन्। शैक्षिक सत्र सुरू हुनासाथ विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

पाठ्यक्रम र पाठ्यपुस्तकका साथसाथै शिक्षक निर्देशिका पनि शिक्षकहरूका लागि अति उपयोगी सामग्री हो। यसले शिक्षकलाई शिक्षणको तयारी गर्न सहयोग गर्छ। यहाँका विद्यालयमा पाठ्यक्रम र शिक्षक निर्देशिका उपयोगको अवस्थालाई तालिकामा राखिएको छ।

| क्र.स. | सामग्री | उपयोगको अवस्था र विद्यालय सङ्ख्या | | |
|---|---|---|---|---|
| | | उपयोग नै नगर्ने | आंशिक उपयोग गर्ने | राम्ररी उपयोग गर्ने |
| १ | पाठ्यक्रम | १७ | ३६ | ७ |
| २ | शिक्षक निर्देशिका | १८ | ३८ | ४ |

माथिको तालिकालाई विश्लेषण गर्दा पाठ्यक्रम र शिक्षक निर्देशिकालाई धेरै विद्यालयका शिक्षकहरूले चिन्नुहुन्न भन्दा पनि फरक नपर्ने देखिन्छ किनकी यी सामग्रीको उपयोग धेरै विद्यालयले गरेको पाइदैन।



CamScanner

यस गाउँपालिकाका ११ वटा विद्यालयहरूले ५ वटा कक्षाकोठामा बुककर्नरको व्यवस्था गरेका छन् । त्यसैगरी ४, ३, २ र १ कोठामा बुक कर्नरको व्यवस्था मिलाउने विद्यालयहरू क्रमशः २, १९, २ र ३ वटा छन् । २३ वटा विद्यालयहरूले भने एउटा पनि कोठामा बुक कर्नरको व्यवस्था गरेका छैनन् । बुक कर्नरको व्यवस्था गर्ने विद्यालयहरूमध्ये २७ वटा विद्यालयहरूले घरमा पुस्तक लैजाने समेत व्यवस्था मिलाएका छन् । यहाँका १७ वटा विद्यालयमा पुस्तकालयको व्यवस्था छ, जसमध्ये १० वटा विद्यालयहरूले अलगै कोठामा पुस्तकालय राख्न सकेका छन् । ५ वटा विद्यालयहरूले घरमा समेत पुस्तक लैजाने व्यवस्था मिलाउन सकेका छन् ।

विद्यार्थी मूल्याङ्कनलाई वर्तमान पाठ्यक्रमअनुसार र मूल्याङ्कनका साधनहरूको उद्देश्यअनुसार उपयोग गर्नुपर्छ । एकीकृत पाठ्यक्रमअनुसार कक्षा १-३ मा मूल्याङ्कन गर्ने विद्यालयहरू ५५ वटा रहेका छन् भने कक्षा ४-८ कक्षामा नयाँ पाठ्यक्रमअनुसार विद्यार्थीको मूल्याङ्कन गर्ने विद्यालयहरू ३६ र कक्षा ९-१० मा नयाँ पाठ्यक्रमअनुसार मूल्याङ्कन गर्ने विद्यालयहरू ११ वटा रहेका छन् । यसका आधारमा यस गाउँपालिकाभित्रका विद्यालयमा मूल्याकन प्रभावकारी नभएको निष्कर्ष निकाल्न सकिन्छ । (*स्रोतः गाउँपालिकाको अभिलेख ।*)

अन्य विषय क्षेत्रको जस्तै यस क्षेत्रका पनि धेरै समस्या र चुनौतीहरू रहेका छन् । सबै शिक्षकहरूमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको महत्वलाई बोध गरी उचित रूपमा प्रयोग गर्न नसक्नु, शिक्षकहरूमा पाठ्यक्रमको उपयोगसम्बन्धी क्षमता विकास गर्न नसक्नु, नयाँ पाठ्यक्रम सबै शिक्षकहरूबिचमा अभिमुखीकरण गर्न नसक्नु, शिक्षकहरूमा नयाँ पाठ्यक्रमअनुसारको मूल्याङ्कन पद्धतिभन्दा पूरानै पद्धति अनुशरण सहज मान्ने प्रवृर्ति हुनु, सिकाइका लागि मुल्याङ्कनभन्दा पनि सिकाइको मूल्याङ्कन गर्ने संस्कार हुनु आदि गाउँपालिका भित्रका पाठ्यक्रम र मूल्याङ्कनका प्रमुख समस्या र चुनौतीहरू हुन् ।

### ३.४.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक र गुणस्तर प्राप्तिका लागि प्रभावकारी किसिमले प्रयोग गर्नु,
२. निर्माणात्मक, निर्णयात्मक र निदानात्मक मूल्याङ्कन पद्धतिको उचित कार्यान्वयन गर्नु,
३. पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त जनशक्ति तयार गर्नु,
४. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ३.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने,
२. शिक्षक तथा सरोकारवालाहरूलाई पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रवोधीकरण गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
४. शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।

५. शिक्षक सहायता प्रणालीको कार्यान्वयन गर्ने।

६. सहपाठी सिकाइका विभिन्न तौर तरिकाहरूको कार्यान्वयन गर्ने।

७. स्थानीय पाठ्यक्रमको कार्यान्वयनका लागि विद्यार्थी सिकाइ सामग्रीको विकास गरी उपयोग गर्ने।

८. विद्यार्थीहरूलाई नियमित रूपमा अतिरिक्त क्रियाकलापमा भाग लिन पाउने व्यवस्था मिलाउने।

९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातवरण सिर्जना गर्ने।

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गर्ने।



CamScanner

### ३.४.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | प्रमुख नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| सिकारूमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ । | स्थानीय पाठ्यक्रममा आधारित विद्यार्थी पाठ्यसामग्री विकास भई कार्यान्वयन हुने छ । | स्थानीय पाठ्यक्रम निर्माण (कक्षा ६-८) | पटक | | | | १ | | १ | १ |
| | | स्थानीय पाठ्क्रममा आधारित विद्यार्थी सिकाइ समाग्री विकास एवम् वितरण | कक्षा सङ्ख्या | | | | | २ | २ | ५ |
| | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार हुने छ । | शिक्षकको गहना, वार्षिक शैक्षणिक योजना; वार्षिक योजना; सह तथा अतिरिक्त क्रियाकलाप योजना र शिक्षण सुधार योजना लगायतका योजना निर्माण एवम् कार्यान्वयन सम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | हाम्रो विद्यालयको पहिचान, शिक्षणमा सिकाइ सामग्री हाम्रो अभियान कार्यक्रम कार्यान्वयनका लागि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षक तालिम सञ्चालन | समूह | २ | २ | २ | २ | २ | १० | १८ |
| | | शिक्षक सहायता प्रणालीलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | सबै शिक्षकका लागि पाठ्यक्रम, शिक्षक निर्देशिका र लेटर ग्रेडिङ कार्यान्वयनका लागि सहयोगी पुस्तिकालगायतका सामग्रीहरूको मुद्रित वा डिजिटल प्रतिको उपलब्धता | शिक्षक | १ | | | | | १ | १ |

| उपलब्धि | प्रमुख नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | | कक्षा ४-१२ मा मूल्याङ्कन सम्बन्धमा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन | शिक्षक | ५० | ५० | २५ | ७५ | ५० | २५० | ४५० |
| | | हेलो अभिभावक र साथी कक्षा साथी शिक्षक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | कक्षाकोठामा घडी, क्यालेण्डर, डष्टबीन, शिक्षण सिकाइ सामग्री लगायतको व्यवस्थापन | विद्यालय | २९ | ३० | | | | ५९ | ५९ |
| | | हाम्रो विद्यालय हाम्रो सहभागिता कार्यक्रम सञ्चालन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५९ |
| | सुधारात्मक, निदानात्मक तथा आवधिक मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ स्तर बढ्ने छ। | कक्षा १ का विद्यार्थीको कार्य सञ्चयिका तयारी तथा कक्षा २ र ३ मा अद्यावधीकरण | विद्यार्थी | ५१० | ५३० | ५५० | ५७० | ६०० | ६७६० | १४००० |
| | | कक्षा ५ र ८ को वार्षिक परीक्षा सञ्चालन व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ३.५ शिक्षक व्यवस्थापन र विकास

#### ३.५.१ परिचय

बालबालिकाहरूको भावी जीवनलाई दिशा निर्देश गर्न तथा देशको मानवीय पूँजीको विकास गर्न शिक्षकको अहम भूमिका रहेको हुन्छ । सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा शिक्षकहरूको ठूलो योगदान रहेको हुन्छ, त्यसैले शिक्षकहरूलाई परिवर्तनको संवाहक मानिन्छ । क्षमतावान शिक्षक र गुणस्तरीय शिक्षा एक अर्काका पर्याय हुन् । शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ ।

नेपालमा मुख्य रूपमा विश्वविद्यालयहरूले शिक्षक तयारीको कार्य गर्छन् । केही मात्रमा कक्षा ११ र १२ मार्फत विद्यालयहरूले पनि यो कार्य गर्दै आएका छन् । शिक्षक अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन गरी अध्यापन अनुमति पत्र प्रदान गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले र पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षक पेसागत विकासका लागि टिपिडी लगायतका तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रले गर्दै आएको छ ।

#### ३.५.२ वर्तमान अवस्था

यस गाउँपालिकामा आधारभूत तह (कक्षा १-५) को दरबन्दीमा स्थायी र करार गरी ९९ जना र राहत अनुदानमा ५२ जना गरी जम्मा १५१ जना शिक्षकका लागि विद्यालयमा अनुदान जाने गरेको छ । आधारभूत तह (कक्षा ६-८) मा दरबन्दीमा स्थायी र करार गरी १६, राहत अनुदानमा २९, सङ्घीय अनुदान ५ र गाउँपालिकाको अनुदानमा ९ गरी ५९ जना शिक्षकका लागि विद्यालयमा अनुदान जाने गरेको छ । माध्यमिक तहतर्फ भने स्थायी र करार गरी १८ जना, राहत अनुदानमा १४ जना र सङ्घीय अनुदानतर्फ १५ गरी ४७ जना र प्राविधिक धारतर्फ १० जना शिक्षकहरू रहेका छन् । *(स्रोतः गाउँपालिकाको अभिलेख ।)*

शिक्षकहरूको बढुवा प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कन कार्यमा गाउँपालिका पनि संलग्न हुने अभ्यास छ भने बढुवा गर्ने कार्य शिक्षक सेवा आयोगले नै गर्दै आएको छ । अहिले पनि शिक्षकहरूको रोजाइको पेसा शिक्षण हुन सकेको अवस्था छैन । अधिकांश शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सकेको अवस्था छैन । आफूले गरेको कामबाट अधिकांश शिक्षकहरू सन्तुष्ट भएको पाइदैन, त्यसैले अहिले पनि धेरैजना शिक्षकका छोराछोरीहरूलाई शिक्षक स्वयम्ले अध्यापन गर्ने विद्यालयमा भर्ना गर्न सकिएको छैन । शिक्षकको पेसागत विकास तथा शिक्षक सहायताका लागि गाउँपालिकाले दुईजना स्रोत शिक्षकको व्यवस्था गरेको छ । बालबालिकाको सिकाइप्रति शिक्षकहरूलाई जिम्मेवार बनाउन नसकिएको अवस्था छ । कतिपय स्थानमा असजिलो भूगोल र पातलो वस्तीका कारणले विद्यालयको सङ्ख्या बढाउनु पर्ने वाध्यात्मक अवस्था रहेको छ भने विद्यालयका लागि आवश्यक पर्ने न्युनतम शिक्षक सङ्ख्या पनि व्यवस्था गर्न सकिएको अवस्था छैन । सुपरीवेक्षण तथा अनुगमन पनि प्रभावकारी बनाउन सकिएको छैन ।

### ३.५.३ उद्देश्य

यस क्षेत्रका देहायका उद्देश्यहरू रहेका छन् :

१. मापदण्ड बमोजिम विषयगत शिक्षक व्यवस्थापन गर्नु।

२. शिक्षकको पेसागत दक्षता अभिवृद्धि गरी शिक्षण सिकाइमा उपयोग गर्नु।

३. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु।

### ३.५.४ रणनीतिहरू

१. बाटोघाटोको राम्रो व्यवस्था भएका स्थानहरूमा हब विद्यालय (Hub School) स्थापना गरी नजिकका विद्यालयहरूलाई समायोजन गरी विषयगत शिक्षकको मिलान गर्ने।

२. कम्तिमा न्यूनतम् विषयगत शिक्षकको व्यवस्था गर्ने।

३. शिक्षक पेसागत विकासका उपायहरू खोजी गरी कार्यान्वयन गर्ने।

४. कार्यसम्पादन स्तर उत्कृष्ट रहेका शिक्षकहरूलाई पुरस्कार, सम्मान लगायतका उपायहरूलाई कार्यान्वयन गरी शिक्षण पेसातर्फ आकर्षण बढाउने।

५. नतिजालाई सुविधासँग जोडी मेहनतको कदर गर्ने संस्कारको विकास गर्ने।

६. शिक्षकको पेसागत आवश्यकता पहिचान गरी मागमा आधारित पुनर्ताजगी तालिम प्रदान गर्ने।

७. आवश्यकताअनुसार शिक्षक दरबन्दी मिलान गर्ने।

८. योग्य र दक्ष शिक्षकलाई शिक्षण पेसामा आकर्षित गर्न र टिकाइ राख्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।



CamScanner

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| विषयगत शिक्षकको आपूर्तिमा वृद्धि तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुने छ। | विषयगत शिक्षकको आपूर्तिमा वृद्धि हुने छ। | विषयगत शिक्षक दरबन्दी न्युन भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदानका माध्यमबाट शिक्षक व्यवस्थापन | शिक्षक सङ्ख्या | ३१ | ३१ | ३१ | ३१ | ३१ | १५५ | ३१० |
| | | दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | बाटोघाटोको राम्रो व्यवस्था भएका स्थानमा हब विद्यालयको व्यवस्था | विद्यालय | | | | १ | | १ | २ |
| | शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि हुने छ। | शिक्षकहरूको पेसागत विकासका लागि प्रविधि लगायतका विषयमा मागमा आधारित तालिम कार्यक्रम सञ्चालन | शिक्षक | ६० | ६० | ६० | ६० | ६० | ३०० | ५०० |
| | | एकिकृत पाठ्यक्रमसम्बन्धी कष्टमाइज तालिम सञ्चालन | शिक्षक | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० |
| | | प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम सञ्चालन | प्रअ | | | | २९ | ३० | ५९ | ५९ |
| | | सहपाठी कक्षा अवलोकन, विषयगत समिति गठन एवम् विषयगत समस्यामा छलफल, कार्यमूलक अनुसन्धान सञ्चालन लगायतका शिक्षकका पेसागत विकासका कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | २ | २ | ७ | १० |
| | | उत्कृष्ट विद्यालयको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | कक्षा शिक्षण, बहुकक्षा शिक्षण, प्रश्न निर्माण, उत्तरपुस्तिका परीक्षण, कार्यसम्पादनको अभिलेखीकरण र लेखापालनसम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | पूर्व कर्मचारी, अवकाश प्राप्त शिक्षक र विभिन्न क्षेत्रमा विशेष अनुभव प्राप्त व्यक्तिको रोष्टर निर्माण गरी शैक्षिक सुधारका लागि विद्यालयमा परिचालन | पटक | | १ | १ | १ | १ | ३ | ८ |

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | | सिकाइ उपलब्धिसम्बन्धमा अभिभावक शिक्षक भर्पाइ कार्यक्रमको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र आमासमूहलाई क्षमता विकाससम्बन्धी तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | स्रोत शिक्षकको सूचना प्रविधिसम्बन्धी क्षमता विकास | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० |
| | | सहायक प्रधानाध्यापक, सूचना अधिकारी, तहगत इन्चार्ज, खेलकुद लगायतका जिम्मेवारी बाँडफाँड | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| शिक्षण पेसामा आकर्षण बढेको हुने छ । | शिक्षण पेसाका प्रतिस्पर्धिहरूको सङ्ख्या वृद्धि हुने छ । | कार्यसम्पादन मूल्याङ्कनका लागि वस्तुनिष्ठ आधारहरू विकास | पटक | १ | | | | | १ | १ |
| | | शिक्षकका लागि मापदण्डमा आधारित गोल्डेन ह्यान्सेक कार्यक्रम कार्यान्वयन | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० |
| | | राहत र साविकको उच्च माध्यमिक तहका शिक्षकहरूका लागि योगदानमा आधारित सञ्चयकोषको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | शिक्षकको कार्यसम्पादन परीक्षण एवम् मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | प्रधानाध्यापक छनोट/नियुक्तिसम्बन्धी कार्यविधी निर्माण एवम् कार्यान्वयन | पटक | १ | | | | | १ | २ |
| | | उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कार एवम् सम्मान | शिक्षक | १५ | १५ | १५ | १५ | १५ | ७५ | १५० |
| | | कार्य सम्पादन परीक्षणमा उत्कृष्ट देखिएका विद्यालयका प्रधानाध्यापकलाई सम्मान/प्रसंसापत्र प्रदान | प्रधानाध्यापक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० |
| | | कार्य सम्पादन परीक्षणमा उत्कृष्ट देखिएका विद्यालयलाई सम्मान/प्रसंसापत्र प्रदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |

**अभिभावक शिक्षक भर्पाईः** अभिभावकले विद्यार्थीलाई घरमा केकस्तो वातावरण मिलाउने र शिक्षकले विद्यार्थीको उपलब्धि स्तर १ वर्षमा कति पुर्याउने भनी उल्लेख गरी दुबै पक्षले हस्ताक्षर गर्ने कार्यक्रम ।

## ३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.६.१ परिचय

शिक्षाका विद्वानहरूको भनाइअनुसार सिकाइ औपचारिक, अनौपचारिक र अरितिक तरिकाले हुने गर्छ । यी तीनवटै तरिकाको समिश्रण नै आजीवन सिकाइ हो । विद्यालय जानुभन्दा पहिले बालबालिकाले घर परिवारबाटै धेरै कुरा सिक्छन् । विद्यालय जाने उमेर भएपछि विद्यालय भर्ना भई पाठ्यक्रमबमोजिमका धेरै कुरा सिक्छन् । विद्यालय शिक्षा पूरा गरेपछि विश्वविद्यालयबाट थप सिकाइ हुन्छ । अनि पेसाको संसारमा रहँदा पनि सिकाइ हुन्छ । पेसा छाडेपछि पनि फरक विषय क्षेत्रको सिकाइ आवश्यक हुन्छ । त्यसैले सिकाइ चितामा पुग्नु अघिसम्म भइरहन्छ । विद्यालयको व्यवस्थाले मात्र सिकाइको पहुँच सुनिश्चित भएको ठान्नु हुँदैन । कतिपय बालबालिकाहरू औपचारिक शिक्षा लिनबाट विविध कारणले बञ्चित भएका हुन्छन् । उनीहरूका लागि वैकल्पिक सिकाइको व्यवस्था गर्न आवश्यक हुन्छ । गाउँपालिकाभित्र सिकाइका लागि यी सबै व्यवस्था मिलाउनु गाउँपालिकाको दायित्वभित्र पर्छ ।

२०६७ सालमा घरधुरी सर्वेक्षण गरी १५-६० वर्ष उमेर समूहका नागरिकका लागि साक्षरता कक्षा सञ्चालन गरिएको थियो । साक्षरता कक्षा लिएका व्यक्तिका लागि निरन्तर शिक्षा तह १ र तह २ को व्यवस्था गरिएको थियो । औपचारिक शिक्षाको अवसरबाट बञ्चित वर्गका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरू पनि सञ्चालनमा रहेको छ । निम्नमाध्यमिक र माध्यमिक तहको खुला विद्यालय पनि सञ्चालनमा छन् ।

### ३.६.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार ५ वर्षभन्दा माथिको जनसङ्ख्यामध्ये १३८०९ जना साक्षर र बाँकी ४६९८ जना निरक्षर रहेका छन् । ५ वर्षमाथिको जनसङ्ख्याको ७४.६२ प्रतिशत जनसङ्ख्या साक्षर रहेको अवस्था छ । अनौपचारिक शिक्षातर्फको तल्लो संस्था सामुदायिक सिकाइ केन्द्र हो । यस गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू रहेका छन् । यहाँ हाल कुनै पनि साक्षरताका कक्षाहरू, वैकल्पिक शिक्षाका कार्यक्रम तथा खुला विद्यालयहरू सञ्चालनमा रहेका छैनन् । देस विकासका लागि शिक्षा मुख्य पूर्वाधार हो । साक्षर व्यक्तिबाट सिकाइ सहज हुन्छ, त्यसैले बाँकी निरक्षरलाई साक्षर बनाउनु आवश्यक छ । त्यसैगरी, यहाँ अनिवार्य आधारभूत शिक्षाका लागि विद्यालय शिक्षाको अवसर नपाएका र बिचैमा विद्यालय छाडेका बालबालिकाका लागि पनि वैकल्पिक शिक्षाको अवसर दिनु उत्तिकै जरूरी छ । *(स्रोतः गाउँपालिकाको अभिलेख र राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।)*

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका पनि समस्या तथा चुनौतीहरू रहेका छन् । आजीवन सिकाइका अवसरहरूको व्यवस्था मिलाउन नसकिनु, सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या न्युन हुनु र भएका सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गर्न नसकिनु, अझै पनि ५ वर्ष माथिका २५.३८ प्रतिशत जनसङ्ख्या निरक्षर हुनु, निरक्षरहरूको विवरण नहुनु, वैकल्पिक शैक्षिक कार्यक्रमहरू हाल कार्यान्वयनमा नहुनु, साक्षर व्यक्तिहरू पनि निरन्तर शिक्षाको अभावले गर्दा निरक्षर बन्ने खतरा हुनु आदि यस गाउँपालिकाका प्रमुख समस्या र चुनौतीहरू हुन् ।

### ३.६.३ उद्देश्य

यस क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. सबै निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउनु,

२. अनौपचारिक शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु,

३. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायका नागरिकको आवश्कता अनुरूपका सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु।

### ३.६.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू पूरा गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास गरी प्रत्येक सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने।

२. जीवनोपयोगी सिपमूलक तालिमको व्यवस्था गर्ने।

३. साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमका माध्यमबाट सिकाइ अवसर सुनिश्चित गर्ने।

४. सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या अभिवृद्धि गरी कम्तिमा एक वडा एक सामुदायिक सिकाइ केन्द्र पुर्याउने।

५. सामुदायिक सिकाइ केन्द्र र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूको सहयोगमा निरक्षरहरूको नामावली सङ्कलन गरी साक्षरता कक्षा सञ्चालन गर्ने।

६. सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रको व्यवस्थापनको जिम्मेवारी सामुदायिक सिकाइ केन्द्रलाई हस्तान्तरण गर्ने।

७. सामुदायिक सिकाइ केन्द्रमार्फत् विभिन्न आय आर्जन समूह गठन गरी आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने।

८. वैदेशिक रोजगारी, अन्य अनौपचारिक तथा अरितिक तरिकाले सिकेका सिपको पहिचान गरी प्रमाणीकरण गर्ने।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| सबै नागरिकका लागि साक्षरता शिक्षा, वैकल्पिक शिक्षा र आजीवन सिकाइको अवसर प्राप्त भएको हुने छ। | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना हुने छ। | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना | केन्द्र/कक्षा | | | | १ | १ | २ | ४ |
| | बाँकी निरक्षरहरू साक्षर हुने छन्। | निरक्षरहरूको नामावली सङ्कलन | पटक | | | १ | | | १ | १ |
| | | साक्षरता कार्यक्रमका लागि सिकाइ सामग्रीको छपाई तथा वितरण | पटक | | | | १ | १ | २ | ४ |
| | | साक्षरता कार्यक्रम सञ्चालन | जना | | | | १००० | १००० | २००० | ४६९८ |
| | | पूर्ण साक्षर वडा घोषणा | वडा | | | | १ | १ | २ | ८ |
| | सामुदायिक सिकाइ केन्द्रमा दक्ष जनशक्तिको व्यवस्था, इन्टरनेटसहितको इपुस्तकालय, योग शिक्षा, पत्रपत्रिका लगायतको व्यवस्था हुने छ। | सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकास (दक्ष सहजकर्ता, इ-पुस्तकालय, पत्रपत्रिका, कम्प्युटर, प्रयोगशाला आदि) | पटक | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक भवन र कोठाको व्यवस्थापन | केन्द्र | | | | १ | १ | २ | ३ |
| | | सामुदायिक सिकाइ केन्द्रलाई स्थानीय सामुदायिक पुस्तकालय र सूचना केन्द्रको जिम्मेवारी प्रदान | पटक | | १ | | १ | | २ | ४ |
| | | सामुदायिक सिकाइ केन्द्रलाई आजीवन सिकाइ थलोका रूपमा विकास | केन्द्र | | | | १ | १ | २ | ४ |
| | | सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई पारिश्रमिक तथा प्रोत्साहन अनुदान व्यवस्था | केन्द्र | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | औपचारिक शिक्षाको अवसरबाट बञ्चितका लागि वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन हुने छन् । | वैकल्पिक/अनौपचारिक प्रौढ विद्यालय/ खुला विद्यालय सञ्चालन | विद्यालय | | | | | १ | १ | १ |
| | अनौपचारिक तथा अरितिक सिकाइको दक्षता परीक्षण र प्रमाणीकरण हुने छ । | अनौपचारिक तथा अरितिक सिकाइको दक्षता परीक्षण एवम् प्रमाणीकरण | पटक | | | | १ | १ | २ | ७ |
| | आय आर्जनका कार्यक्रम सञ्चालन हुने छ । | आय आर्जन समूह गठन गरी कार्यक्रम सञ्चालन | समूह | | | १ | १ | १ | ३ | ८ |

### ३.७ प्राविधिक तथा व्यावसायिक शिक्षा

#### ३.७.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षालाई गरिखाने शिक्षाका रूपमा लिइन्छ । साधारण र प्राविधिक जनशक्तिको उत्पादन सन्तुलित भएमा मात्र विकास सम्भव हुन्छ । विगतमा साधारण शिक्षालाई जोड दिइएता पनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा समावेशी तथा समतामूलक पहुँच र सहभागिता आजको आवश्यकता हो ।

#### ३.७.२ वर्तमान अवस्था

यस रौतामाई गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा थोरै मात्र कार्य भएको छ । बालबालिकालाई प्राविधिक ज्ञान र सिप विकासका लागि २०७३ सालदेखि एउटा प्राविधिक धारको विद्यालय सञ्चालनमा रहेको छ । यस विद्यालयमा सिभिल इन्जिनियरिङ विषयको पठनपाठन हुने गरेको छ । प्राविधिक धारतर्फ हाल यस विद्यालयमा देहायको सङ्ख्यामा विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् ।

| कक्षा | कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | ३६ | ३५ | ३४ | ३२ | १३७ |

प्राविधिक धारतर्फ ८ जना शिक्षकहरू छन् । अरू सिप विकाससम्बन्धी कुनै तालिम सञ्चालन गर्ने संस्थाहरू यहाँ छैनन् । (स्रोतः गाउँपालिकाको अभिलेख ।)

यस गाउँपालिकाको मुख्य पेसा कृषि भए पनि व्यावसायीकरण भने हुन सकेको छैन । प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको कमी, सिपमूलक तालिम प्रदायक संस्था गाउँपालिकाभित्र नहुनु, व्यक्तिहरूमा उद्यमशिलतासम्बन्धी ज्ञान र सोँचको कमी हुनु, प्राविधिक शिक्षाका लागि गाउँपालिकाबाट यथेस्ट बजेट छुट्याउन नसक्नु, बजारको आवश्यकता विश्लेषण नगरी प्राविधिक जनशक्ति उत्पादन गर्नुलगायतका समस्याहरू यस गाउँपालिकाका प्राविधिक तथा व्यावसायिक शिक्षाका समस्याहरू हुन् ।

#### ३.७.३ उद्देश्य

यस क्षेत्रमा देहायका उद्देश्यहरू रहेका छन् :

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक सबैको पहुँच अभिवृद्धि गर्नु,

२. कम शुल्कमा प्राविधिक तथा व्यावसायिक सिप सिक्ने अवसर सिर्जना गर्नु,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासलाई गुणस्तरीय बनाउनु ।

#### ३.७.४ रणनीतिहरू

उल्लिखित उद्देश्य हासिल गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछ :

१. प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँचमा वृध्दि गर्ने ।
२. नक्साङ्कन र सम्भाव्यताका आधारमा फरक फरक विषयका प्राविधिक धारका विद्यालय सञ्चालन गर्ने
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालहरूसँग समन्वय गर्ने ।
४. विभिन्न छोटो अवधिका सीपमूलक तालिम प्रदान गरी नागरिकको जीवन स्तरमा अभिवृद्धि गर्ने ।
५. विश्व बजारमा खपत हुने प्रतिस्पर्धी प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिने ।
६. परम्परागत पेसा र प्रविधिको स्तरोन्नति गरी आधुनिक वैज्ञानिक प्रविधि सरहको बनाई संरक्षण गर्ने ।
७. विद्यालय तहको शिक्षा आर्जन गर्दै गर्दा व्यावसायिक सोँचको पनि विकास गराउने ।
८. परम्पारगत सिप तथा वैदेशिक रोजगारीबाट सिकेका सिपको पहिचान र प्रमाणीकरण गर्ने ।



### ३.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| नागरिकहरू प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा पर्याप्त दक्षता हासिल गरी सिपयुक्त भएका हुने छन्। | विभिन्न विद्यालयहरूमा फरक फरक विषयका प्राविधिक धारको पढाइ सञ्चालन हुने छ। | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | | | | | १ | १ |
| | | प्राविधिक धारका थप माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | | | | १ | | १ | १ |
| | प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समतामूलक पहुँचका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने। | विविध कारणले पछाडि परेका समूह र वर्गलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा सहज पहुँका लागि छात्रवृत्ति लगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन (गणित र विज्ञान विषयसमेत) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | गरिखाने शिक्षामार्फत् शैक्षिक वेरोजगार घटाउनुको साथै आर्थिक अवस्थामा सुधार हुने छ। | एक विद्यालय एक उद्यम कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ९ |
| | | पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७ |
| | | एक विद्यालय एक करेसावारी कार्यक्रम कार्यान्वयन | विद्यालय | | | | ५९ | | ५९ | ५९ |
| | | एक विद्यालय एक सहकारी कार्यक्रम कार्यान्वयनका लागि विधान तयारी | सहकारी | | | | १ | | १ | १ |
| | सिपको पहिचान एवम् प्रवर्धन | परम्परागत सिपको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन | पटक | | | | १ | १ | २ | ५ |
| | | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग | पटक | | | | १ | १ | २ | ७ |
| | | युवालाई उद्यमशीलतासम्बन्धी तालिम सञ्चालन | समूह | | १ | १ | २ | १ | ५ | १० |



CamScanner

## परिच्छेद चार

## अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.१ शैक्षिक समता र समावेशीकरण

#### ४.१.१ परिचय

समावेशी शिक्षा भन्नाले विभिन्न भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले उनीहरूको सिक्ने गतिअनुसार नजिकैको विद्यालयमा भर्ना भई, अरू बालबालिका सरह सिक्न पाउने वातावरण सिर्जना गर्नु हो। बालबालिकाको रूची, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो। अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप वहिष्करण हुनबाट जोगाउँछ र समाजका अरू बालबालिकासँगै हुर्कने, बढ्ने, पढ्ने र प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने कार्य समावेशीकरण हो।

नेपालको संविधान र अन्तर्राष्ट्रिय स्तरमा नपालले गरेको प्रतिवद्धताले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। साथै गाउँपालिकाको वर्तमान जनप्रतिनिधीहरू र अन्य राजनैतिक दलहरूले पनि शिक्षालाई प्राथमिकतामा राखेको अवस्था छ। त्यसैले आधारभूत तहसम्मको शिक्षा सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने अवस्था ल्याउनका लागि कुनै पनि कारणले एउटा बालबालिका पनि शिक्षा प्राप्त गर्ने अवसरबाट छुट्नु हुँदैन। विद्यालय तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकोले सङ्घीय र प्रादेशिक सरकारको समन्वय तथा सहयोगमा यो कार्य गर्नुपर्ने हुन्छ।

#### ४.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका कुनै पनि विद्यालयमा जातजाती, लिङ्ग, वर्ग, समुदाय तथा अपाङ्गताका कारणले भर्ना हुने अवसरबाट बञ्चित हुनु परेको छैन। यहाँका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत बालबालिकामध्ये कक्षा २, ३, ५, ७ र ८ मा छात्र बढी देखिन्छ भने बाँकी कक्षाहरूमा छात्राहरूको सङ्ख्या बढी रहेको छ। समग्रमा ३०४९ जना अर्थात् ४८.९९% छात्रहरू र ३१७५ जना अर्थात् ५१.०१% छात्राहरू विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका छन्।

यहाँका २५६० बालबालिकाहरूले कुनै न कुनै छात्रवृत्ति प्राप्त गरिरहेका छन्, जसमध्ये दलित ६३७ जना, छात्रा, १९२० र अपाङ्गता छात्रवृत्ती ३ जनाले प्राप्त गरेको अभिलेखबाट देखिन्छ। (*स्रोतः गाउँपालिकाको अभलेख।*)

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस गाउँपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ। त्यसैगरी आर्थिक विपन्नता र अपाङ्गताका कारणले कति बालबालिकाहरू विद्यालय वाहिर रहेका छन् एकिन गर्न सकिएको छैन। यो समस्या नै यस गाउँपालिकाको शैक्षिक समता र समावेशीकरणको प्रमुख समस्या हो।

### ४.१.३ उद्देश्य

यस विषय क्षेत्रअन्तरगत देहायका उद्देश्यहरू रहेका छन् :

१. अपाङ्गता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला, आर्थिक रूपले विपन्न वर्गहरूलाई शिक्षामा समान पहुँच पुऱ्याउनु।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु।

३. समता एवम् समावेशीकरणका मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु

४. विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार, हेपाईरहित भएको सुनिश्चित गर्नु।

### ४.१.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने।

२. अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चितता गर्ने।

३. दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने

४. कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने।

५. भाषाका कारणले सिकाइ समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने।

६. चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकाहरूलाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने।

७. विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने।

८. विद्यालयका हरेक क्रियाकलापहरूमा समावेशी सहभागिताको प्रबन्ध गर्ने।

९. आवश्यकताअनुसार केही विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्ने।

१०. विद्यालयहरूमा बालमैत्री पन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने।

११. गाउँपालिकाले बालबालिकाका लागि विनियोजित रकम सरोकारवालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा उपयोग गर्ने।



CamScanner

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| लक्षित समूहका बालबालिकाहरूको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ। | विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुने छ। | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विद्यालयको नक्साङ्कन गरी समायोजन तथा पुनर्वितरण | पटक | | | १ | | | १ | २ |
| | | विद्यालय शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूको कारणसहित अभिलेख तयारी र विद्यालयको पहुँच सुनिश्चितताका लागि सहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | ५ |
| | | हब विद्यालय स्थापना | विद्यालय | | | | १ | | १ | २ |
| | विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुने छ। | विद्यालयमा विद्यार्थीको कक्षा व्यवस्थापन समिति (CMC) गठन | विद्यालय | १५ | १४ | | | | २९ | ५३ |
| | | गुनासो पेटिकाको व्यवस्थापन र प्रभावकारी उपयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| | | विद्यालयमा बालक्लब गठन एवम् क्रियाशिलता | विद्यालय | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ | ५३० |
| | | विद्यालयको बालमैत्रीपनको मूल्याङ्कन/ स्वमूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | बालमैत्री वडा घोषणा कार्यक्रम कार्यान्वयन | वडा | | १ | | १ | १ | ३ | ८ |
| | विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ। | विद्यालमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चत गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र निर्माण एवम् क्रियाशिलता | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | थप छात्रवृत्तिका लागि कार्यविधि तयार गरी विद्यार्थी छात्रवृत्ति वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| | | अपाङ्गताको प्रकृतिअनुसार उपयुक्त शिक्षाको प्रवन्ध | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | अपाङ्गताको Screening गरी विद्यार्थीका लागि ह्वील चियर, सेतो लठ्ठी, ब्रेलमा लेखिएको पुस्तक लगायतका सामग्रीको प्रबन्ध कार्यक्रम कार्यान्वयन | पटक | | | | १ | १ | २ | ७ |
| | | अपाङ्गता भएका बालबालिकाको अपाङ्गता परिचय पत्र लगायतका सुविधाबाट बञ्चित बालबालिकाहरूको पहिचान र घुम्ती सेवाबाट सुविधा प्राप्तिका लागि सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | लैङ्गिक फोकल पर्सनको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| | | सर्वोत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन र सम्मानपत्र प्रदान (कक्षा १० र १२) | विद्यार्थी | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |

## ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१ परिचय

बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको विकास र सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्छ । बालबालिबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा विताउने समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । ९, १० वर्ष वा सोभन्दा बढी उमेरका बालबालिकाका लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त छात्राहरूका लागि महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा आवश्यक हुन्छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन, विद्यालय छाड्ने दर घटाउन, नियमित उपस्थित हुन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्छ ।

### ४.२.२ वर्तमान अवस्था

यस रौतामाई गाउपालिकामा रहेका ५९ वटा विद्यालयका ३४९१ जना बालबालिकाले २०७९ सालमा दिवा खाजाको सुविधा पाएको देखिन्छ । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा प्रति विद्यार्थी प्रति दिन रू १५ निकासा दिने गर्छ । सङ्घीय सरकारले ससर्त अनुदानका रूपमा कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजाको व्यवस्था गरेको छ । केही विद्यालयका बालबालिकाले साबुन र पानीसहितको शौचालय तथा पिउने पानीको सुविधा प्राप्त गरिरहेका छन् । स्वास्थ्यसम्बन्धी हाजिरी रजिष्टरको प्रयोग खासै कामयावी हुन सकेको छैन ।

सशर्तको बजेटको कमीका कारणले सोंचअनुसारको स्वस्थकर तथा पोषणयुक्त खाजाको व्यवस्था गर्न नसकिनु, विद्यालयमा खाजाको व्यवस्था गर्नका लागि अलग्लै कर्मचारीको व्यवस्था नहुनु, स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको उचित प्रयोग गर्न नसक्नु, बालबालिकामा स्वास्थ्य तथा सरसफाइसम्बन्धी शिक्षा दिने कार्यलाई कतिपय विद्यालयले महत्व नदिनु, बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न नसकिनु आदि यस रौतामाई गाउँपालिकाको दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

### ४.२.३ उद्देश्य

दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

१. दिवा खाजासँग सम्बन्धित सेवामा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिएर आधारभूत तहसम्मको खाजा व्यवस्थापनलाई विस्तार र सुदृढ गरिनुको साथै अभिभावकको सहयोगमा कक्षा १२ सम्मका विद्यार्थीलाई खाजा व्यवस्थापन गर्ने ।

२. दिवा खाजाको व्यवस्थाका लागि विद्यालयलाई विभिन्न सामग्री प्रदान गर्ने ।

३. हात धुनका लागि साबुन र पानीको उचित प्रबन्ध, छात्राहरूको स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहित विद्यार्थी सङ्ख्याका आधारमा छात्र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था, छात्राहरूका लागि चेन्जिङ् रूम तथा आराम कक्षको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्थाको प्रबन्ध गर्ने ।

४. विद्यालय तथा कक्षाकोठाको सरसफाइका साथै सुरक्षाका लागि घेराबारको व्यवस्था गर्ने ।

५. बालबालिकहरूको आवधिक रूपमा स्वास्थ्य परीक्षण र जुकाको औषधीको व्यवस्था मिलाउने ।

६. विद्यार्थी स्वास्थ्यसहितको हाजिरी रजिष्टरको प्रभावकारी प्रयोग गर्ने ।

७. सहकारी कृषक फर्मसँग सहकार्य गरी स्थानीय उत्पादनलाई दिवा खाजाको रूपमा उपयोग गर्ने व्यवस्था मिलाउने ।

८. विद्यालयमा प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्ने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ। | प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्र छात्रलाई विद्यार्थी सङ्ख्याका आधारमा अलग अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ् रूम र आराम कक्षको व्यवस्था, सफा कक्षाकोठा र घेरावारसहितको विद्यालय हाताको व्यवस्था हुने छ। | विद्यालायमा शौचालय, पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षा | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| | | चेन्जिङ् रूम र आराम कक्षको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २० | ४० |
| | आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुने छ। | दिवा खाजाका लागि विद्यालयहरूलाई थप सुविधा प्रदान (भाँडा वर्तन, चुलो आदि) | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ५९ |
| | | विद्यालय दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, | स्यानिटरी प्याडको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको | बालबालिकाका लागि भिटिमन ए, आइरन चक्की, फोलिक एसिड, जुकाको औषधी वितरण | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ |

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे |
| | व्यवस्था, भिटामिन ए, आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुने छ। | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| | | विद्यालयमा स्वास्थ्य किट वितरण एवम् प्रतिस्थापन | विद्यालय | | | | ३५ | १५ | ५० | ५९ |
| | | स्वास्थ्यसहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | विद्यालय | १५ | ४४ | | | | ५९ | ५९ |
| | | एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | विद्यालय | | | | १ | २ | ३ | २० |

### ४.३ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

#### ४.३.१ परिचय

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितका शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बन्द्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षाक्षेत्रलाई निर्वाध रूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तरगत सम्भावित जोखिमको पूर्वतयारी, आपत्कालीन अवस्थामा क्षति न्युन हुनेगरी तत्काल प्रतिकार्य गर्ने र आपत्काल पश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ । आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रुपमा स्वीकार गरिएको छ ।

वृहत विद्यालय सुरक्षा गुरूयोजना, २०१७ तथा वृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयको न्युनतम सुरक्षाका उपायसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीलाई मृत्यू र घाइते हुनबाट बचाउने, विपत्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत् जोखिम न्युनीकरण तथा उत्थानशिलता विकास गर्ने व्यवस्था गरेको छ । कोभिड-१९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत व्यवस्थाहरू गरिएको छ ।

#### ४.३.२ वर्तमान अवस्था

भुकम्प र कोभिडको अलावा यस गाउँपालिकामा वर्षाका कारणले पहिरो जाने, हावा हुरीले विद्यालयको छाना उडाउने, चट्याङ्ले क्षति गर्ने, रूघा खोकी, आँखा पाक्ने तथा झाडा पखाला लगायतका रोगले महामारीको रूप लिने र आगलागि हुने लगायतका प्रकोपहरूले बेलाबेलामा शिक्षालाई असर पुऱ्याइरहेको अवस्था छ । यस गाउँपालिकामा २०७२ सालको विनासकारी भुकम्पले विद्यालयहरू क्षती भएको अवस्थामा अल्पकालीन सिकाइ केन्द्रहरूको व्यवस्था गरी सिकाइलाई निरन्तरता दने कार्य गरिएको थियो भने बालबालिकाहरूका लागि मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालन भएका थिए । कोभिडको समयमा विद्यालय बन्द हुँदा वैकल्पिक सिकाइका विभिन्न विधिहरूको प्रयोग गरिएको थियो । विपत्को समयमा पनि शिक्षालाई निरन्तरता दिन विशेष तयारी नगरिनु, आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता दिन हालसम्म कुनै संयन्त्रको विकास नगरिनु यहाँका प्रमुख समस्याहरू हुन् ।

#### ४.३.३ उद्देश्य

यस विषय क्षेत्रका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

१. विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. संभावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,

३. विपत्को समयमा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्ने उपायहरूको अभ्यास गराउनु,

४. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका बिधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.३.४ रणनीतिहरू

१. विपत्को समयमा शिक्षालाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने।

२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास गराउने।

३. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायको तयारी गर्ने।

४. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने।

५. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने।

६. विपत् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुर्नस्थापना गर्ने।

७. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

८. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने।

९. विपत् तथा प्रकोप, शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबीच वडा तहसम्म समन्वय गरी जिम्मेवार संयन्त्र बनाउने।

१०. विपत् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने।

११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने।

१२. गाउँपालिकामा Education Cluster को व्यवस्था गर्ने।

१३. विपत्को समयमा क्षति न्युनीकरण र पुनर्लाभका लागि आवश्यक पर्ने आर्थिक, भौतिक, मानवीय स्रोतको म्यापिङ गर्ने।

१४. ReaL Plan को कार्यान्वयन गर्ने।

## ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| आपत्कालीन अवस्थामा पनि बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुने छ। | विपत् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्यढाँचा विकास हुने छ। | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (गाउँपालिका र सबै वडा) | वडा | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ |
| | | विपत् व्यवस्थापन संयन्त्र निर्माण र आवश्यकता अनुसार परिचालन (विद्यालय) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ५९ |
| | | सङ्कटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | विद्यालय | | | | ५९ | | ५९ | ५९ |
| | सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशिलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन हुने छ। | गाउँपालिका र विद्यालयको विपत् जोखिम न्युनीकरणसम्बन्धी क्षमता विकास | समूह | | १ | १ | १ | १ | ४ | १० |
| | | विद्यालयमा विपत् सामग्री व्यवस्थापन | विद्यालय | | २ | २ | २ | २ | ८ | २० |
| | | विपत्को समयमा पनि सिकाइलाई निरन्तरता दिन विपत् पूर्वतयारी, पुनर्लाभ तथा प्रतिकार्य उत्थानशिलताका लागि सचेतना कार्यक्रम | पटक | | | १ | १ | १ | ३ | ५ |
| | | विद्यालयहरूमा विपत् कोष व्यवस्था | विद्यालय | १ | ४ | ४ | ५ | ६ | २० | ४० |
| | विपत् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तर रूपमा सञ्चालन हुने छन्। | विद्यार्थीहरूलाई मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | भूक्षय तथा पहिरो व्यवस्थापन तथा वृक्षरोपण | विद्यालय | | ४ | ४ | ४ | ४ | २० | ४० |
| | | ReAL Plan कार्यान्वयन | पटक | १ | १ | १ | | | ३ | ३ |

### ४.४ विद्यालय भौतिक पूर्वाधार विकास

#### ४.४.१ परिचय

विद्यार्थीहरूले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ। यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। सुरक्षित विद्यालय हुनका लागि मापदण्डअनुसारको कक्षाकोठा, खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खानेपानी जस्ता भौतिक पूर्वाधारहरू हुनुपर्छ। सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनको निमित्त प्रारम्भिक बालबाविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र आधारभूत तहका माथिल्ला कक्षा तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १ वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ ले तोकेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

#### ४.४.२ वर्तमान अवस्था

यस रौतामाई गाउँपालिकाअन्तरगतका जम्मा ५९ विद्यालयमा जम्मा ५७४ वटा कोठाहरू रहेका छन्। तीमध्ये ४२२ वटा कोठाहरू कक्षाकोठाका रूपमा उपयोग भएकन छन्। त्यसैगरी, प्रधानाध्यापक तथा स्टाफ कक्षका रूपमा ५७, पुस्तकालयका रूपमा २२, प्रयोगशालाका रूपमा १८, भण्डारका रूपमा ३६, अन्य कार्यका लागि १९ वटा कोठाहरू उपयोग भई ६७ कक्षाकोठा नपुग देखिन्छ।

यहाँका ४४ वटा विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था छ। ६ वटा विद्यालयमा अपाङ्गता भएका बालबालिकाका लागि अलग्गै शौचालयको व्यवस्था छ। १८ वटा विद्यालयमा किशोरीहरूका लागि स्यानिटरी प्याड डिस्पोज सहितको शौचालयको व्यवस्था छ। १५ वटा विद्यालयमा शौचालय नपुग रहेको छ। ५३ वटा विद्यालयले हात धुनका लागि साबुन पानीको व्यवस्था गरेका छन्। सफा र स्वच्छ पिउने पानीको व्यवस्था भएका विद्यालय ४५ वटा छन्। बाँकी विद्यालयमा सफा पिउने पानीको व्यवस्था हुन सकेको छैन। आराम कक्षको व्यवस्था ३ वटा विद्यालयमा रहेको छ। बालमैत्री धारा ४० वटा विद्यालयमा रहेको छ। १६ वटा विद्यालयमा फर्निचर नपुग रहेको छ।

राज्यले सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला हुने परिकल्पना गरेको छ। यहाँका ११ वटा विद्यालयहरूमा विज्ञान प्रयोगशाला छ, तर पनि एउटा विद्यालयमा मात्र प्रयोगका लागि आवश्यक पर्ने प्रयाप्त सामग्रीको व्यवस्था हुन सकेको छ। २१ वटा विद्यालयहरूमा साना ठूला सूचना प्रविधि प्रयोगशाला रहेका छन्। तीमध्ये ३ वटा विद्यालयमा मात्र कम्प्युटरको सङ्ख्या प्रयाप्त छ। गणित, भाषा तथा सामाजिक विषयको प्रयोगशाला भने कुनै पनि विद्यालयले व्यवस्था गर्न सकेका छैनन्।

यहाँका थोरै विद्यालयमा मात्र प्रयाप्त खेलकुद सामग्री छन्। धेरै विद्यालयमा खेलकुद सामग्री थप गर्नुपर्ने अवस्था छ। सह तथा अतिरिक्त क्रियाकलापमा धेरै विद्यार्थीहरू सहभागी हुदैनन्। केही विद्यार्थीहरू पटक पटक भाग लिने र केही विद्यार्थीहरू दर्शक मात्र हुने अवस्था छ। खेलकुद सामग्री र सह तथा अतिरिक्त क्रियाकलापमा सहभागिताको विवरण अनुसूचीमा राखिएको छ।



CamScanner

यस विषय क्षेत्रमा पनि समस्याहरू रहेका छन् । अझ पनि केही विद्यालयमा कक्षाकोठाहरू नपुग हुनु, केही विद्यालयहरूमा छात्राहरूका लागि अलग्गै शौचालयको व्यवस्था नहुनु, धेरै वटा विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि अलग्गै शौचालय नहुनु, केही विद्यालयमा साबुन पानीको व्यवस्था नहुनु, धेरै विद्यालयमा स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहितको शौचालयको व्यवस्था नहुनु, केही विद्यालयहरूमा स्वच्छ र सफा पिउने पानीको व्यवस्था नहुनु, अधिकांश विद्यालयमा आराम कक्षको व्यवस्था नहुनु, केही विद्यालयमा बालमैत्री धारा नहुनु, धेरै विद्यालयमा खेलमैदान र घेराबारको व्यवस्था नहुनु, केही विद्यालयमा फर्निचर नपुग हुनु आदि यस गाउँपालिका मुख्य समस्या तथा चुनौतीहरू हुन् ।

### ४.४.३ उद्देश्य

भौतिक पूर्वाधारको विकास क्षेत्र अन्तरगत देहायका उद्देश्यहरू निर्धारण गरिएको छ :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रवलीकरण गर्नु ।

### ४.४.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. विद्यालयको पूर्वाधारको मापदण्डअनुसार पूर्वाधारको विकास गर्ने ।
२. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन गर्ने ।
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने ।
४. गाउँपालिकाले विद्यालयको माष्टर प्लान तयार गरी सोही बमोजिम विद्यालय भौतिक पूर्वाधारको विकास गर्ने ।

२॥

### ४.४.५ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री भौतिक पूर्वाधारको विकास भई विद्यालय वातावरण सिकाइ अनुकूल भएको हुने छ। | विद्यालयहरूमा पर्याप्त भौतिक संरचनाहरू निर्माण एवम् मर्मत हुने छन्। | विद्यालयको घेरावारको व्यवस्था | विद्यालय | | ४ | | ६ | ६ | १६ | ४० |
| | | विद्यालय भवन निर्माण | विद्यालय | १ | १ | ३ | १ | ३ | ९ | २० |
| | | विद्यालय भवन प्रवलीकरण | विद्यालय | १ | १ | | १ | १ | ४ | ७ |
| | | वाससहितको शौचालय निर्माण | विद्यालय | १ | १ | २ | १ | ३ | ८ | १८ |
| | | खानेपानीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | २ | ६ | १५ |
| | | फर्निचर मर्मत सम्भार | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ |
| | | नयाँ फर्निचर निर्माण | विद्यालय | १ | १ | २ | ३ | ४ | ११ | २५ |
| | | विद्यालयको छाना मर्मत | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विद्यालयमा चमेनागृहको व्यवस्था | विद्यालय | १ | १ | ० | १ | ३ | ६ | १० |
| | | विद्यालय रङरोगन | विद्यालय | १ | २ | ३ | ४ | ४ | १४ | २५ |
| | | विद्यालयमा मञ्चको व्यवस्था | विद्यालय | १ | १ | १ | ० | १ | ४ | ७ |
| | | छात्रावासको व्यवस्था | विद्यालय | १ | १ | | | १ | ३ | ७ |
| | | पुस्तकालयको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| | | विज्ञान प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० |
| | | सिकाइ सामग्री र भण्डारण कक्षको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० |
| | | विद्यालयमा पौडी पोखरीको व्यवस्था | विद्यालय | | | | १ | १ | २ | ५ |

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| | विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने छन् । | विद्यालयमा बालमैत्री खेलमैदान निर्माण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १ |
| | | अपाङ्गतामैत्री हुनेगरी भौतिक संरचना सुधार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | एक विद्यालय एक बालबगैँचा कार्यक्रमको व्यवस्थापन | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| | | बालमैत्री धाराको व्यवस्थापन | विद्यालय | ५ | ५ | ३ | ४ | ६ | २३ | ३० |



CamScanner

## ४.५ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.५.१ परिचय

विश्वमा सूचना तथा सञ्चार प्रविधिको विकासले अत्यन्तै चाँडो फड्को मारेको छ। यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्कोतर्फ शिक्षण सिकाइको विधि तथा तौर तरिकामा आमूल परिवर्तन आएको छ। सूचना प्रविधिको प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्छ। शिक्षामा सूचना प्रविधिलाई सिकाइको साधनका रूपमा प्रयोग गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँछ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्छ।

### ४.५.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्रका २१ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला छ तर तीमध्येका ३ वटा विद्यालयमा मात्र कम्प्युटरको सङ्ख्या प्रयाप्त छ। हाल चालु अवस्थामा कम्प्युटर भएका विद्यालयहरू केवल ३१ वटा मात्र रहेका छन्। यहाँका सामुदायिक र संस्थागत गरी २६ वटा विद्यालयमा मात्र प्रोजेक्टरको व्यवस्था छ। तीमध्ये १५ वटा विद्यालयहरूमा एउटा मात्र प्रोजेक्टर रहेको छ। हालसम्ममा इन्टरनेटको व्यवस्था भएका विद्यालयहरू १८ मात्र छन्। ३२ वटा विद्यालयमा सूचना प्रविधिको पूर्वाधारका रूपमा रहेको विद्युतको व्यवस्था छ।

२१ वटा विद्यालयका विद्यार्थीले मात्र सूचना प्रविधिको प्रयोग गरी पढ्ने अवसर पाएका छन्। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकमध्ये सिकाइमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण गर्न सक्ने दक्षता भएका शिक्षक ८० जना मात्र भएको पाइन्छ।

### ४.५.३ उद्देश्य

सिकाइमा सूचना प्रविधि विषय क्षेत्रका देहायका उद्देश्यहरू रहेका छन् :

१. सबै विद्यालयमा सूचना प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना प्रविधिको प्रयोग गर्नु।

### ४.५.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२. सबै शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने दक्षता विकास गर्ने।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तर्क्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाउने।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत् विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

CamScanner

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| विद्यालयमा सूचना प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार आउनुको साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने छ। | विद्यालयमा सूचना प्रविधिको पूर्वाधार विकास भई विभिन्न विषयका अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा सबैको पहुँच पुग्नेछ। | विद्यालयमा उच्च गतिको इन्टरनेटको व्यवस्था (हरेक वर्ष) | विद्यालय | २ | ४ | ४ | २ | २ | १४ | ३० |
| | | एक विद्यालय एक ल्यापटप प्रिन्टर कार्यक्रम कार्यान्वयन | विद्यालय | | ५ | १० | १० | ४ | २९ | ५९ |
| | | लागत साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन | शिक्षक | १ | १० | २० | २० | २० | ७१ | १५० |
| | | स्मार्ट कक्षाकोठाको व्यवस्थापन | कक्षाकोठा | ५ | ५ | २० | २० | २० | ७० | ३०० |
| | सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना प्रविधिको प्रयोग हुने छ। | स्मार्ट एजुकेशन वेव पेज सफ्टवेयर र शैक्षिक पोर्टलको व्यवस्थापन | वटा | १ | | | १ | | २ | २ |
| | | विद्यालयमा इ-हाजिरी र सिसिटिभीको व्यवस्थापन | विद्यालय | ५ | २० | ९ | ४ | ५ | ४३ | ५९ |
| | | सूचना प्रविधि प्रयोगशालाको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० |
| | | स्मार्ट कक्षा, स्मार्ट एजुकेशन वेव पेज सफ्टवेयर, शैक्षिक पोर्टल, इ-हाजिरी, सिसि टिभीलगायतको व्यवस्थापन क्षमता विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालन | शिक्षक | | ३० | ३० | ३० | ६० | १५० | ४०० |
| | | सूचना प्रविधिको प्रयोगसम्बन्धमा शिक्षकको क्षमता विकासका लागि सूचना प्रविधि संयोजकबाट मेन्टरिङ | शिक्षक | २० | २० | २८ | ४० | ४० | १४८ | ३०० |
| | | IEMIS/SAS व्यवस्थापन | शिक्षक | ३० | २५ | | | | ५५ | ५९ |

**स्मार्ट एजुकेशन वेव पेज:** *शिक्षण सिकाइमा उपयोग गर्न सकिने सामग्री र त्यसलाई कक्षाकोठामा उपयोग गर्दाको अनुभव र फोटो सहित दोहोरो सञ्चार गर्न सकिने गरी तयार पारिएको वेव पेज।*

# परिच्छेद पाँच

## सुशासन तथा व्यवस्थापन

### ५.१ संस्थागत क्षमता विकास

#### ५.१.१ परिचय

शिक्षालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका निकै महत्वपूर्ण हुन्छ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय गरी कार्यान्वयन गर्न, निश्चित उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गर्नुपर्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको एकल र साझा अधिकारको सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने उल्लेख गरिएको छ । विद्यालय शिक्षाको यस योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

#### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाभित्र रहेका ५८ वटा सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको छ । ५७ वटा विद्यालमा शिक्षक अभिभावक सङ्घ गठन भई क्रियाशिल रहेको अवस्था छ । सबै विद्यालयमा नेतृत्व गर्न प्रधानाध्यापकको व्यवस्था छ । शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ र विद्यालय व्यवस्थापन समिति सबैको जिम्मेवारी बाँडफाँड गरिएको अवस्था छ । सबै विद्यालयमा कक्षाकोठा र कार्यालय कक्षको व्यवस्था छ । २१ वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला छ । ३१ वटा विद्यालयमा चालु अवस्थामा एउटा भए पनि कम्प्युटर छ । ८० जना शिक्षकहरूमा सूचना प्रविधिको प्रयोग गरेर शिक्षण गर्न सक्ने क्षमता रहेको छ । त्यसैगरी, गाउँपालिकामा गाउँ शिक्षा समितिको व्यवस्था छ । यसको अलावा शिक्षा, युवा तथा खेलकुद शाखामा अधिकृत लगायत ३ जना कर्मचारी र २ जना स्रोत शिक्षकको व्यवस्था छ ।

उल्लिखित व्यवस्थाहरू हुँदा हुँदै पनि योजनाका कतिपय कार्यक्रमहरू सञ्चालन गर्नका लागि विद्यालयमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको छ भने कतिपय विद्यालयमा शिक्षक दरबन्दी मिलान गरेर भए पनि केही शिक्षकको सङ्ख्या थप गर्न अत्यावश्यक रहेको छ । एउटा पनि कम्प्युटर नभएका विद्यालयहरूमा कम्प्युटरको व्यवस्था गर्नुका साथै सबै विद्यालयमा प्रोजेक्टरको पनि व्यवस्था गर्नु आवश्यक छ । योजनालाई कार्यान्वनय गर्न ठूलै बजेटको आवश्यकता हुन्छ, केही बजेट सङ्घबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानका रूपमा र केही बजेट प्रदेश सरकारबाट प्राप्त भए पनि बाँकी बजेटको व्यवस्था गाउँपालिकाले गर्नुपर्ने हुन्छ । त्यसैले, यस गाउँपालिकामा धेरै समस्या तथा चुनौतीहरू रहेको पुष्टि हुन्छ ।

#### ५.१.३ उद्देश्य

संस्थागत क्षमता विकासअन्तर्गत देहायका उद्देश्यहरू निर्धारण गरिएको छ :

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।

२. जनशक्तिको क्षमता अभिवृद्धि गर्नु ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

**५.१.४ रणनीतिहरू**

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।

२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्थापन गर्ने ।

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।

४. शिक्षक सहायता प्रणालीलाई अझ मजबुत गर्ने ।

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक अभिभावक सङ्घका पदाधिकारिहरूको क्षमता विकास गरी थप जिम्मेवार बनाउने ।

६. योजनालाई कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।



CamScanner

### ५.१.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| शिक्षाका सबै निकाय तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ। | योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन हुने छ। | शिक्षा शाखाका लागि IT कर्मचारीको व्यवस्थापन | जना | १ | १ | १ | १ | १ | ५ | १० |
| | | लगानी प्रवन्धका लागि शैक्षिक सम्मेलन सञ्चालन | पटक | | १ | | | | १ | २ |
| | सुशासन प्रवर्धनका लागि विभिन्न कार्यक्रम कार्यान्वयन हुने छ। | गाउँपालिकाले प्रधानाध्यापकलाई र प्रधानाध्यापकले शिक्षकलाई कार्यसम्पादन करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | शिक्षक सहायता प्रणालीमा सुधार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई बालबालिकाको सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | हरेक विद्यालयका उत्कृष्ट कार्यसम्पादन स्तर भएका शिक्षकलाई सम्मान | शिक्षक | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० |
| | | अध्यक्षसँग बालबालिका प्रतिभा कार्यक्रम सञ्चालन | वडा | ८ | ८ | ८ | ८ | ८ | ४० | ७० |
| | | बेष्ट टिचर अफ द मन्थ कार्यक्रम सञ्चालन | शिक्षक | १० | १० | १० | १० | १० | ५० | १०० |
| | | कार्यसम्पादन स्तर सर्वोत्कृष्ट भएका विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | २० |
| | | शैक्षिक पात्रो र बुलेटिन प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक र विद्यार्थी बिच अन्तर्क्रिया कार्यक्रम सञ्चालन | वडा | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० |

-७- ७१।

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वनको प्रबन्धअन्तर्गत वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्व पर्छन् । गाउँ शिक्षा योजना निर्माण भैसकेपछि यस योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानून तथा कार्यबिधि निर्माण र बजेटको सुनिश्चितता गर्नुपर्छ । तिन तहका सरकारहरू बिचमा समन्वय र सहकार्य पनि उत्तिकै जरूरी हुन्छ । योजनालाई कार्यान्वयन गर्नका लागि वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण र कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी गर्नु पनि उत्तिकै जरूरी हुन्छ । यी सबै तयारी पश्चात् सरोकारवालाहरूलाई कार्यक्रमका सम्बन्धमा प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

### ५.२.२ वर्तमान अवस्था

यस योजनाले समेट्ने क्षेत्र रौतामाई गाउँपालिका हो । यस योजनालाई कार्यान्वयन गराउने प्रमुख निकाय रौतामाई गाउँ कार्यपालिका हो, यसमा पनि गाउँ कार्यपालिकाअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखाको मुख्य जिम्मेवारी रहेको छ । योजना कार्यान्वयनको प्रमुख निकाय यस गाउँपालिका भित्रका ५९ वटा सामुदायिक विद्यालय, एउटा संस्थागत विद्यालय र ४ वटा सामुदायिक सिकाइ केन्द्रहरू हुन् । यी सबै संस्थाका शिक्षक, कर्मचारी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावकहरू, शिक्षाका सहयोगी हातका रूपमा रहेका विभिन्न गैरसरकारी संघ संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रका सामाजिक परिचालक, सञ्चालक समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका जिल्ला, प्रदेश र सङ्घस्तरीय निकायहरू कार्यान्वयनसँग कुनै न कुनै रूपमा जोडिएका जनशक्ति तथा निकायहरू हुन् ।

साधन स्रोतको हकमा गाउँपालिका र अन्तर्गतका विद्यालयहरूमा मौजुदा अवस्थामा रहेको जनशक्ति र संरचनाका अतिरिक्त सङ्घ, प्रदेश र गाउँपालिकाबाट नियमित बिनियोजन गर्ने गरिएको बजेट नै प्रमुख हुन् । यसको अलावा दातृ सङ्घ संस्थाबाट प्राप्त हुने आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको भूमिका पनि उल्लेखनीय हुने छ ।

### ५.२.३ उद्देश्य

यस शीर्षकअन्तर्गत देहायको उद्देश्य रहेको छ :

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू तय गरिएको छ :

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
२. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

३. योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गर्ने ।

४. गाउँपालिकाको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।

५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने ।

६. शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार सहजीकरण गर्ने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शिक्षक व्यवस्थापनसम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।

९. सरोकारवालाहरूको भेला गरी कार्यक्रमको प्रबोधीकरणका साथसाथै कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने ।

१०. सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने ।

११. योजना शुरु भएको २ वर्षमा मध्यावधि समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने ।



CamScanner

### ५.२.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुने छ। | शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुने छ। | आवश्यक कानून, कार्यविधि तथा निर्देशिका विकास | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | कार्यक्रम कार्यान्वयन पुस्तिका विकास | पटक | | १ | १ | १ | १ | ४ | ९ |
| | | कार्यक्रम एवम् कार्यान्वयन प्रक्रियाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| | | वार्षिक कार्ययोजना निर्माण | पटक | १ | | | | | १ | २ |
| | | योजना कार्यान्वयन सहजीकरण समिति गठन | पटक | १ | | | | | १ | २ |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-५) | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-८) | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | १४० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-१०) | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ५५ | ११० |
| | | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (कक्षा १-१२) | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ४० |
| | | कार्यक्रम कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | योजनाको मध्यावधि मूल्याङ्कन | पटक | | १ | | | | १ | १ |
| | | योजनाको पूर्णावधि मूल्याङ्कन | पटक | | | | | १ | १ | २ |



CamScanner

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने निश्चित गर्न व्यवस्थापन पक्षबाट नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिका सम्बन्धमा जानकारी गराउँदछ । योजना अन्तर्गतका कार्यक्रमको मात्र अनुगमन र मूल्याङ्कन नगरी योजनाको पनि मूल्याङ्कन गर्नुपर्छ । योजनाको २ वर्षमा मध्यावधी समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने प्रचलन छ । यस योजनाको पनि सोही बमोजिम मूल्याङ्कन गरिने छ ।

शैक्षिक कार्यकमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याकन प्रतिफल र प्रभावसँग बढी सम्बन्धित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका साथसाथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छ ।

योजना पूर्ण रूपमा कार्यान्वयन भई तोकिएका लक्ष्य हासिल गर्नका लागि सङ्घ, प्रदेश, गाउँपालिकाले आफ्नो कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि छुट्याउछन् भन्ने मान्यता राखिएको छ । यसको अलावा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सहयोगी हातहरूले पनि शिक्षा योजना कार्यान्वनका लागि मन लगाएर सहयोग गर्छन् भन्ने अपेक्षा गरिएको छ । गाउँपालिकामा कोभिड जस्तै विकराल समस्या आइपरेर गाउँपालिकाले त्यसतर्फ लगानी गर्नु पर्ने अवस्था आउँदैन भन्ने अपेक्षा गरिएको छ । यसो हुन सकेमा मात्र योजना कार्यान्वयन भई अपेक्षित लक्ष्य प्राप्त गर्न सहज हुन्छ ।

### ५.३.२ वर्तमान अवस्था

यस गाउँ शिक्षा योजनाको कार्यान्वियनलाई प्रभावकारी बनाउनका लागि गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधीको संयोजकत्वमा एक अनुगमन संयन्त्र निर्माण गरिन्छ । यस संयन्त्रमा गाउँ कार्यपालिकाका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, पत्रकार, सहयोगी गैरसरकारी सङ्घसंस्था आदि सबैको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने गरी छरितो समिति हुने छ । विद्यालयस्तरमा पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ । यस समितिमा शिक्षक, विद्यार्थी, शिक्षक अभिभावक सङ्घ, अभिभावकको समावेशी र समानुपातिक प्रतिनिधित्व गरिने छ । समितिले वेलावेलामा अनुगमन गरी स्थलगत सहयोगका साथै पृष्ठपोषण दिने र मूल्याङ्कन गरेर प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा सम्प्रेषणका लागि विद्यालयमा पेस गर्नेछ । मूल्याङ्कनका लागि नतिजामा आधारित सूचकहरूको विकास गरी सोही आधारमा मूल्याङ्कन गरिने



CamScanner

छ । मूल्याङ्कनका क्रममा आवश्यकताअनुसार विद्यार्थी उपलब्धि परीक्षण तथा सूचकमा आधारित विद्यालय कार्यसम्पादन परीक्षण पनि गरिने छ । यसको अलावा शिक्षक सहायताका लागि जिम्मेवारी तोकिएका स्रोत शिक्षकहरूले पनि कार्यक्रमको अनुगमन गरी विद्यालयहरूलाई स्थलगत सहायता प्रदान गर्ने व्यवस्था गरिने छ ।

### ५.३.३ उद्देश्य

अनुगमन र मूल्याङ्कनका देहायका उद्देश्यहरू रहेका छन् :

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,

२. योजना कार्यान्वयनका चरणमा आएका समस्याहरूलाई सम्बोधन गरी अपेक्षित उद्देश्य हासिल गर्न सहयोग गर्नु ।

### ५.३.४ रणनीतिहरू

उल्लिखित उद्देश्यहरू प्राप्तिका लागि देहायका रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण गर्ने ।

२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शनको विकास र प्रयोग गर्ने ।

३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अबलम्बन गर्ने ।

४. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गर्ने ।

५. अनुगमनका साथसाथै सहायता प्रणालीलाई पनि उपयोग गर्ने ।

६. सबै विद्यालयमा IEMIS Focal Person चयन गर्ने ।

७. सबै विद्यालयहरूले अनिवार्य रूपमा IEMIS को प्रविष्टी गरी प्रयोग गर्ने व्यवस्था मिलाउने ।

८. कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय स्तरमा र गाउँपालिका स्तरमा अनुसन्धानात्मक कार्य तथा सर्वेक्षण गर्ने ।

### ५.३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | नतजा | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष |
| नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ। | अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक संयन्त्र निर्माण हुने छ। | गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | १ | १ | १ | ४ | ९ |
| | | विद्यालयमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| | | अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मार्गदर्शन निर्माण | पटक | १ | | १ | | | २ | ४ |
| | | मार्गदर्शन प्रबोधीकरण | पटक | १ | | १ | | | २ | ४ |
| | | विद्यालयमा IEMIS Focal Person चयन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |
| | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ। | नतिजामा आधारित अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| | | IEMIS प्रविष्टि | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| | | कार्यक्रम कार्यान्वयनको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तयारी एवम् सम्प्रेषण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| | | विद्यालय तथा गाउँपालिकास्तरमा अनुसन्धानात्मक कार्य सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| | | स्थिति प्रतिवेदन तयारी एवम् सम्प्रेषण | पटक | १ | १ | १ | १ | १ | १ | १० |

## परिच्छेद छ
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तिनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक हुन्छ । स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतबाट समेत शिक्षामा लगानी हुने गरेको छ । योजनामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने एकिन गर्नुपर्छ ।

### ६.२ वर्तमान अवस्था

यस रौतामाई गाउँपालकाको बजेट निर्माणका क्रममा सङ्घीय स्रोत, प्रदेश स्रोत, गाउपालिकाको आफ्नै आम्दानी र अन्य दातृ निकायबाट प्राप्त स्रोतसमेतको संलग्नतामा बजेट निर्माण गरिन्छ । सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान प्राप्त हुने गरेको छ । त्यसैगरी प्रदेश सरकारबाट ससर्त अनुदान प्राप्त हुने गरेको छ । गाउँपालिकाले पनि शिक्षा क्षेत्रको विकासका लागि ठूलै रकम छुट्याउने गरिएको छ ।

बजेट रू हजारमा

| आ.व. | शिक्षा क्षेत्रको बजेट | | | | |
|---|---|---|---|---|---|
| | सङ्घ | प्रदेश | गा.पा. आन्तरिक | अन्य दातृ निकाय | जम्मा बजेट |
| २०७६/७७ | २१४६५२ | ९९० | ५८६० | अभिलेख नभेटिएको | २२१५०२ |
| २०७७/७८ | १६९८५२ | अभिलेख नभेटिएको | १७९६० | अभिलेख नभेटिएको | १८७८१२ |
| २०७८/७९ | १९७३५६ | अभिलेख नभेटिएको | १५३६० | ९०००० | ३०२७१६ |
| २०७९/८० | १९७४७४ | ३००० | १७६८५ | ३५०० | २२१६५९ |

*स्रोत: रौतामाई गाउँपालिकाको अभिलेख ।*

माथिको तालिकालाई विश्लेषण गर्दा आ. व. २०७७/७८ मा सङ्घीय बजेट केही घटेको देखिन्छ भने गाउँपालकाको आन्तरिक बजेट २०७८/७९ मा केही घटेको देखिन्छ ।

### ६.३ उद्देश्य

लगानी तथा स्रोत व्यवस्थापन शीर्षकका उद्देश्य देहाय बमोजिम रहेको छ :

१. स्रोत र साधनको प्रक्षेपण गरी कार्यक्रमको प्राथमिकता निर्धारण गर्नु ।

### ६.४ रणनीतिहरू

उल्लिखित उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

१. रौतामाई गाउँपालिकाले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने।

२. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने।

३. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, जिम्मेवारी, पारदर्शिता र उत्तरदायित्वलाई सबल बनाउने।

४. लागत साझेदारीमा आधारित कार्यक्रमहरू सञ्चालन गर्ने।

### ६.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

१. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

**प्रमुख नतिजा**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन हुने छ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**



CamScanner

## क. सङ्घीय सरकारबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

(बजेट रू. हजारमा)

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८३/८४ | | |
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक र राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | १०९६०० | ११३९७० | १२०३५२ | १२३६६२ | १२७५४५ | ५९५१२९ | १२४९७७२ |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक र राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | २५३०० | २६३१२ | २७७८५ | २८५३६ | २९४३२ | १३७३६५ | २८८४६६ |
| ३ | प्रारम्भिक बालविकास शिक्षकहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १६८८६ | १७५६१ | १८५४५ | १९०४६ | १९६४४ | ९१६८२ | १९२५३१ |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | २९४९ | ३०६७ | ३२३९ | ३३२६ | ३४३१ | १६०११ | ३३२८९ |
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | ३७५८ | ३९०८ | ४१२७ | ४२९८ | ४४३३ | २०५२४ | ४३१०१ |
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ती | १२१६ | १२६५ | १३३५ | १३७२ | १४१५ | ६६०२ | १३८६५ |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३७१० | ३८५८ | ४०७४ | ४१८४ | ४३१६ | २०१४३ | ४२३०१ |
| ८ | शैक्षिक पहुँच सुनिश्चितत, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | १००० | १०४० | १०९८ | ११२८ | ११६३ | ५४२९ | ११४०२ |
| ९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ८६७२ | ९०१९ | ९५२४ | ९७८१ | १००८८ | ४७०८४ | ९८८७७ |
| १० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १०९५० | ११३८८ | १२०२६ | १२३५० | १२७३८ | ५९४५२ | १२४८५० |
| ११ | सामुदायिक विद्यालयका छात्राहलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १५३९ | १६०१ | १६९० | १७३६ | १७९० | ८३५६ | १७५४७ |
| १२ | माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ७३८४ | ७६७९ | ८१०९ | ८३२८ | ८५९० | ४००९१ | ८४१९१ |
| १३ | आधारभूत तह (कक्षा ६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५४१८ | ५६३५ | ५९५० | ६१११ | ६३०३ | २९४१७ | ६१७७५ |
| १४ | कोभिड- १९ बाट पुगेको क्षतिको परिपुरण तथा अन्य विपत्को समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४०० | ४१६ | ४३९ | ४५१ | ४६५ | २१७२ | ४५६१ |
| १५ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १३१८ | १३७१ | १४४७ | १४८७ | १५९० | ७२१३ | १५१४७ |
| जम्मा | | २००१०० | २०८०९० | २१९७४३ | २२५७९६ | २३२९४२ | १०८६६७१ | २२८१६७४ |

### ख. प्रदेश सरकारबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| १ | बेष्ट टिचर अफ द मन्थ नगद पुरस्कार कार्यक्रम | १०० | १०५ | ११० | ११५ | १२० | ५५० | ११०० |
| २ | प्रअ तथा विद्यालय व्यवस्थापन समितिका लागि नियमित उत्प्रेरणा तालिम | ५०० | ५५० | ६०० | ६५० | ७५० | ३०५० | ७०० |
| ३ | स्मार्ट एजुकेशन वेब पेज र सफ्टवेयरको व्यवस्थापन | ९०० | १०० | १०० | १०० | १०० | १३०० | १८०० |
| | जम्मा | १५०० | ७५५ | ८१० | ८६५ | ९७० | ४९०० | ३६०० |

### ग. रौतमाइ गाउँपालिकाबाट विद्यालय शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| १ | स्रोत/सम्पर्क शिक्षक तथा कर्मचारीको दैनिक भ्रमण भत्ता | ३०० | ३१० | ३६० | ३७० | ३८० | १७२० | ३६१२ |
| २ | गणित तथा विज्ञान अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीका लागि शैक्षिक अध्ययन अनुदान | २०० | २१० | २४० | २५० | २५० | ११५० | २४१५ |
| ३ | गाउँ शिक्षक र कर्मचारीको तलब भत्ता | १५२०० | १५२०० | १५२०० | १५२०० | १५२०० | ७६००० | १५९६०० |
| ४ | नमुना मावि मुर्कुचीमा विज्ञान प्रदर्शनी कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५२५० |
| ५ | शैक्षिक सुधार कार्यक्रम (शिक्षा शाखा) | ३४०० | ३४०० | ४४०० | ४५०० | ४६०० | २०३०० | ४२६३० |
| ६ | छाना मर्मत | ६०० | ६०० | ६५० | ६५० | ६५० | ३१५० | ६६१५ |
| ७ | उच्च कार्यसम्पादन भएका तहगत प्रधानाध्यापकलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ५० | ५० | ६० | ६० | ६० | २८० | ५८८ |
| ८ | उच्च कार्यसम्पादन भएका विद्यालयलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ५० | ५० | ६० | ६० | ६० | २८० | ५८८ |
| ९ | उच्च कार्यसम्पादन स्तर भएका तहगत र विषयगत शिक्षकलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ६० | ६० | ७२ | ७२ | ७२ | ३३६ | ७०६ |
| १० | उपलब्धि स्तर उत्कृष्ट भएका विद्यार्थीलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ६० | ६० | ७२ | ७२ | ७२ | ३३६ | ७०६ |
| ११ | उच्च कार्यसम्पादन भएका विद्यालय कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारीलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ५० | ५० | ६० | ६० | ६० | २८० | ५८८ |



CamScanner

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| १२ | प्राविधिक धारका शिक्षक, विद्यालय कर्मचारी, बालविकास शिक्षकलाई प्रोत्साहन, पुरस्कार र सम्मान | ५० | ५० | ६० | ६० | ६० | २८० | ५८८ |
| १३ | विद्यालयमा CCTV, इ हाजिरीको व्यवस्थापन | ६०० | ६०० | ७०० | ७५० | ७५० | ३४०० | ७१४० |
| १४ | शिक्षक मेन्टरिङ्, विद्यालय सुपरीवेक्षण, कक्षा अवलोकन, अनुगमन कार्यक्रम | ३३० | ३३० | ४०० | ४५० | ४५० | १९६० | ४११६ |
| १५ | बैठक, गोष्ठी, भ्रमण व्यवस्थापन | ४०० | ४०० | ४५० | ४५० | ४५० | २१५० | ४५१५ |
| १६ | वडाबाट विनियोजन हुने बजेट | ४००० | ४००० | ४१०० | ४२०० | ४२०० | २०५०० | ४३०५० |
| | जम्मा | २५८५० | २५८७० | २७३८४ | २७७०४ | २७८१४ | १३४६२२ | २८२७०६ |

## घ. अन्य सङ्घ संस्थाहरूबाट शिक्षाक्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | |
| १ | शैक्षिक सुधार कार्यक्रम | ५०० | ५०० | ६०० | ७०० | ७०० | ३००० | ६३०० |
| २ | शैक्षिक रूपान्तरण तथा अतिरिक्त क्रियकलाप कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३१५० |
| | जम्मा | ८०० | ८०० | ९०० | १००० | १००० | ४५०० | ९४५० |

## ङ. प्राप्त हुने जम्मा रकम

| क्र. स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा प्राप्त हुने बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | |
| १ | सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान | २००१०० | २०८०९० | २१९७४३ | २२५७९६ | २३२९४२ | १०८६६७१ | २२८१६७४ | |
| २ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | १५०० | ७५५ | ८१० | ८६५ | ९७० | ४९०० | ३६०० | |
| ३ | गाउँपालिकाबाट छुट्याउने बजेट | २५८५० | २५८७० | २७३८४ | २७७०४ | २७८१४ | १३४६२२ | २८२७०६ | |
| ४ | अन्य संघसंस्थाबाट प्राप्त हुने बजेट | ८०० | ८०० | ९०० | १००० | १००० | ४५०० | ९४५० | |
| | जम्मा | २२८२५० | २३५५१५ | २४८८३७ | २५५३६५ | २६२७२६ | १२३०६९३ | २५७७४३१ | |

## च. सङ्घीय सरकार, प्रदेश सरकार, अन्य संघसंस्था र स्थानीय तहसमेतबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि खर्च हुने अनुमानित रकम

| क्र.स. | क्रियाकलाप | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | |
| १ | बालविकास र शिक्षा | २३२६३ | २३७५६ | २३३६६ | २४२९६ | २४०७६ | ११८७५७ | २३६८३० | |
| २ | आधारभूत शिक्षा | १०८५७६ | ११०५७५ | १११५७६ | ११२६५६ | ११३६६२ | ५५७०४६ | ११६५११७ | |
| ३ | माध्यमिक शिक्षा | ३१७६३ | ३१७६३ | ३१७६३ | ३१७६३ | ३१७१३ | १५८७६६ | ३१६६८२ | |
| ४ | पाठ्यक्रम र मूल्याङ्कन | २०८३१ | २०७३३ | २०५८५ | २१३८७ | २१३४० | १०४८७६ | २०९०४५ | |
| ५ | शिक्षक व्यवस्थापन र विकास | २६४० | २९४० | २९४० | ३३३० | ३३४० | १५१९० | २८५४० | |
| ६ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १०५० | १०५० | ११६० | ४६५० | ४९५० | १२८६० | २७४०१ | |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १३१८ | १३०० | १३०० | ३९६८ | १९०० | ९७८६ | १६५६८ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ९१९१ | ९३४१ | ९३४१ | ११४४१ | ९३९१ | ४८७०५ | ९७९१० | |
| ९ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ९५२० | ९८४५ | ९९४५ | १०९९६ | ११२२२ | ५१५२८ | ११२९२० | |
| १० | आपत्कालिन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | ५५० | ८८० | १०८० | ९८५ | ७०० | ४१९५ | ७२९५ | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ११९५० | १२४८० | २००६५ | १३२६० | २४८०० | ८१७५५ | १७२५९० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ४३६० | ५५९५ | १०९५४ | ११८९० | १०८४० | ४३६३९ | १३८८५५ | |
| १३ | संस्थागत क्षमता विकास | ४६४ | १५५९ | १०५९ | १०५९ | १०५९ | ५२०० | १०६९५ | |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ३४७३ | ३६२८ | ३६०३ | ३६०३ | ३६५३ | १७९६० | ३६०२५ | |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १०० | ७० | १०० | ८० | ८० | ४३० | ८७० | |
| | **कूल जम्मा** | २२८२५० | २३५५१५ | २४८८३७ | २५५३६४ | २६२७२६ | १२३०६९३ | २५७७४३१ | |

## परिच्छेद सात

## प्रमुख उपलब्धि सूचकहरू

यस गाउँ शिक्षा योजनाका प्रमुख उपलब्धि सूचकहरू तालिकामा समावेश गरिएको छ ।

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | |
| १.१ | प्रारम्भिक बालबिकास र शिक्षामा कुल भर्नादर (%) | ८६.२ | १५८.२ |
| १.२ | प्रारम्भिक बालबिकास र शिक्षामा खुद भर्नादर (%) | | ७७.९ |
| १.३ | न्युनतम योग्यता भएका बालविकासका शिक्षक (%) | | ८०.४ |
| १.४ | उच्च योग्यता भएका बालविकासका शिक्षक (%) | | ७.१ |
| १.५ | बालबिकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिका (%) | ६८.६ | ५३.२ |
| १.६ | बालविकास र शिक्षामा आधारभूत तालिम प्राप्त शिक्षक (%) | | २५.१ |
| १.७ | बालविकास र शिक्षामा कार्यरत महिला शिक्षक (%) | | १०० |
| **२** | **आधारभूत शिक्षा** | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | १२१.९ | १५३.८ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.९ | ८३.८ |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्ना दर (%) | ११९.२ | १३२.४ |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (%) | ९७.१ | ५८.३ |
| २.५ | आधारभूत तह (कक्षा १-५) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०६ | ०.९७ |
| २.६ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | ११०.४ | १०३.९ |
| २.७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९३.४ | ४९.१ |
| २.८ | आधारभूत तह (कक्षा १-८) को कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | ०.९६ |
| २.९ | आधारभूत तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको प्रतिशत | | ३६.९ |
| २.१० | आधारभूत तह कक्षा ५ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ४५ | ६१.७ |
| २.११ | आधारभूत तह कक्षा ५ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | २८.३ | ५९.५ |
| २.१२ | आधारभूत तह कक्षा ५ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | | ५८.७ |
| २.१३ | आधारभूत तह कक्षा ८ नेपाली विषयको विद्यार्थी सिकाइ उपलब्धि | ६८.५ | ६१.२ |
| २.१४ | आधारभूत तह कक्षा ८ गणित विषयको विद्यार्थी सिकाइ उपलब्धि | ५३.५ | ५० |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| २.१५ | आधारभूत तह कक्षा ८ अङ्ग्रेजी विषयको विद्यार्थी सिकाइ उपलब्धि | ४३.८ | ५८.१ |
| २.१६ | आधारभूत तहमा न्युनतम योग्यता प्राप्त शिक्षक (%) | | ९५.८ |
| २.१७ | आधारभूत तहमा उच्चतम योग्यता प्राप्त शिक्षक (%) | | ४३.१ |
| २.१८ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक (%) | | २५.१ |
| २.१९ | ५ वटै कक्षामा बुक कर्नरको व्यवस्था भएका सामुदायिक विद्यालय (% | | १८.६ |
| ३ | **माध्यमिक शिक्षा** | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादर (%) | | ९१.६ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर (%) | | ३२ |
| ३.३ | माध्यमिक तह (कक्षा ९-१०) मा कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | | १.२२ |
| ३.४ | माध्यमिक तहमा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षक (%) | | १२.५ |
| ३.५ | माध्यमिक तहमा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी (%) | १०.० | ८.७ |
| ३.६ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (नेपाली) | | ५७.५ |
| ३.७ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (गणित) | | ३८.० |
| ३.८ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (विज्ञान) | | ५६.५ |
| ३.९ | कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धि (अङ्ग्रेजी) | | ५७.० |
| ४ | **अनौपचारिक तथा आजीवन सिकाइ** | | |
| ४.१ | साक्षरता दर (५ वर्षभन्दा माथि) | ८२.० | ७४.६ |
| ४.२ | साक्षरता दरमा लैङ्गिक समता सूचकाङ्क (५ वर्षभन्दा माथि) | | ०.८९ |
| ५ | **सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग** | | |
| ५.१ | विद्युत पुगेका विद्यालय (%) | | ५३.३ |
| ५.२ | इन्टरनेट पुगेका विद्यालय (%) | | ३० |
| ५.३ | कम्तिमा एउटा ल्यापटप/कम्प्युटर भएका सामुदायिक विद्यालय (%) | | ५२.५ |
| ५.४ | सामुदायिक विद्यालयका विद्यार्थी ल्यापटप/कम्प्युटर अनुपात | | २८:१ |
| ५.५ | कम्तिमा एउटा प्रोजेक्टर भएका सामुदायिक विद्यालय (%) | | ३५.६ |
| ५.६ | सामुदायिक विद्यालयका विद्यार्थी प्रोजेक्टर अनुपात | | २३२.६:१ |
| ५.७ | सिकाइमा सूचना प्रविधि प्रयोग गर्ने दक्षता भएका शिक्षक (%) | | २५.३ |

| क्र.स. | कार्यसम्पादन सूचकहरू | राष्ट्रिय | स्थानीय |
|---|---|---|---|
| ६ | **भौतिक पूर्वाधार** | | |
| ६.१ | छात्र छात्राका लागि अलग अलग शौचालय भएका सामुदायिक विद्यालय (%) | | ७४.६ |
| ६.२ | अपाङ्गतामैत्री शौचालय भएका विद्यालय (%) | | १०.२ |
| ६.३ | हात धुने साबुन पानीको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ८९.८ |
| ६.४ | स्वच्छ पिउने पानीको सुविधासहितका सामुदायिक विद्यालय (%) | | ७६.३ |
| ६.५ | बालमैत्री धाराको व्यवस्थासहितका सामुदायिक विद्यालय (%) | | ६७.८ |
| ७ | **सुशासन तथा व्यवस्थापन** | | |
| ७.१ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:२.६ |
| ७.२ | आधारभूत तह (कक्षा १-५) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:२४ | १:१६.९ |
| ७.३ | आधारभूत तह (कक्षा ६-८) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:२ |
| ७.४ | आधारभूत तह (कक्षा ६-८) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:३० | १:२४.४ |
| ७.५ | आधारभूत तह (कक्षा १-८) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:३.६ |
| ७.६ | आधारभूत तह (कक्षा १-८) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:३३ | १:१८.९ |
| ७.७ | आधारभूत तह (कक्षा ९-१२) को सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात | १:४१ | १:२५.६ |
| ७.८ | आधारभूत तह (कक्षा ९-१२) को सामुदायिक विद्यालय शिक्षक अनुपात | | १:३.८ |
| ७.९ | बालक्लब गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | ८३.३ |
| ७.१० | रेडक्रस गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | ० |
| ७.११ | स्काउट गठन भएका सामुदायिक माध्यमिक विद्यालय (%) | | १.७ |
| ७.१२ | सदन गठन भएका विद्यालय (%) | | २६.७ |
| ७.१३ | स्थायी शिक्षक प्रधानाध्यापक भएका सामुदायकि विद्यालय (%) | | ५२.५ |
| ७.१४ | गुनासो सुनुवाइ समिति भएका सामुदायिक विद्यालय (%) | | ६१ |
| ७.१५ | गुनासो पेटिकाको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ८१.४ |
| ७.१६ | बाल संरक्षण सम्पर्क बिन्दुको व्यवस्था भएका सामुदायिक विद्यालय (%) | | ३३.९ |

अनुसूची १

**घर परिवार सर्वेक्षण, २०७५ र राष्ट्रिय जनगणना, २०७८ को जनसङ्ख्याको वडागत तुलनात्मक विवरण**

| वडा | घर परिवार सर्वेक्षण, २०७५ अनुसार | | | | राष्ट्रिय जनगणना, २०७८ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरूष | महिला | जम्मा | घरधुरी | पुरूष | महिला | जम्मा | लैङ्गिक अनुपात |
| १ | ४२९ | १२७० | ११९६ | २४६६ | ४१६ | ९६९ | ९९७ | १९६६ | १०२.८९ |
| २ | ५५३ | १७२० | १५२० | ३२४० | ५९० | १२६७ | १३६० | २६२७ | १०७.३४ |
| ३ | ४५२ | १७२६ | १६५६ | ३३८२ | ५१० | ११२६ | ११९१ | २३१७ | १०५.७७ |
| ४ | ४२३ | १६८७ | १५२९ | ३२१६ | ५३५ | ११५२ | ११९४ | २३४६ | १०३.६५ |
| ५ | ५१८ | १७८९ | १५७० | ३३५९ | ५७७ | १२१२ | १२९३ | २५०५ | १०६.६८ |
| ६ | ३४६ | १३१७ | १०८४ | २४०१ | ३९८ | ८०८ | ८४८ | १६५६ | १०४.९५ |
| ७ | ८४९ | २२५३ | १८२० | ४०७३ | १०६४ | २२८३ | २३२३ | ४६०६ | १०१.७५ |
| ८ | ५३४ | १५९४ | १३७३ | २९६७ | ४८२ | ११५६ | ११४५ | २३०१ | ९९.०५ |
| **जम्मा** | **४१०४** | **१३३५६** | **११७४८** | **२५१०४** | **४५७२** | **९९७३** | **१०३५१** | **२०३२४** | **१०३.७९** |

अनुसूची २

## उमेरगत जनसङ्ख्या विवरण

| उमेर समूह (वर्ष) | पुरूष | महिला | जम्मा | लैङ्गिक अनुपात प्रतिशत |
|---|---|---|---|---|
| ०-४ | ९५५ | ८६२ | १८१७ | ९०.२६ |
| ५-९ | १००५ | १००७ | २०१२ | १००.२० |
| १०-१४ | ११०८ | ११५४ | २२६२ | १०४.१५ |
| १५-१९ | ११८० | ११६८ | २३४८ | ९८.९८ |
| २०-२४ | ९१५ | १००२ | १९१७ | १०९.५१ |
| २५-२९ | ७६१ | ७६६ | १५२७ | १००.६६ |
| ३०-३४ | ५७८ | ६५३ | १२३१ | ११२.९८ |
| ३५-३९ | ५२९ | ६१८ | ११४७ | ११६.८२ |
| ४०-४४ | ५१० | ५६८ | १०७८ | १११.३७ |
| ४५-४९ | ४५३ | ५२८ | ९८१ | ११६.५६ |
| ५०-५४ | ५२६ | ५८३ | ११०९ | ११०.८४ |
| ५५-५९ | ३८७ | ३९२ | ७७९ | १०१.२९ |
| ६०-६४ | ३४२ | ३७३ | ७१५ | १०९.०६ |
| ६५-६९ | २८२ | २६२ | ५४४ | ९२.९१ |
| ७०-७४ | २०५ | २०० | ४०५ | ९७.५६ |
| ७५-७९ | १३३ | १०६ | २३९ | ७९.७० |
| ८०-८४ | ६५ | ५८ | १२३ | ८९.२३ |
| ८५-८९ | २८ | २६ | ५४ | ९२.८६ |
| ९०-९४ | ९ | १६ | २५ | १७७.७८ |
| ९५+ | २ | ९ | ११ | ४५०.०० |
| जम्मा | ९९७३ | १०३५१ | २०३२४ | १०३.७९ |

## अनुसूची ३

### जातिगत रूपमा जनसङ्ख्या विवरण

| जातजाती | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| मगर | २९२४ | ३०२६ | ५९५० | २९.३ |
| क्षेत्री | १९४८ | १९७७ | ३९२५ | १९.३ |
| राइ | १८६६ | १९६२ | ३८२८ | १८.८ |
| तामाङ | १२२६ | १३५२ | २५७८ | १२.७ |
| विश्वकर्मा | ४४९ | ४५४ | ९०३ | ४.४ |
| मिझार | ३८८ | ४०२ | ७९० | ३.९ |
| नेवार | २८१ | २६६ | ५४७ | २.७ |
| परियार | २३४ | २७१ | ५०५ | २.५ |
| ठकुरी | १७३ | २०५ | ३७८ | १.९ |
| शेर्पा | ७९ | ९६ | १७५ | ०.९ |
| पहाडी ब्राह्मण | ९६ | ६७ | १६३ | ०.८ |
| घर्ती/भूजेल | ७० | ६३ | १३३ | ०.७ |
| चाम्लिङ | ४१ | ४५ | ८६ | ०.४ |
| माझी | ३१ | ३५ | ६६ | ०.३ |
| सूडी | ३१ | २९ | ६० | ०.३ |
| गुरुङ | २२ | २८ | ५० | ०.२ |
| तेली | २२ | १२ | ३४ | ०.२ |
| थारू | १४ | ४ | १८ | ०.१ |
| यादव | १३ | २ | १५ | ०.१ |
| अन्य | ४९ | ४१ | ९० | ०.५ |
| जम्मा | ९९७३ | १०३५१ | २०३२४ | १०० |

अनुसूची ४

## मातृभाषागत रूपमा जनसङ्ख्या विवरण

| मातृभाषा | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली | ४२७८ | ४४४० | ८७१८ | ४२.९ |
| मगर | २६९६ | २८१० | ५५०६ | २७.१ |
| चाम्लिङ | १३७३ | १४४४ | २८१७ | १३.९ |
| तामाङ | ९९१ | १०७७ | २०६८ | १०.२ |
| राइ | २२७ | २३३ | ४६० | २.३ |
| नेपाल भाषा | १०७ | ९३ | २०० | १.० |
| मैथिली | ९४ | ५९ | १५३ | ०.८ |
| शेर्पा | ५७ | ५८ | ११५ | ०.६ |
| बान्तवा | ४२ | ४३ | ८५ | ०.४ |
| भुजेल | २५ | १९ | ४४ | ०.२ |
| गुरूङ | २० | २० | ४० | ०.२ |
| अन्य | ६३ | ५५ | ११८ | ०.६ |
| जम्मा | ९९७३ | १०३५१ | २०३२४ | १००.० |



CamScanner

अनुसूची ५

## धर्मगत रूपमा जनसङ्ख्या विवरण

| धर्म | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | ५६२५ | ५७५६ | ११३८१ | ५६.०० |
| बौद्ध | २३०९ | २४७० | ४७७९ | २३.५१ |
| किरात | १५७३ | १६३९ | ३२१२ | १५.८० |
| क्रिश्चियन | ३६१ | ३९५ | ७५६ | ३.७२ |
| प्रकृति | ९८ | ८४ | १८२ | ०.९० |
| बहाइ | ५ | ५ | १० | ०.०५ |
| इश्लाम | २ | २ | ४ | ०.०२ |
| जम्मा | ९९७३ | १०३५१ | २०३२४ | १००.०० |



CamScanner

अनुसूची ६

## ५ वर्ष माथिको वडागत साक्षरताको विवरण

| वडा | ५ वर्ष माथिको जनसङ्ख्या | | | साक्षर जनसङ्ख्या | | | | निरक्षर जनसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | साक्षर % | |
| १ | ८६८ | ९०५ | १७७३ | ६७२ | ६०९ | १२८१ | ७२.२५ | ४९२ |
| २ | ११४४ | १२३९ | २३८३ | ९२४ | ८६२ | १७८६ | ७४.९५ | ५९७ |
| ३ | १००७ | १०९३ | २१०० | ७६७ | ७४० | १५०७ | ७१.७६ | ५९३ |
| ४ | १०६० | ११०१ | २१६१ | ८७८ | ७५० | १६२८ | ७५.३४ | ५३३ |
| ५ | ११०३ | ११९३ | २२९६ | ८९८ | ७८६ | १६८४ | ७३.३४ | ६१२ |
| ६ | ७५० | ७७६ | १५२६ | ५९१ | ५०५ | १०९६ | ७१.८२ | ४३० |
| ७ | २०६५ | २१३७ | ४२०२ | १७७५ | १५४३ | ३३१८ | ७८.९६ | ८८४ |
| ८ | १०२१ | १०४५ | २०६६ | ८१७ | ६९२ | १५०९ | ७३.०४ | ५५७ |
| जम्मा | ९०१८ | ९४८९ | १८५०७ | ७३२२ | ६४८७ | १३८०९ | ७४.६२ | ४६९८ |

अनुसूची ७

## विद्यालयको तहगत विवरण

| क्र. स. | विद्यालयको विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि कक्षा ३ सम्म सञ्चालित | ७ | ० | ७ |
| २ | कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित | २३ | ० | २३ |
| ३ | कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित | १४ | १ | १५ |
| ४ | कक्षा १ देखि कक्षा १० सम्म सञ्चालित | ११ | ० | ११ |
| ५ | कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालित | ४ | ० | ४ |
| जम्मा | | ५९ | १ | ६० |



CamScanner

अनुसूची ८

**विद्यालयमा खेलकुद सामग्रीको अवस्था**

| क्र. स. | खेलकुद सामग्रीको विवरण | विद्यालय सङ्ख्या | विद्यायल प्रतिशत |
|---|---|---|---|
| १ | खेलकुद सामग्री नै नभएका विद्यालय | ६ | १० |
| २ | १०% भन्दा कम विद्यार्थीलाई खेल्न पुग्ने | ६ | १० |
| ३ | १० देखि २०% विद्यार्थीलाई खेल्न पुग्ने | १३ | २२ |
| ४ | २१ देखि ४०% विद्यार्थीलाई खेल्न पुग्ने | ११ | १८ |
| ५ | ४१ देखि ६०% विद्यार्थीलाई खेल्न पुग्ने | १२ | २० |
| ६ | ६१ देखि ८०% विद्यार्थीलाई खेल्न पुग्ने | ६ | १० |
| ७ | ८१ देखि १००% विद्यार्थीलाई खेल्न पुग्ने | ६ | १० |
| जम्मा | | ६० | १०० |



CamScanner

अनुसूची ९

**सह तथा अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरूको सहभागिताको अवस्था**

| क्र.स. | सह तथा अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता | विद्यालय सङ्ख्या | विद्यायल प्रतिशत |
|---|---|---|---|
| १ | सह तथा अतिरिक्त क्रियाकलाप नै नहुने विद्यालय | ३ | ५ |
| २ | २०% भन्दा कम विद्यार्थी सहभागी हुने विद्यालय | ६ | १० |
| ३ | २१ देखि ४०% विद्यार्थी सहभागी हुने विद्यालय | ७ | १२ |
| ४ | ४१ देखि ६०% विद्यार्थी सहभागी हुने विद्यालय | १३ | २२ |
| ५ | ६१ देखि ८०% विद्यार्थी सहभागी हुने विद्यालय | २१ | ३५ |
| ६ | ८१ देखि १००% विद्यार्थी सहभागी हुने विद्यालय | १० | १६ |
| जम्मा | | ६० | १०० |



CamScanner

अनुसूची १०

## शिक्षा योजना निर्माण सल्लाहकार समिति

| | | |
|---|---|---|
| १. | श्री बीरेन्द कुमार मगर (गाउँपालिका अध्यक्ष) | संयोजक |
| २. | श्री भुपिन्द्र बहादुर थापा (गाउँपालिका उपाध्यक्ष) | सदस्य |
| ३. | श्री होम बहादुर दाहाल (संयोजक, सामाजिक विकास समिति) | सदस्य |
| ४. | श्री रबिन्द्र खत्री (वडाध्यक्ष, वडा नं ४) | सदस्य |
| ५. | श्री घमान सिंह मगर (वडाध्यक्ष, वडा नं ८) | सदस्य |
| ६. | श्री देवी दाहाल (कार्यपालिका सदस्य) | सदस्य |
| ७. | श्री अनिल मोते (वडा सदस्य, वडा नं २) | सदस्य |
| ८. | श्री प्रह्लाद बहादुर खत्री (विद्यालय व्यवस्थापन समिति अध्यक्ष, महेन्द्र मावि रसुवापोखरी) | सदस्य |
| ९. | श्री खड्ग थापा (प्रधानाध्यापक, नमुना मावि मुर्कुची) | सदस्य |
| १०. | श्री शारदा खड्का (प्रधानाध्यापक, जनता मावि लाफागाउँ) | सदस्य |
| ११. | श्री सुश्मा परियार (सामुदायिक सिकाइ केन्द्र) | सदस्य |



CamScanner

## अनुसूची ११

### शिक्षा योजना निर्माण समिति

| | | |
|---|---|---|
| १. | श्री जनक बस्नेत (प्रमुख प्रशासकीय अधिकृत, रौतामाई गाउँपालिका) | संयोजक |
| २. | श्री बालकृष्ण गैरे (शिक्षा योजना विज्ञ) | सदस्य |
| ३. | श्री गोविन्द कार्की (शिक्षा अधिकृत, रौतामाई गाउँपालिका) | सदस्य |
| ४. | श्री मदन पाण्डे (प्राविधिक सहायक, रौतामाई गाउँपालिका) | सदस्य |
| ५. | श्री केशव कुमार मगर (शिक्षा सहायक, रौतामाई गाउँपालिका) | सदस्य |
| ६. | श्री माधव वहादुर राउत (स्रोत शिक्षक, रौतामाई गाउँपालिका) | सदस्य |
| ७. | श्री देविन्द्र बहादुर राया (स्रोत शिक्षक, रौतामाई गाउँपालिका) | सदस्य |



CamScanner

अनुसूची १२

**योजना निर्माण उपसमित**

**प्रारम्भिक बालविकास र शिक्षा / आधारभूत शिक्षा**

| | | |
|---|---|---|
| १. | श्री धमान सिंह मगर (वडाध्यक्ष, रौतामाई गाउँपालिका वडा नं ८) | संयोजक |
| २. | श्री ज्ञान कुमारी मगर (कार्यपालिका सदस्य, रौतामाई गाउँपालिका) | सदस्य |
| ३. | श्री मदन पाण्डे (प्राविधिक सहायक, रौतामाई गाउँपालिका) | सदस्य |

**माध्यमिक शिक्षा / पाठ्यक्रम र मूल्याङ्कन**

| | | |
|---|---|---|
| १. | श्री भुपिन्द्र बहादुर थापा (उपाध्यक्ष, रौतामाई गाउँपालिका) | संयोजक |
| २. | श्री वर्तहिरा राई (कार्यपालिका सदस्य, रौतामाई गाउँपालिका) | सदस्य |
| ३. | श्री माधव बहादुर राउत (स्रोत शिक्षक, रौतामाई गाउँपालिका) | सदस्य |

**शिक्षक व्यवस्थापन र विकास / अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ**

| | | |
|---|---|---|
| १. | श्री देवी दाहाल (कार्यपालिका सदस्य, रौतामाई गाउँपालिका) | संयोजक |
| २. | श्री दुर्गा एस के (कार्यपालिका सदस्य, रौतामाई गाउँपालिका) | सदस्य |
| ३. | श्री देविन्द्र बहादुर राया (स्रोत शिक्षक, रौतामाई गाउँपालिका) | सदस्य |

**प्राविधिक तथा व्यावसायिक शिक्षा / शैक्षिक समता र समावेशीकरण**

| | | |
|---|---|---|
| १. | श्री पाण्डोव राई (वडाध्यक्ष, रौतामाई गाउँपालिका वडा नं ५) | संयोजक |
| २. | श्री खड्ग थापा (प्रधानाध्यापक, नमुना मावि मुर्कुची) | सदस्य |
| ३. | श्री केशव कुमार मगर (शिक्षा सहायक, रौतामाई गाउँपालिका) | सदस्य |

**दिवा खाजासहित स्वास्थ्य र पोषण कार्यक्रम / आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा**

| | | |
|---|---|---|
| १. | श्री रबिन्द्र कुमार खत्री (वडाध्यक्ष, रौतामाई गाउँपालिका वडा नं ४) | संयोजक |
| २. | श्री राजकुमार कार्की (प्रधानाध्यापक, रसुवा मावि भुट्टार) | सदस्य |
| ३. | श्री झुना रोका (शिक्षा समिति सदस्य, रौतामाई गाउँपालिका) | सदस्य |

**विद्यालय भौतिक पूर्वाधार विकास / विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग**

| | | |
|---|---|---|
| १. | श्री होम बहादुर दाहाल (वडाध्यक्ष तथा सामाजिक विकास समिति संयोजक) | संयोजक |
| २. | श्री रमिला परियार (शिक्षक, जनता माध्यमिक विद्यालय) | सदस्य |
| ३. | श्री गोविन्द कार्की (शिक्षा अधिकृत, रौतामाई गाउँपालिका) | सदस्य |

CS CamScanner

अनुसूची १३

सुझाव सङ्कलन कार्यशालाका सहभागी विवरण

| क्र.स. | नाम, थर | पद | कार्यालय/संस्था |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र कुमार मगर | अध्यक्ष | रौतामाइ गाउँपालिका |
| २ | श्री भुपिन्द्र बहादुर थापा | उपाध्यक्ष | रौतामाइ गाउँपालिका |
| ३ | श्री जनक वस्नेत | प्रमुख प्रशासकीय अधिकृत | रौतामाइ गाउँपालिका |
| ४ | श्री होम बहादुर दाहाल | सामाजिक विकास समिति, संयोजक | रौतामाइ गाउँपालिका, वडा नं २ |
| ५ | श्री रूद्र बहादुर कार्की | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं १ |
| ६ | श्री दिपेन्द्र हमाल | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ३ |
| ७ | श्री रविन्द्र कुमार खत्री | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ४ |
| ८ | श्री पाण्डोव राई | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ५ |
| ९ | श्री पृथ्वी कुमार राई | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ६ |
| १० | श्री मनोज कुमार राना मगर | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ७ |
| ११ | श्री घमान सिंह थापा मगर | वडाध्यक्ष | रौतामाइ गाउँपालिका, वडा नं ८ |
| १२ | श्री ज्ञान कुमारी मगर | कार्यपालिका सदस्य | रौतामाइ गाउँपालिका, वडा नं १ |
